# *मेरो जीवन कथा*

आउनुहोस् हामी हाम्रो शिरहरु प्रार्थनाको केहि पलको निम्ति निहुराऔ।

हाम्रो अनुग्रहि स्वर्गीय पिता, हाम्रो निम्ति सौभाग्यका साथ हामी तपाईको नजिक आउदछौ, हाम्रो परमेश्वर र मुक्तिदाता। यो अद्भूत भजन सुनेर, *महान् इश्वर,* यसले हामीलाई उत्तेजित बनाउछ किनभने हामी जान्दछौ कि तपाई महान् हुनुहुन्छ। र हामी प्रार्थना गर्दछौ कि तपाईको महानता हामीमा नया गरी प्रकट हुनेछ, यस दिउसोको समयमा, जसै हामी बोल्दछौ। र यो मेरो कार्यभारमा परेको छ, धेरै वर्षपछि पहिलो पटक पाएको छु, कि फेरी पनि फर्केर जीवनको भूतकालमा जान कोशिष गर्दैछु, र म प्रार्थना गर्दछु कि तपाईले मलाई बल र मलाई आवश्यकता रहेको कुरा दिनुहुनेछ, प्रभु, यो घडि। र हुन सकोस् कि मेरा जीवनका ती सबै गल्तिहरु केवल अरुको निम्ति चढ्ने सिडी बनेको होस्, त्यसले तिनीहरुलाई तपाईको नजिक ल्याएको होस्। प्रदान गर्नुहोस्, प्रभु। पापीहरुले समयको बालुवामा पदचिन्ह देख्न सकेकोहोस्, र तिनीहरु तपाईमा डोहोर्याईएका होस्। यी कुराहरु हामी प्रभु येशू ख्रीष्टको नाउमा माग्दछौ। आमेन।

तपाईहरु बस्न सक्नुहुन्छ।

2 [भाई ग्लोवरले भन्नुहुन्छ, "के तपाईले शुरू गर्नुभन्दा अगाडि यी रुमालहरुको निम्ति प्रार्थना गर्नसक्नुहुन्छ?"—सम्पा] म खुसी हुनेछु। ["त्यहा *तिनीहरु* र *यिनीहरु* छन् जसको निम्ति प्रार्थना गर्नुपर्नेछ।"] ठिक छ, श्रीमान्, धन्यवाद। जसरी यस सन्त व्यक्तिले, भाई ग्लोवर, जसलाई मैले केहि वर्ष देखि चिनेको छु, गत साँझमा उहासंग केहि समय बिताउन सौभाग्य पाए। र उहाले मलाई भन्नुभएको छ...उहा केहि थोरै समयको लागि आराम गरिरहनुभएको छ, विश्राम गर्दै हुनुहुन्छ। र अब, पचहत्तर वर्षको उमेरमा, फेरी प्रभुको सेवकाईमा फेरी फर्केर आउनुभएको छ। मैले पहिलो त्यो सुन्दा जस्तो थकित थिए त्यतीकै आधि पनि छुइन। मैले सोचेको थिए म थकित छु भनि, तर म—म कि म थकित छु भनि। उहाले केवल मलाई यहाँ केहि रुमालहरु राखिदिनुभएको छ, खामको रूपमा राखिदिनुभएको छ, त्यस्तै गरी राख्नुभएको छ, जुन तिनीहरु भित्रै छन् र राखिएको छन्।

3 अब, तपाईहरु जो कोहि पनि रेडियोमा हुनुहुन्छ, वा यहाँ हुनुहुन्छ, जो यी रुमाल मध्ये एउटाको इच्छा गर्नुहुन्छ, र तपाईले...एन्जेलस टेम्पलले यी लगातार रूपमा पठाईराख्छन्, हरेक समयमा। तपाईले ठिक यहाँ एन्जेलस टेम्पलमा लेख्न सक्नुहुन्छ र तिनीहरुले यसको निम्ति प्रार्थना गरिदिनेछन्, किनभने म तपाईलाई निर्धक्क भन्छु कि यो धर्मशास्त्र अनुसार छ। यो परमेश्वरको प्रतिज्ञा हो।

4 र यदि त्यो हो भने, कि तपाई मध्ये कसैले मैले प्रार्थना गरिदिएको तपाई चाहनुहुन्छ भने, किन, म त्यो गर्नको निम्ति खुसी हुनेछु। तपाईले केवल मलाई हुलाक कार्यलय बक्स ३–२–५, ३२५, जेफरसनविल, अक्षरमा जे–इ–एफ–एफ–इ–आर–एस–ओ–एन–भी–आई, दुइटा एल, इ। जेफरसनविल, इन्डियाना। वा यदि तपाईले हुलाक कार्यलय बक्स सम्झिन सक्नुभएन भने, मात्र "जेफरसनविल" लेख्नुस्। यो सानो एउटा शहर हो, जनसंख्या लगभग पैतिस हजार होला। सबैजनाले मलाई त्यहाँ चिन्नुहुन्छ। र त्यसैले हामीले रुमालको निम्ति प्रार्थना गरेर तपाईमा पठाउन खुसी हुनेछौ।

5 र, अब, हामीले यो गर्दा धेरै सफलता पाएका छौ, किनभने... तपाईलाई केहि एउटा सानो चिठ्ठी त्यहाँ हुनेछ, कि त्यहाँ संसारभरीका सबै मानिसहरुले प्रत्येक बिहान नौ बजे र बाह्र बजे र तिन बजे प्रार्थना गर्नेछन्। र तपाईले कल्पना गर्नसक्नुहुन्छ, संसारको वरिपरी, रातको कुन चाहि समयमा तिनीहरु उठ्नुपर्नेछ यो प्रार्थना गर्नको लागि। त्यसैले यदि यी दसौ हजारौ गुणा हजारौले एउटै समयमा परमेश्वरमा प्रार्थना पठाई रहेका हुन्छन् यो सेवकाईको लागि, तपाईको विमारको लागि, परमेश्वरले केवल त्यसबाट तर्किनुहुन्न। र त्यसैले अब हामी, जसै मैले भनेको छु, हामीसंग कुनै कार्यक्रमहरु छैन, र हामीले एक पैसा पनि चाहेका छैनौ। हामी केवल... यदि हामीले तपाईलाई केहि सहायता गर्न सक्छौ, त्यसैको लागि हामी यहाँ छौ। र हामी...

कसैले अर्को रुमालहरुको थाक ल्याउदै हुनुहुन्छ।

6 अब, यदि तपाईसंग कुनै रुमाल छैन पठाउन इच्छा हुदापनि, त्यसो हो भने तपाईले मात्र लेख्नुहोस्, जसरी नि। यदि तपाईलाई ठिक अहिले आवश्यक छैन भने, त्यसलाई बाईबलको प्रेरितको पुस्तकमा राख्नुहोस्, १९ औ अध्यायमा राख्नुहोस्। र यो एउटा सानो सेतो पट्टीको रुपमा हुनेछ

जुन तपाईलाई पठाईनेछ, र तपाईको पाप कसरी स्वीकार गर्ने निर्देशहरु हुनेछ। र (धन्यवाद) कसरी तपाईको पाप स्विकार्नु पर्छ। परमेश्वरसंग पहिलो त ठिक नभईकन तपाईलाई कहिल्यै परमेश्वरबाट केहि पाउन खोज्नुहुन्न। बुझ्नुभयो? र तब यसमा तपाईले छिमेकीलाई र पाष्टरलाई बोलाउन निर्देश गरिनेछ। यदि तपाईको हृदयभित्र कसैको विरुद्धमा केहि छ भने, जानुहोस् र त्यसलाई पहिले ठिक बनाउनुहोस्, र फर्केर आउनुहोस्। र तब प्रार्थना गर्नुहोस्, तपाईको घरमा प्रार्थनाको सेवा गर्नुहोस्, र यो रुमाललाई तपाईको भित्रि कपडामा राख्नुहोस्, त्यसपछि परमेश्वरमा विश्वास गर्नुहोस्। र त्यो ठिक तिन घण्टामा, प्रत्येक दिन, त्यहाँ संसारभरी मानिसहरु प्रार्थना गरिरहेका हुनेछन्, एउटा जन्जिर हुनेछ संसारभरी।

7 र अब तपाईको, बिल्कुलै मुफतमा, केवल पठाउनुहोस्। र—र, अब, हामी तपाईलाई फर्केर लेख्ने छैनौ तपाईलाई थाहा दिनलाई वा हामीसंग भएका कार्यक्रमको बारेमा तपाईलाई भन्नलाई। हाम्रो कार्यक्रमलाई तपाईले समर्थन गरेको हामी चाहन्छौ, तर तपाईलाई सहायता गर्नलाई हामीसंग चाहि केहि छैन। बुझ्नुभयो? त्यसैले तपाई...यो तपाईको ठेगाना जान्नलाई होइन, यो केवल मात्र निवासको निम्ति र प्रभुको सेवकाईको निम्ति हो, जुन हामीले बोकेर लान कोशीस गरिरहेका छौ।

8 अब हाम्रो शिरहरु निहुराऔ। र यदि तपाई रेडियोमा हुनुहुन्छ भने, तपाईको रुमाल त्यहाँ निर राख्नुहोस्, हामीले प्रार्थना गर्दै गर्दा केवल तपाईको आफ्नै हात त्यहाँ निर राख्नुहोस्।

9 अनुग्रहि प्रभु, हामी तपाईमा यी साना निवेदन ल्याउदछौ, शायद ती मध्ये कति त बच्चाको सानो भोटो जस्तो देखिन्छ, वा—वा केहि सानो भित्रि कपडा जस्तो, वा कुनै सानो बच्चाको कपडा जस्तो, वा केहि, एउटा रुमाल, यो बिरामीहरु र दुखीको मा जानेछ। प्रभु, यो तपाईको वचन अनुरुप हो जुन हामीले गर्दछौ। किनकि हामी पढ्दछौ, प्रेरित को पुस्तकमा, कि तिनीहरुले त्यो तपाईको दासको शरीरबाट लिए, रुमाल र कपडा, किनभने तिनीहरुले विश्वास गरेका थिए कि तपाईको आत्मा त्यस व्यक्तिमा थियो। र अशुद्ध आत्मा ती मानिसहरुबाट निस्केर गए, र दुख र रोगले तिनीहरुलाई छोडे, किनभने तिनीहरुले विश्वास गरेका थिए। र अब हामी जान्दछौ, प्रभु, हामी सन्त पवाल होइनौ, तर हामी जान्दछौ कि तपाई अझै पनि येशू नै हुनुहुन्छ। र तपाईले यी मानिसहरुको विश्वासलाई कदर गर्नुहुन्छ।

10 र एक पटक यसो भनिएको थियो जब इस्राएल, परमेश्वरको आज्ञा पालन गर्न कोशिस गरेको थिए, तिनीहरु समुन्द्रको अगाडि तिनीहरु फसेका थिए, र अर्को पट्टि डाँडाहरु थिए, र फारोका सेनाहरु आउदै थिए। र एउटाले यसो भनेका थिए, “परमेश्वरले माथिबाट आगोको खामोको रुपमा तल हेर्नुभयो, उहाको क्रोधिलो आँखाले, र समुन्द्र डरायो र आफैलाई फाट्न थाल्यो, र इस्राएलको निम्ति बाटो बनाइदियो ताकि तिनीहरुले तरेर प्रतिज्ञाको देशमा जान सक्न।”

11 ओ, प्रभु, फेरी पनि तल हेर्नुहोस्, जब यी निवेदनहरु तपाईको जीवित वचनको किर्तिगान बिमार शरीरहरुमा रहेको छ। र त्यो रोग डराएको होस्, तपाईको पुत्रको रगतद्वारा हेर्नुहोस्, येशू, जो यो प्रायश्चितको निम्ति मर्नुभयो। र शत्रु डराएर हल्लिएको होस्, ताकि यी मानिसहरु प्रतिज्ञाको देशमा पुग्न सकेको होस्, कि “सबैकुराहरु भन्दा माथि,” कि त्यो तपाइको इच्छा, “कि हामी स्वास्थ्यमा उन्नति गर्न सकेका होऔ,” प्रदान गर्नुहोस्, पिता, किनकि हामी हृदयमा यो भाव संग पठाउदछौ। र त्यो नै हाम्रो उदेश्य हो। हामी यो येशू ख्रीष्टको नाउमा पठाउदछौ, आमेन।

तपाईलाई धन्यवाद, भाई ग्लोभर, तपाईलाई धन्यवाद, श्रीमान्।

12 अब, आज रात्रि यस जागृतिको समापनको भाग भएकोले, मलाई थाहा छैन यो प्रसारण गरिन्छ वा गरिदैन, तर म यो भन्न चाहन्छु (यदि होइन भने) रेडियोका श्रोताहरुलाई, यो एउटा अहिले सम्मकै सभाहरु मध्येको राम्रो भएको छ जुन मेरो धेरै धेरै वर्ष पछि भएको छ। र यो एकदम राम्रो, मिठो, र प्रेमिलो भएको छ। एकदमै सहकार्य रूपमा भएको छ जुन धेरै पछिमा मेरो भएको छ।

13 [एउटा भाईले भन्नुहुन्छ, “हामी सवा चार बजेसम्म प्रसारित हुनेछौ, भाई। र तिनीहरुले तपाईलाई सुन्दै छन्, पुरा दक्षिणी क्यालिफोर्निया, बाहिर टापूसम्म, र डुंगामा। हामीले तिनीहरुबाट संदेशहरु पाईरहेका छौ। र त्यसैले तपाईको धेरै श्रोताहरु छन्, हजारौ र दसौ हजारौ।”—सम्पा] तपाईलाई धन्यवाद, श्रीमान्। त्यो एकदम राम्रो हो। त्यो सुन्दा खुसी लाग्यो। तपाईहरु सबैलाई परमेश्वरले आशिष दिउन्।

14 र एन्जेलस टेम्पलको लागि निश्चय नै मेरो हृदयमा सधै न्यानो स्थान रहेको छ, येशू ख्रीष्टको निम्ति पूर्ण सुसमाचारमा उहाहरु खडा रहनुभएको मा। र, अब, यो—यो अब मेरो लागि अझै बढि नीजी भएको जस्तो

देखिन्छ। यस्तो देखिन्छ कि, सबैजनालाई भेटेर र उहाहरुको असल भावनालाई देखेर, यस्तो लाग्छ कि म पहिला जस्तो थिए त्यो भन्दा बढि तपाईहरु जस्तै भएको छु। परमेश्वरले तपाई लाई आशिष दिनुभएको होस्, यहि नै मेरो प्रार्थना छ। र...[र दर्शकले तालि बजाउनुहुन्छ—सम्पा] दया गरी, तपाईलाई धन्यवाद।

15 अब, मलाई तपाईहरुसंग एक प्रकारले केहि समय बोल्नको निम्ति आज दिईएको थियो: *मेरो जीवन कथा।* त्यो एउटा कठिन कार्य हो मेरो निम्ति। यो नै धेरै वर्षमा पहिलो पटक हुनेछ कि मैले यो कोशिस गर्न अगाडि आएको छु। र मसंग समय हुनेछैन विष्तृतमा जानको निम्ति, तर त्यसको केहि भाग हुनेछ। र, यहाँ निर, मैले धेरै गल्तिहरु गरेको छु, धेरै कामहरु गरेको छु जुन गलत थियो। र म इच्छा राख्दछु, कि तपाईहरु जो रेडियोमा हुनुहुन्छ र जो उपस्थित हुनुहुन्छ, तपाईहरुले मेरा गल्तिहरुलाई ठेस खाने ढुंगा हुन दिनुहुनेछैन, तर टेक्ने ढुंगा हुनेछ प्रभु येशूको समिप ल्याउनको निम्ति।

16 तब, आज रात्री, चंगाईको सेवाको निम्ति प्रार्थनाका कार्डहरु बाडिने छ। अब, जब हामीले *चंगाईको सेवा* को बारेमा भन्दछौ, यसको अर्थ यो होइन कि हामी कसैलाई चंगाई गर्छौं, हामी "कसैको निम्ति प्रार्थना गर्न जानेछौ"। परमेश्वरले चंगाई गर्नुहुनेछ। उहा केवल मेरो प्रार्थनाको उत्तर दिनको निम्ति अत्यन्त अनुग्रहि हुनुभएको छ।

17 र म एउटा प्रख्यात प्रचारकको प्रवन्धकसंग बोल्दै थिए, यहाँ कुनै समय अगाडि. र—र यो सोधिएको थियो कि यस प्रचारकले किन बिरामीहरुको निम्ति प्रार्थना गरेनन्। र सभाको प्रवन्धकलाई प्रचारकले भने, "यदि..." यो प्रचारकले दिव्य चंगाईलाई विश्वास गर्छन् कि भनेर। तर यदि उसले बिरामीहरुको निम्ति प्रार्थना गर्न शुरू गरे भने, यसले उहाको सेवालाई बाधा पुर्याउछ किनभने उनलाई मण्डलीहरुले प्रायोजन गरेका थिए। धेरै मण्डलीहरुले, र धेरै मध्येले. दिव्य चंगाईमा विश्वास गर्दैन थिए।

18 त्यसैले प्रचारकको निम्ति कदर र सम्मान छ किनभने उसले आफ्नो स्थानलाई राखेको छ, उनको कर्तव्य पद राखेको छ। उनले शायद...मैले उनको स्थान कहिल्यै लिन सक्दिन, र संका गर्छु कि उसले मेरो स्थान पनि लिन सक्दैन। हामी सबैको एउटा स्थान छ परमेश्वरको राज्यमा। हामी

सबैजना संगै जोडिएका छौ। भिन्न वरदानहरु, तर एउटै आत्मा। भिन्न रूपमा प्रकटीकारण, मैले भन्न खोजेको, तर एउटै आत्मा।

19 र, अब, आज रात्रिमा सेवाहरु शुरू हुनेछ...मलाई लाग्छ तिनीहरुले भनेका छन् कि कन्सर्ट साढे छ मा शुरू हुनेछ। र अब, तपाईहरु जो रेडियोमा हुनुहुन्छ, आउनुहोस् र यसलाई सुन्नुहोस्। यो...यो सुन्दर हुनेछ, यो सधै छ।

20 र त्यसपछि म भन्न चाहन्छु कि प्रार्थनाका कार्डहरु सेवा सक्केको तुरुन्तै बाडिनेछ, ठिक सेवा सिद्धिने बित्तिकै, यदि तपाई यहाँ हुनुहुन्छ र प्रार्थनाको कार्ड चाहनुहुन्छ भने। मलाई केहि मिनेट अगाडि निर्देशित गरिएको थियो कि, मेरो छोरा वा श्रीमान् मर्सियर वा श्रीमान् गोआड, तिनीहरुले प्रार्थनाको कार्डहरु दिनेछन्। मात्र तपाईकै आफ्नै ठाउमा रहनुहोला। जसै सेवा खत्तम हुन्छ, केवल आफ्नै कुर्सीमा बसिरनुहोस् ताकि केटाहरु तल बाट आएर लाईनमा भएर र सम्भव भएसम्मको छिट्टो भन्दा छिट्टो प्रार्थनाको कार्डहरु दिनसकेको होस्। त्यो बालकोनीमा वा भुइँमा, जहाँकहिँ पनि, कुनाको भुइमा वा तपाई जहाँ कहिँ पनि हुनुहुन्छ, केवल तपाईको कुर्सीमै रहनुहोस् र केटाहरुले बुझ्नेछन् कि तपाई यहाँ प्रार्थनको कार्डको निम्ति बस्नुभएको भनि। र आज रात्रि हामी बिरामीहरुको निम्ति प्रार्थना गर्नेछौ। र यदि परमेश्वरले मेरो विचारहरु परिवर्तन गर्नुभएन भने, आज राति म यो विषयमा बोल्न इच्छा गरेको छु, *यदि तपाईले हामीलाई पिता देखाईदिनुभयो भने, यसले हामीलाई सन्तुष्ट पार्नेछ।*

21 अब, म यस दिउसोको समयमा म यो एउटा पाठ्य भागमा पढ्न चाहन्छु, केवल जीवन कथा शूरुवात गर्नको निम्ति, हिब्रूको पुस्तकमा पाएको छु, १३ औ अध्याय, र आउनुहोस् यहि बाट शुरू गरौ...म १२ औ पदमा भन्न चाहन्छु।

> *यसकारण येशूले पनि उहाको आफ्नै रगतद्वारा मानिसहरुलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो।*
>
> *त्यसैले हामी पनि छाउनी बाहिर उहाकहा जाऔ, र उहाले सहनुभएको बेइज्ज़त हामी पनि सहौ।*
>
> *किनकि हाम्रो यहाँ रहिरहने शहर छैन, तर आउने चाहिँ शहरको हामी प्रतिक्षा गर्दछौ।*

22 अब त्यो नै एक प्रकारको पाठ्य भाग हो। किनकि, तपाईले देख्नुहुन्छ, यदि यो जीवन कहानी हो भने, वा कुनै पनि कुरा जुन मानव जातिको संबन्धमा छ, हामी त्यसलाई महिमा दिदैनौ, र विशेषतः एउटा—एउटा व्यक्तिको भूत, यदि त्यो उत्तिकै कालो छ जत्तिको मेरो रहेको छ। तर मैले सोचे, यदि हामीले धर्मशास्त्र पढ्छौ भने, परमेश्वरले धर्मशास्त्रलाई आशिष दिनुहुनेछ। र मेरो विचार चाहि:

> *यहाँ हाम्रो रहिरहने शहर छैन, तर हामी आउन लागेको शहरलाई खोज्दछौं।*

23 अब, म जान्दछु कि तपाईमा लस एन्जेलसको निम्ति स्नेहा छ। र तपाईलाई हुनको निम्ति अधिकार पनि छ। यो एउटा महान्, सुन्दर शहर हो। यसको धुइरो सहित र अरु धेरै, यद्धपि यो एउटा सुन्दर शहर हो, राम्रो हावापानी छ। तर यो शहर रहिरहदैन, यसको अन्त हुनुनै पर्छ।

24 म रोममा उभिएको छु (जहाँ महान् सम्राटहरु) र शहरहरु जुन तिनीहरुले अमर बनाउछु भनि सोचेका थिए, र त्यसको खण्डरहरु समेत बिस फिट खनेर खोज्नुपर्छ।

25 म उभिएको थिए जहाँ फारो तिनीहरुको महान् राज्यहरु थिए, र तपाईले त्यसको तल जमिन खन्नु पर्छ यो पत्ता लगाउनको निम्ति जहाँ फारोले शासन गरेका थिए।

26 हामी सबै जनालाई आफ्नो शहर र ठाउको विषयमा सोच्न मन पर्छ। तर, याद गर्नुहोस्, यो सधै रहन सक्दैन।

27 जब म सानो केटा थिए म चिनारको रूखमा जाने गर्थे। मेरो इलाकामा धेरै बलियो काठहरु हुन्छन्। र त्यसपछि हामीसंग यो चिनारको रूख थियो, चिनीको चिनार, र हामीले त्यसलाई “बलियो चिनार” र “नरम चिनार” भन्ने गर्थ्यौं। यो महान् विशाल रूख, त्यो नै सबैभन्दा सुन्दर बृक्ष थियो। र जब म मैदान क्षेत्रबाट काम गरेर आउथे, परालमा र फसलको काम गरेर आउथे, म त्यो ठुलो रुखनिर जान मन पराउथे र—र त्यसको मुनि बस्थे र—र माथि हेर्थे। र मैले त्यसको महान्, शक्तिशाली हाँगालाई हावामा झुमेको देख्थे, महा ठुलो सुंड। र मैले भने, “तिमीलाई थाहा छ, म विश्वास गर्छु कि यो रूख यहाँ सयौ देखि सयौ वर्षसम्म रहन्छ।” धेरै समय बितेको छैन मैले त्यो पुरानो रूखलाई हेरे, त्यो अहिले चिरा परेको छ।

28 “किनकि यहाँ हाम्रो रहिरहने शहर छैन।” होइन, यस पृथ्वीमा कुनै पनि कुरा जे तपाई हेर्नुहुन्छ त्यो रहिरहदैन। यसको अन्त्य हुनुनै पर्छ। प्रत्येक कुरा जुन मरणशील छ त्यसले अमरणशील लाई दिनुपर्दछ। त्यसैले हामीले जत्ति सुकै राम्रो राजमार्गहरु निर्माण गरे तापनि, हाम्रा आकृतिहरु जत्तिनै राम्रो बनाए तापनि, त्यो सबै जानुनै पर्नेछ, किनकि यहाँ केहि पनि रहिरहन सक्दैन। केवल अदृष्य मात्रै रहन सक्छ।

29 मलाई सम्झना छ त्यो घर जुनमा हामी बस्थ्यौ, त्यो पुरानो काठले बनेको र माटोले लिपेको घर थियो। म...शायद हुनसक्छ धेरैले माटोले लिपेको घर देख्नुभएको छैन होला। तर त्यो सबै माटोले लिपेको थियो, र त्यो ठुलो काठहरु जुन त्यो पुरानो घरमा थियो, मलाई लाग्थ्यो त्यो घर सयौ वर्षसम्म रहिरहन्छ। तर तपाईलाई थाहा छ, आज त्यो घर थियो जहाँ अहिले त्यो गृह परियोजना भएको छ। त्यो कति अलग छ। सबै कुरा परिवर्तन हुँदै छ। तर...

30 र मैले मेरो बुवालाई हेर्ने गर्थे, उहा होचो र, छोटो र मोटो, एकदम बलियो, उहा मैले चिनेको मध्येमा एउटा सानो र अति बलियो व्यक्ति हुनुहुन्थ्यो। मैले श्रीमान् कूट्सलाई भेटेको थिए, एउटा मित्र हो त्यो काठ भित्र काम गर्नुहुन्थ्यो, उहा काठको काम गर्ने हुनुहुन्थ्यो, र लगभग एक वर्ष अगाडि, र श्रीमान् कूट्स मेरो एउटा अत्यन्त असल मित्र हुनुहुन्छ, र फर्स्ट ब्याप्टिष्ट चर्चको एउटा डिकन हुनुहुन्छ, र उहाले भन्नुभएको थियो, “बिल्ली, तिमी पक्कै पनि एउटा बलियो मान्छे हुनुपर्छ।”

र मैले भने, “होइन, म बलियो छुइन, श्रीमान् कूट्स।”

31 उहाले भन्नुभयो, “यदि तिमी आफ्नो बाबाको पट्टि गयौ भने तिमी बलियो हुन्छौ।” भन्नुभयो, “मैले त्यस व्यक्तिलाई देखेको छु, एक सय चालिस पाउण्ड वजन भएको, ठुलो काठहरु एक्लैले गाडिमा हाल्नुहुन्थ्यो, जुन नौ सय पाउण्ड वजनको हुन्थ्यो।” उहाले केवल जान्नुभएको थियो कसरी गर्ने भनि। उहा बलियो हुनुहुन्थ्यो। उहाले धुनलाई एउटा ठाउमा आएर र रातको खानको लागि तयार हुनुभएको देख्थे जब आमाले उहालाई बोलाउनुहुन्थ्यो।

32 र हाम्रो अगाडिको मैदानमा पुरानो स्याउको रुख थियो, र पछाडि पट्टि तिन वा चारओटा सानो रुखहरु थिए। र ठिक बीचको रुखमा त्यहाँ एउटा पुरानो ऐना थियो, जुन फुटेको थियो, ऐना, ठुलो खालको थियो। र

रुखको एउटापट्टि चारैतिर काँटीले ठोकेर टाँगेको थियो, एक प्रकारको जुन तपाईहरु केहि सिकर्मीहरुले सुन्नुहुन्छ त्यसलाई, “कोट ह्यांगर” भनिन्छ। त्यसलाई शिशाको एउटा ठाउमा पकड बनाउनको लागि बंगाएर राखिएको थियो। र त्यहाँ एउटा पुरानो टिनको काएंग्यो थियो। कतिजनाले कहिल्यै पुरानो टिन देख्नुभएको छ...त्यो पुरानो शैलीको टिनकोक काईन्ग्यो? मैले केवल त्यसलाई देखेको छु।

33 र त्यहाँ एउटा सानो हातमुख धुने मेच थियो, मात्र एउटा सानो पाटि जुन तल पट्टि एउटा रुखको विपरितमा सानो बांगीएको खुट्टाको रूपमा थियो। एउटा सानो, पुरानो, आधा सल्फरको पम्प थियो जसबाट हामीले पानी बाहिर तान्ने गर्थ्यौं, र हामीले त्यो पुरानो रुखमा धुने गर्थ्यौं। र आमाले खाद्यान्नको बोरा लिएर तौलियाहरु बनाउने गर्नुहुन्थ्यो। कसैले कहिल्यै खानेकुराको बोराको तौलिया बनाएको देख्नुभएको छ? ठिक छ, म निश्चय भएको छु कि म अहिले घरमै छु। र ती ठुला, पुराना कडा तौलियाहरु! र जब उहाले हामी साना केटाकेटिलाई नुहाईदिनुहुन्थ्यो, उहाले...हरेक पटक जब उहाले त्यस तौलियाले रगट्नु हुन्थ्यो यस्तो लाग्थ्यो कि हाम्रो छाला निकाल्दै हुनुहुन्छ। र म याद गर्छु त्यो पुरानो खानेकुराको बोरा। र उहाले त्यसबाट केहि डोरीहरु निकाल्नुहुन्थ्यो, र सजाउनको लागि त्यसको केहि सानो गुच्छा बनाउनुहुन्थ्यो।

34 भूसको खोलबाट बनेको बिस्तारामा तपाईमध्ये कति जनाले सुत्नुभएको छ? ठिक छ, म भन्नेछु! कतिजनाले जान्नुहुन्छ कि भूसले बनेको सिरानी कस्तो हुन्छ? ठिक छ, भाई ग्लोभर, जब मेरो घरमा भएको म महसूस गर्दैछु, निस्चय नै, परालको छिल्का, धेरै समय बितेको छैन अब मैले यो देखेको थिए। र त्यो...ओ, त्यो—त्यो सुताई राम्रो हुन्थ्यो, ठण्डा निन्द्रा आउथ्यो। र जाडोयामको समयमा तिनीहरुले त्यसमा पंछीको पुरानो प्वाँखले बनेको डसना बिछ्याउथ्यो, तपाईलाई थाहा छ, र हामी त्यसमाथी पल्टीन्थ्यौ र त्यसको माथि क्यानभासको च्यादर हालिन्थ्यो किनकि रातमा बरफ झर्थ्यो र मकानको चिराबाट भित्र हावा आउथ्यो, तपाई जान्नुहुन्छ, पातलो काठको बिग्रिन्थ्यो र बरफ त्यसबाट भएर औउदथ्यो। र, ओ, म त्यसलाई राम्रोसंग सम्झन सक्छु।

35 र बुवाको दार्ही काट्ने वाला एउटा ब्रस थियो। म...अब म भन्छु त्यो कस्तो थियो। त्यो मकैको छिल्काले बनाएको थियो, एउटा दार्ही काट्ने

ब्रस जुन मकैको छिल्काले बनेको थियो। आमाले बनाउनुभएको पुरानो साबुन थियो जुन सब्जीहरुको खार वा जलले बनाउनुभएको हुन्थ्यो, उहाले त्यो मिलाउनुहुन्थ्यो र आफ्नो मुहारमा त्यो मकैको छिल्काको ब्रसले लगाउनुहुन्थ्यो, त्यो ठुलो पुरानो सिधा पत्तिले दार्ही काट्नुहुन्थ्यो। र आईतबार दार्ही बनाउने समयमा उहाले एउटा कागजको टुक्राहरु लिनुहुन्थ्यो, त्यो सेलुलोइड कलर हुन्थ्यो र त्यसलाई कलरमा यसरी राख्नुहुन्थ्यो ताकि सर्टको कलरमा त्यो साबुनकि फिज पर्नबाट रोक्नको निम्ति। तपाईले कहिले त्यसरी गरेको देख्नुभको छ? ओ प्रभु!

36 मलाई सम्झना छ त्यो एउटा पुरानो सानो छहरा त्यहाँ तल, जहाँ हामी गएर पिउने पानी ल्याउने गर्थ्यौं, र लौकिको भाडो बनाई पानि निकाल्ने गर्थ्यौं। कति जनाले कहिल्यै लौकिको पानी निकाल्ने भाडो कुनैपनि तरिकाले देख्नुभएको छ।ठिक छ कतिजना यहाँ केन्टकिबाट हुनुहुन्छ? यहाँ हेर्नुहोस् केन्टकि बासीहरु। ठिक छ, म, म—म ठिक यसमा...मैले सोचेको थिए यहाँ सबै ओकिज र आर्किज हुनुहुन्छ, तर मलाई लाग्छ केन्टकिको चहलपहल भएको छ। ठिक छ, तिनीहरुले केवल केहि महिना अगाडि केन्टकिमा तेलको लागि खनेका थिए, तपाईलाई थाहा छ, त्यसैले हुनसक्छ ती मध्ये केहि यहाँ यस बाटो तिर आउनुभयो जस्तो छ।

37 र त्यसपछि मलाई स्मरण छ कि जब बुवा आउनुहुन्थ्यो र रातको खणानको लागि हात धुनुहुन्थ्यो बाहुला माथि तान्नुहुन्थ्यो, र त्यो सानो कडा हातहरु, र जब उहाले आफ्नो हात धुनको लागि माथि तान्नुहुन्थ्यो, आफ्नो मुहारमा पानी छर्किनुहुन्थ्यो, उहाको सानो हातमा त्यो खादिएको मासु हुन्थ्यो। र मैले भन्नेगर्थे, "तिमीलाई थाहा छ, मेरो बाबा एक सय पचास वर्षसम्म बच्नुहुन्छ।" उहा एकदम बलियो हुनुहुन्थ्यो। तर उहा बाउन्न वर्षमा बित्नुभयो। बुझ्नुभयो? "यहाँ हाम्रो रहिरहने शहर छैन।" त्यो सहि हो। हामी रहिरहन सक्दैनौ।

38 अब, हामी सबै एउटा छोटो यात्रा लिऔ। यहाँ तपाईहरु सबैजना हुनुहुन्छ जो संग एउटा जीवन कहानी छ, जस्तो मेरो छ, र सम्झनाको रेखालाई कैले काहि परिभ्रमण गर्नु राम्रो हो। के तपाईलाई त्यस्तो लाग्दैन? केवल फर्केर जाऔ, र हामीसबै केहि बेरको लागी पुरानो समयमा फर्केर जाऔ, त्यो सानो बाल्यकालको उस्तै अनुभवमा जाऔ।

39 र अब जीवन कहानीको पहिलो भागमा। म केवल सानो छुवाई दिनेछु, किनकि यो पुस्तकमा छ र तपाईहरु धेरैजना संग त्यो पुस्तक छ।

40 म एउटा सानो डाँडाको झुपडिमा जन्मेको थिए, त्यो माथीको केन्टकिको डाँडाहरुमा। त्यहाँ एउटा कोठा थियो जहाँ बस्ने गर्थ्यौं, भुईमा कुनै टाट थिएन, एउटा काठ पनि थिएन भुईमा, त्यो केवल सामान्यरूपमा एउटा सादा भुइँ थियो। र एउटा काठ, काठको माथिल्लो भाग तिनओटा खुट्टामा काटिएको थियो र त्यो नै हाम्रो मेच थियो। र ती सबै साना ब्रन्हामहरु चारैतिर जम्मा हुनेगर्थे, र सानो त्यो पुरानो झुपडिको अगिल्लो तिर बाहिर हुन्थे, धुलोमा, र यस्तो देखिन्थ्यो कि जहाँ ओपोसमको समूह धुलोमा लट्पटिएको छ, तपाईलाई थाहा छ, ती सबै साना भाईहरु थिए। त्यहाँ हामी नौ जना थियौ, र एउटा सानी केटि थिई, र त्यो केटाहरुको समूहको विचमा उसलाई एकदमै गाह्रो समय हुन्थ्यो। हामीले त्यसबेला उसलाई दिएको दुख सम्झिदा आज पनि हाम्रो शिर झुक्छ। उनी हामीसंग कहिँ जान पाउदिन थिईन्, हामीले उसलाई लखाटेर घर फर्काईदिन्थ्यौ, उनी एउटि केटि थिईन्। त्यसले उसले केहि गर्न सक्दिन थिईन्। त्यसैले हामीसंग...र ती सबै...

41 याद गर्नुहोस् त्यसबेला हामीसंग मेचको पछाडि दुइटा कुर्सीहरु थियो, र रुखको छालले बनाएको थियो। अमेरीकामा हुने हिकोरी नामक रुखलाई सानो सानो बनाएर बिछ्याएर त्यसको तल शिरलाई बानेर बस्न मिल्ने गरि यो कुर्सी तयार पारिएको थियो। के कसैले कहिल्यै हिकोरी रुखको कुर्सी देख्नुभएको छ? हो। र म आजपनि आमाको त्यो आवाज सुन्न सक्छु। ओ, पछि जब हामीले अर्को निवास, त्यो ठाउमा जान पायौ जहाँ आमाले त्यो काठको भुइँ पार्नुभयो, ती साना बच्चाहरुलाई उहाको काँखमा कुर्सीमा *यसरी* राख्नुहुन्थ्यो, तब त्यो काठले भुइमा खटर, खटर, खटर आवाज निकाल्थ्यो। र म याद गर्छु ती साना बच्चाहरुलाई ढोकाबाट बाहिर जानबाट रोक्न, जब उहाले भाडा माजिरहेको वा केहि गरेको बेलामा उहाले त्यो एउटा कुर्सी तल राख्नुहुन्थ्यो र त्यसलाई एकप्रकारको ढोकानिर फसाईदिनु हुन्थ्यो। जब उहा छहरामा पानी लिन जानुपर्थ्यो वा अरु काम गर्नुपर्थ्यो ती साना बच्चाहरुलाई बाहिर जानबाट त्यसरी रोक्नुहुन्थ्यो।

42 जब म जन्मेको थिए, मेरी आमा पन्ध्र वर्ष र बाबा अठार वर्षको हुनुहुन्थ्यो। र नौओटा छोराछोरीमा म नै पहिलो छोरा थिए। र तिनीहरुले

मलाई भन्नुभएको थियो, म जन्मेको बिहान...

43 अब, हामी अत्यन्त गरीब थियौ, केवल गरीबहरुको नि गरीब थियौ। र सानो झुपडिमा हाम्रो एउटा झ्यालसम्म पनि थिएन। त्यसमा एउटा काठको सानो ढोका थियो जुन तपाईले खोल्नुहुन्छ। मलाइ संखानै लाग्छ कि कतै तपाईले त्यस्तो केहि कहिल्यै देखेको पो छ या छैन। झ्यालको सट्टामा एउटा सानो त्यो काठको ढोका चाहि खोलिन्थ्यो, तपाईले त्यो दिनको समयमा खोल्नुहुन्थ्यो र रातको समयमा बन्द हुन्थ्यो। ती दिनहरुमा हामीसंग बिजुली वा मट्टीतेल जलाउने समेत थिएन, हामीसंग त्यो थियो जुनलाई तपाईहरुले "ग्रिज ल्याम्प" भन्नुहुन्छ। अब मलाई थाहा छैन कि तपाईलाई थाहा छ वा छैन त्यो "ग्रिज ल्याम्प" भनेको के हो भनि। ठिक के तपाईले...र के तपाईले कहिल्यै त्यो किन्नुभयो...के तपाईले कहिल्यै सल्लाको रुख काठ जलाउनुभएको छ? मात्र एउटा सल्लाको काठ लिनुहोस् र त्यसलाई आगो बाल्नुहोस् र एउटा ढक्कनमा राख्नुहोस्, त्यो जल्न थाल्छ। र त्यो...त्यसमा थोरै धुवा आउथ्यो, तर त्यहाँ हाम्रो त कुनै फर्निचर थिएन आगो जल्नको लागि। त्यसैले त्यो मात्र...त्यसैले त्यो झुपडिमा धुवा आईनै रहन्थ्यो। त्यो छतमा ठिकै धुवा जम्ने गर्थ्यो किनकि त्यो छतमा जमेर जानको लागि धेरै दरार हरु थियो। त्यसैले यो...

44 र म एप्रिल छ, १९०९ मा जन्मेको थिए। त्यसैले, तपाईलाई थाहा छ यसले मलाई केहि पच्चीस वर्षभन्दा बढि बनाएको छ। र त्यसैले, म जन्मेको बिहानीमा, मेरी आमाले भन्नुभयो कि उहाले झ्याल खोल्नुभयो। अब, हामीसंग कुनै चिकित्सक थिएनन्, त्यहाँ प्रसविका (मिडवाईफ) थिए। केवल...त्यो प्रसाविका मेरी हजुरआमा हुनुहुन्थ्यो। र त्यसैले जब म जन्मिए र मेरो पहिलो रुवाइ शुरू भयो, र आमाले आफ्नो बच्चालाई हेर्न चाहिन्। र—र उहा आफै पनि कुनै बच्चा भन्दा फरक थिएन। र जब तिनीहरुले सानो झ्याल खोले, भर्खरै दिनको समयको शुरूवात हुदै थियो, लगभग पाँच बजेको थियो। र...त्यहाँनिर सानो झाडीको अर्को तर्फी एउटा रबिन नामक पन्छि बसीरहेको थियो। र जसरी तपाईहरु सबैले मेरो जीवन कहानीको पुस्तकको तस्बिरमा देख्नुभएको छ। पुरानो रबिन पन्छि बसेर ती सबैको लागि गाउनसक्ने सम्म उसले गाएको थियो।

45 मैले सधै रबिन चरालाई मन पराउछु। अब, तपाई केटाहरु जो त्यो रेडियोमा हुनुहुन्छ, मेरो चरालाई नमार्नुहोला। तपाई बुझ्नुहुन्छ,

तिनीहरु—तिनीहरु—तिनीहरु...तिनीहरु मेरो चराहरु हुन्। के तपाईले रबिनको पौराणिक कथा सुन्नुभएको छ, कसरी उसले आफ्नो रातो छाती पायो? म यहा एकछिन को लागि बन्द गर्छु। कसरी उसले आफ्नो रातो छाती पायो...त्यहाँ राजाहरुका पनि राजा एकदिन क्रूसमा मर्दै हुनुहुन्थ्यो, र उहा कष्ट भोग्दै हुनुहुन्थ्यो र कोहि पनि उहाको सहायतामा आएन। उहालाई मद्धत गर्नलाई कोहि पनि त्यहाँ थिएनन्। र त्यहाँ सानो खैरो चरा थियो जसले त्यो क्रूसको किल्ला निकाल्न चाहदै थियो, र त्यो चरा क्रूसनिर उडेर ती किल्लाहरु निकाल्न खोज्दै थियो। त्यो तान्न सक्नको लागि उ एकदमै सानो थियो, र त्यसबेला उसको सानो छाती सबै रगतले रातो भयो। र त्यसै समय देखि उसको छाती सधै रातो नै रह्यो। उसलाई नमार केटाहरु। उसलाई एक्लै छोडिदेउ।

46 त्यो चरा झ्यालको एकपट्टि बसेको थियो, रबिनले चुहूचुहू गर्दै गित जस्तै गायो। र—र बाबाले झ्याललाई पछाडि धकेलीदिनुभयो। र जब तिनीहरुले त्यो सानो ढोकाको झ्याललाई थोरै धकेल्नुभयो, त्यो ज्योति जुन तपाईले तस्बिरमा देख्नुभएको छ झ्यालमा घुम्दै आयो, मेरी आमाले भन्नुभए अनुसार पलंगको माथि बसिरह्यो। के भन्ने भनेर हजुरआमालाई थाहा नै थिएन।

47 अब हामी...हामी धार्मिक परिवार थिएनौ। मेरा मानिसहरु क्याथोलिक थिए। म दुवैतर्फ बाट आईरिस मूलको हुँ। मेरो बाबा कट्टर आईरिस हुनुहुन्छ, ब्रन्हाम। मेरी आमा हार्भे हुनुहुन्छ; मात्र, उहाको बुवाले एउटा चेरोकि इन्डीयनलाई विवाह गर्नुभयो, त्यसैले त्यसले आईरिसको थोरै रगतको वंशलाई टुक्रायो। र बाबा र आमा गिर्जाघरमा जानुभएन, र तिनीहरुले गिर्जाघरबाट बाहिर विवाह गर्नुभयो र उहाहरुको कुनै धर्म थिएन। र त्यहाँ पछाडि डाँडामा कुनै क्याथोलिक मण्डली पनि थिएन। त्यसैले उहाहरु शूरूवाती निवासीको रूपमा बस्न आउनुभयो, दुइटा ब्रन्हामहरु आए, त्यसबाट ब्रन्हामको पुरै पुस्ता निस्किन्छ; त्यो नै हाम्रो परिवारको वंशावली हो।

48 र त्यसपछि उहाले त्यो खोल्नुभयो...जब उहाहरुले त्यो झ्याल खोल्नुभयो र यो ज्योति त्यहाँ उभियो, उहाहरुलाई थाहा थिएन के गर्ने भनि। आमाले भन्नुभएको त्यसबेला बाबाले आफ्नो लागि नया जोडी लुगा ल्याउनुभएको थियो जुन खास गरी मेरो जन्मदिनको कारणले थियो। उहा

आफ्नो हात पुरानो लुगाको खल्तीमा हालेर उभेर बसिरहनुभएको थियो, जस्तो ती दिनहरुमा ती काठको काम गर्ने र मुडाको काम गर्नेहरुले उभिने गर्थे। र त्यो ज्योतिले उहाहरुको मन मा भय पैदा गरेको थियो।

49 र, जब म शायद दस दिनको भए, वा त्यस्तै केहि, उहाहरुले मलाई सानो एउटा ब्याप्टिष्ट मण्डलीमा सम्म लानुभयो जुनलाई "ओप्पोसम किंगडम" भनिन्थ्यो, ओप्पोसम किंगडम ब्याप्टिष्ट मण्डली भनिन्थ्यो। त्यो एउटा नाउ थियो। त्यहाँ एउटा पुरानो सर्किट प्रचारक थियो, त्यस पुरानो शैलीको ब्याप्टिष्ट प्रचारक त्यहाँबाट दुइ महिनामा लगभग एकपटक आउने गर्थ्यो। त्यहाँ मानिसहरुको एउटा सानो सेवा संगै हुने गर्थ्यो, तिनीहरु जान्थे र केहि गीतहरु गाउथे, तर तिनीहरुको प्रचार उपदेश अक्सर सर्किट प्रचारकबाट सुन्न पाईन्थ्यो। तिनीहरुले हरेक वर्ष एउटा बोरामा फर्सी र त्यस्तै खालका अरु कुराहरु प्रचारकलाई चन्दाको रूपमा दिने गर्थे, मानिसहरुले त्यो दिनको लागि उठाउथे। र त्यो बुढो प्रचारक म सानो केटाको लागि प्रार्थना गर्नलाई आए। त्यो नै गिर्जाघरमा मेरो पहिलो यात्रा थियो।

50 र लगभग त्यो वर्षमा...लगभग दुइ वर्ष या केहि बढि उमेरमा मैले पहिलो दर्शण देखेको थिए।

51 ठिक छ, उहाहरुले ती डाँडाको वरपरका मानिसहरुलाई त्यो ज्योति भित्र आएको थियो भनि भनिदिनुभएको थियो। त्यसैले मानिसहरुले त्यो के हो भनि अनुमान लगाउन थाले। कतिजनाले त्यो घरको ऐनामा सुर्यको प्रकाशको प्रतिविम्ब भएको हुनुपर्छ भन्थे। तर त्यहाँ कुनै ऐना थिएन। र सूर्य पनि उदाएको थिएन, त्यसैले त्यो एकदमै सबेरै थियो, पाँच बजेको समय थियो। र त्यसपछि, ओ, मानिसहरुले यो कुरालाई बिस्तारै बिस्तारै नजरअन्दाज गर्दै गए। र जब म लगभग मानौ तिन वर्ष उमेरको तिर थिए।

52 अब, म इमानदार हुनुपर्छ। त्यहाँ यस्ता कुराहरु छन् जुन म यहाँ भन्न चाहन्न, र यसलाई मैले नजरअन्दाज गरेर यसलाई भन्न नपरे हुन्थ्यो भनि म इच्छा त गर्छु। तर सत्य बोल्नु छ भने, तपाईले सत्य नै बोल्नु पर्छ चाहे त्यो आफ्नो बारेमा होस् या आफ्ना मानिसहरुको बारेमा होस्। यसको बारेमा इमानदार हुनुपर्छ, र सत्य सधै उहि नै रहन्छ।

53 मेरो बाबा धार्मिक व्यक्ति हुनबाट धेरै नै टाढा हुनुहुन्थ्यो। मेरो बाबा पहाडको एउटा नमूना केटा थियो जो सधै लगातार रक्सी पिउनुहुन्थ्यो।

र एकपटक उहा कुनै एउटा झगडाको समस्यामा पर्नुभयो, त्यो एक तरिकाको पहाडमा भएको भोजमा त्यहाँ झगडा हुदा दुइटा वा तिनवटा व्यक्ति झन्डै मरेको थियो, त्यो झगडा, मारपिट, एक अर्कालाई चक्कु हानाहान थियो। र बाबा यो झगडाको नाइके मध्ये एक हुनुहुन्थ्यो, किनभने त्यहाँ उहाको एउटा साथी थियो जो यो लडाईमा घायल भएको थियो, र उसले कसैलाई एउटा कुर्सीले हानेको थियो। र...त्यस व्यक्तिसंग चक्कु थियो र बाबाको साथीलाई भुइमा लडाएर उसको मुटुमै चक्कुले हान्न लागेको थियो र त्यसबेला बाबाले आफ्नो झगडा शूरू गर्नुभयो। र त्यो वास्तवमै भयानक लडाई भएको हुनुपर्छ, किनभने तिनीहरुले, तल बुर्क्सविल सम्म धेरै दूरी टाडासम्म बाबालाई पकड़ीनको लागि घोडामा प्रहरी पिछा गरेका थिए।

54 त्यसैले त्यो व्यक्ति मर्ने अवस्थामा रहेको थियो। हुनसक्छ उसका केहि मानिसहरु सुनिरहेका होलान्। म उहाको नाम भन्न जादैछु, विल यारब्र थियो उहाको नाउ। तिनीहरुले सम्भावतः मलाई लाग्छ ती मध्ये केहि उनका केटाहरु क्यालिफोर्नियामा छन् होला। तर त्यो व्यक्ति झगडालू, महा बलवान् व्यक्ति थियो, उसले आफ्नै केटालाई काठको पर्खालमा दबाएर मारेको थियो। त्यसैले त्यो व्यक्ति अति बलवान र दुष्ट व्यक्ति थियो। त्यसैले त्यहाँ त्यो व्यक्ति र बाबाको बीच भयङ्कर ठुलो चक्कुको लडाई परेको थियो। र मेरो बुवाले त्यस व्यक्तिलाई झन्डै मारेको थियो, त्यसैले उहाले केन्टकिलाई भागेर नदिको पारिपट्टि इन्डियाना आउनु परेको थियो।

55 र उहाको एउटा दाई थियो जो त्यसबेला लुइसविल, केन्टकिमा बस्नुहुन्थ्यो, जो लुइसविल, केन्टकिको वूड मोसाईक स मिलको सहायक निरिक्षक नियुक्त हुनुहुन्थ्यो। त्यसैले बाबाले आफ्नो जेठो दाइलाई खोज्दै त्यहाँ आउनुभयो। बाबा सत्र जना छोराछोरीमा सबैभन्दा कान्छो हुनुहुन्थ्यो। र उहाले आफ्नो जेठो दाईलाई खोज्न आउनुभयो, र जब उहा गएको झन्डै साल जति भएको थियो। उहा फर्केर आउन सक्नुभएन, किनभने कानूनले उहालाई खोजिरहेको थियो। र जब हामीले उहाको बारेमा चिट्ठीबाट सुन्यौ, जुन अर्कै नाउमा पठाएको थियो, तर उहाले आमालाई पहिले नै भन्नुभएको थियो कि उहाले यस प्रकारले आमालाई सूचना पठाउनुहुन्छ भनि।

56 र मलाई याद छ एकदिन त्यो छहरामा जुन हाम्रो घरको ठिक पछाडि थियो। र—र त्यो समयको केहि पछि...त्यहाँ नौ...मेरो र मेरो अर्को भाईको बीचमा त्यहाँ एघार महिनाको फरक छ, र उ त्यो बेलासम्म अझै पनि बामे

सर्दै थियो। र मेरो हातमा एउटा ठुलो ढुंगा थियो, र कत्ति जोरले मैले त्यो ढुंगा टाडा त्यो पुरानो माटोसम्म हान्न सक्छु भनेर देखाउने कोशिष गर्दै थिए, जहाँ त्यो छहरा जमिनबाट आएको थियो र जमिन हिलो खालको माटोमा बनेको थियो। र मैले एउटा चराले, माथि रुखमा गीत गाई रहेको सुने। र मैले त्यो रुखको माथि हेरे र चरा उडेर टाढा गयो, र, जब त्यो उड्यो एउटा आवाज मकहाँ बोल्यो।

57 अब, म जान्दछु कि तपाईले यो सोच्नुहुन्छ कि मैले त्यो बेलाको कुरा सोच्नर याद गर्ननै सक्दिन। तर परमप्रभु परमेश्वर जो न्याय गर्नुहुने हुनुहुन्छ, पृथ्वी र स्वर्ग र ती सबैले जान्दछकि मैले तपाईलाई सत्य भनिरहेको छु।

58 त्यो चरा, जब त्यो उडेर गयो, एउटा आवाज आयो जुन रुखमा त्यो चरा थियो, झारमा बतासले हानेको जस्तो भयो, र त्यसले भन्यो, "तिमी न्यु अल्बानी भन्ने शहरको नजिकै बस्ने छौ।" र म तिन वर्षको उमेर भए देखि आजको समयसम्म म त्यहाँ बसेको छु, न्यु अल्बानी देखि तिन मिल टाढा इन्डियानामा।

59 म घर गए र आमालाई यो बारेमा भनिदिए। उहाले ठान्नुभयो कि मैले सपना देख्दै थिए वा त्यस्तै केहि सोच्नुभयो।

60 पछि हामी इन्डियानामा बसाई सर्यौं र बाबा एउटा धनि मान्छेको मा काम गर्न थाल्नुभयो, श्रीमान् वाथेनको मा। उहा नै वाथेन डिस्टिलेरीजको मालिक हुनुहुन्छ। र उहाले त्यहाँ ठुलो लगानी गर्नुभएको छ; उहा करोडपति हुनुहुन्छ, र लुइसविलको कर्नेल र बेसबलको खेलाडि र आदि इत्यादि हुनुहुन्छ। र त्यसपछि हामी त्यसको नजिक रहन थाल्यौ। र बाबा एउटा गरीब व्यक्ति भएकोले, र उहाले रक्सी नपिई रहन नसक्ने भएको ले त्यसैले उहाले भट्टीमा व्हिस्की बनाउन थाल्नुभयो।

61 र त्यसले गर्दा ममा धेरै कठिनाईहरु आउन थाल्यो किनभने म नै छोराछोरीमा सबैभन्दा जेठो थिए। त्यो व्हिस्की बनाउने काम गर्दै गर्दा त्यो पिंडीलाई चिसो राख्नको लागि म भट्टीमा आउनु पर्थ्यो र पानी जम्मा गर्नुपर्थ्यो। त्यसपछि उहाले त्यसलाई बिक्रि गर्नु हुन्थ्यो, र त्यसपछि उहाको दुइटा वा तिनटा अरु भट्टीहरु थियो। अब, त्यहि नै भाग हो जुन मलाई भन्न मन पर्दैन, तर यो नै सत्य हो।

62 र म स्मरण गर्छु एकदिन, धन्सारबाट, घरमा रुदै आउदै थिए। किनभने त्यो स्थानको पछाडि पट्टि एउटा तलाउ थियो...जहाँ तिनीहरुले बरफलाई

काट्ने गर्थे। तपाईहरु मध्ये धेरैलाई सम्भना छ होला जब तिनीहरुले बरफलाई काट्ने गर्थे र बुरादमा राख्ने गर्थे। त्यहि नै तरिकामा श्रीमान् वाथेनले बरफलाई राख्ने तरिका अपनाएको थियो। र बाबा उहाको एउटा निजि गाडि चालक हुनुहुन्थ्यो। र जब...यो तलाउ माछाले भरिएको हुन्थ्यो र जब तिनीहरु जान्थ्यो र बरफ काट्थ्यो अनि त्यसलाई ल्याएर बुरादमा राख्थे, र जब गर्मीयाममा त्यो बरफ पग्लेर तल जाने गर्थ्यो, म मान्छु कि त्यो एक प्रकारको सफा हुन्थ्यो, बरफ नै जस्तो सफा रहन्थ्यो, यस्तो देखिन्थ्यो कि जस्तो त्यो एउटा बरफको ताल हो, र तिनीहरुले त्यसलाई प्रयोग गर्न सक्थ्यो, पिउनको लागी प्रयोग गर्न होइन, तर पिउने पानीलाई चिसो बनाई राख्न, बाल्टिको चारैतिर राखी र दूध र त्यस्तै सामग्री चिसो राख्न प्रयोग गर्थे।

63 र एकदिन लगभग एक शहर टाढा थियो, मैले एउटा पम्पबाट पानी भरेर आउदै थिए। म चिच्याउने कराउने गरिराको थिए, को चिच्याउदैन होला यस्तोमा, किनभने म विद्यालयबाट फर्कदै थिए र सबै केटाहरु माछा मार्नको लागि तलाउतिर गईसकेका थिए। मलाई माछा मार्न एकदम मन पर्थ्यो। र त्यसैले तिनीहरु सबै माछा मार्नलाई गए तर म, म चाहि भट्टीको लागि पानी भर्नलाई बस्नुपर्यो। अवश्य, त्यो आमा हुनुहुन्थ्यो जसले जानलाई निषेध गर्नुभएको थियो। र म...त्यो एकदम कठिन अवस्था थियो। र म मलाई याद छ त्यहाँ पैतालाको टुप्पो खुट्टाले हिडेर त्यहाँ आए, र मैले एउटा मकैको खोया पैतालाको टुप्पोमा बानेर राखेको थिए ताकि त्यसले मलाई धुलोबाट बचाउथ्यो। के तपाईले कहिल्यै त्यसो गर्नुभएको छ? मात्र एउटा मकैको खोया तपाईको पाउको बुढि औला मुनि *यसरी* राख्नुहोस् र त्यसलाई डोरीले चारै तिर बान्नुहोस्, यसले तपाईको बुढि औलालाई कछुवाको गर्दन जस्तो गरी माथि उठाएर राक्छ, तपाइले बुभ्नुभयो, त्यसलाई माथि अड्काएर राख्छ। मेरो खुट्टाको बुढि औला मुनिको यो मकैको खोयाको कारणले म जहाँ गए पनि तपाईले मलाई पत्ता लगाउन सक्नुहुन्थ्यो, तपाई बुभ्नुहुन्छ म डग्मगाएर हिडेको जस्तो देखिन्थ्यो। म संग लगाउनलाई कुनै पनि जुत्ता थिएन। त्यसैले हामीले कहिल्यै पनि जुत्ता लगाएनौ, कहिले काहि त आधा जाडोयाम बितेर जान्थ्यो, हामीले लगाएको हुदैन थियौ... जुत्ता लगाउने कुरा तब मात्र हुन्थ्यो जब कसैले हामीलाई जुत्ता दिन्थ्यो। र लुगा तब लगाउथ्यौ जब कसैले दान गरेर लुगा दिन्थे।

64 र म त्यो रुखमा गएर रोकिए, र म त्यहाँ बसेर चिच्याईरहेको थिए

(त्यो सेप्टेमबरको महिनामा थियो) किनभने म माछा मार्न चाहन्थे। मलाई त्यो सानो सिरेको बाल्टिले केहि ट्यांकी पानी भर्नुपर्ने थियो, र सिरेको बाल्टि *त्यति* अग्लो थियो कि, त्यसमा केवल आधा ग्यालोन मात्रै पानी आउथ्यो, किनभने त्यसबेला म मात्र एउटा लगभग सात वर्षको बच्चा थिए। र मैले त्यो ठुलो ट्यांकीमा गएर त्यो पानी खन्याउथे र त्यसपछि फेरी गएर अर्को दुइ बाल्टि पानी पम्प गरेर ल्याउथे र फेरी जान्थे र फेरी लिन आउथे। यसै तरिकामा हामीले पानि पाउथ्यौ। र तिनीहरुले त्यो रातमा मकैको व्हिस्कीको रक्सी बनाउन जादै थिए, ती मानिसहरु र बाबा संगै घरमा त्यसो गर्ने वाला थिए।

65 र म चिच्याउदै थिए, र एक्कासी मैले केहिकुराले आवाज बनाईरहेको सुने जुन बतासे भुमरी जस्तो थियो, त्यो आवाज केहि यस्तो प्रकारको (अब, म आशा गर्छु कि यो त्यत्ति ठुलो आवाज छैन) "हुस, हुस," केवल यस्तो खालको आवाज थियो। त्यो समयमा सारा वातावरण शान्त थियो र मैले चारै तिर हेरे। र तपाईलाई थाहा छ के, एउटा सानो बतासे भुमरी, म विश्वास गर्छु तपाईले त्यसलाई एउटा सानो चक्रवात भन्नुहुन्छ? जाडोको वर्षमा यो बतास अक्सर आउछ र मकैको बारीमा पातहरु र झारीहरु र त्यस्तै कुराहरु गोलो गोलो घुमाएर उडाएर ल्याउछ, तपाई जान्नुहुन्छ, शरद ऋतुमा यो पात झर्नेवाला स्थितिमा हुन्छन्। म त्यस समय एउटा ठुलो सेतो चिनारको रुख मुनि थिए, धन्सार र घरको बाटोको विचमा थियो। र मैले त्यो आवाज सुने। र मैले वरपर हेरे, र त्यो ठिक त्यत्तिकै शान्त वातावरण थियो जती अहिले यो कोठा शान्त छ। एउटा पात पनि हल्लिरहेको थिएन, केहि पनि थिएन। र मैले सोचे, "कहाँबाट त्यो आवाज आईरहेको छ?" र म एउटा बच्चा नै थिए त्यसैले मैले सोच्न थाले, "पक्कै यो ठाउभन्दा टाढाबाट यो आवाज आइरहेको छ।" र त्यो आवाज झन् ठुलो भन्दा ठुलो हुदै आयो।

66 मैले मेरो सानो बाल्टि टिपे र केहि एक दुइ बेरसम्म रोए चिच्याए र जहाँ आराम गरिरहेको थिए त्यहाँबाट उठे। र म त्यस ठाउबाट केवल केहि फिट टाढा गए, त्यो ठुलो रुखको हाँगा मुनितिरबाट टाढा गए, र, ओ, त्यसले बतासे भुमरीको ठुलो आवाज निकाल्यो। र त्यो हेर्नलाई म पछाडि फर्किए, र त्यो रुखको आधा बाटो बीचमा अर्को हुरी बतासे भुमरी थियो, त्यो रुखसम्म पुग्यो र त्यसको चारैतिर बतासिदै ती पातहरुलाई हल्लाउन थाल्यो। अनि, मैले किन बतासे भुमरी आयो भनि त्यसको विषयमा कुनै

अनौठो कुरा सोचिन, किनभने त्यो केवल त्यो वर्षको ऋतुमा थियो, शरद ऋतु थियो। सानो...हामीले त्यसलाई "बतासे भुमरी" भन्छौ। र त्यसले—र त्यसले धुलो उडाउछ। तपाईले त्यसलाई मरुभूमीमा त्यसरी देख्नुभएको छ। उहि नै कुरा थियो। त्यो मैले हेरे, तर म त्यहाँबाट छोडेर गईन। धेरै जसो त्यो केहि क्षणको मात्रै चहलपहल हुन्छ, त्यसपछि त्यो जान्छ, तर त्यो दुइ मिनेट वा बढि समय भइसकेको थियो।

67 र म फेरी हिड्न थाले। र मैले त्यसलाई हेर्नलाई फेरी फर्किए। र जब त्यसो गरे, एउटा मानव आवाज आयो, ठिक जस्तो मेरो आवाज सुनिन्छ त्यसरी ध्वनीको रूपमा आवाजले मलाई भन्यो, "तैले कदापि कुनै पनि हालतमा रक्सी, चुरोट पिउने र आफ्नो शरीरलाई दूषित नबना। त ठुलो भएपछि तेरो निम्ति खास कार्य गर्नको निम्ति दिइनेछ" यस आवाज सुनेर मेरो त भयले झन्डै सात्तो गयो! तपाईले कल्पना गर्न सक्नुहुन्छ एउटा सानो बच्चालाई कस्तो महसूस भयो होला। मैले ती बाल्टिहरु झारे, र कराउन सक्ने सम्मको उच्च आवाजले चिच्याउदै म जत्तिसक्दो चाडो घरमा गए।

68 र त्यहाँ प्रान्तमा कपरहेड सर्पहरु छन् जुन अत्यन्त विषालु हुन्छ। र मेरी आमाले सोच्नुभयो कि, त्यहाँ मैदानबाट आउदै गर्दा यसलाई शायद खुट्टामा कपरहेड सर्पले टोक्यो होला र त्यसैले उहा म भएकोनिर दौडेर आउनुभयो। र म उहाको बाहुलीमा उफ्रिए, चिच्याउदै, अंगालो हाल्दै उहालाई चुमे। र उहाले भन्नुभयो, "के भयो, के तिमीलाई सर्पले टोक्यो?" मलाई जताततै हेर्नुभयो।

मैले भने, "होइन, आमा! त्यहाँ एउटा मान्छे छ त्यो रुखको तल।"

69 र उहाले भन्नुभयो, "ओ, बिल्ली, बिल्ली! छोड, यसलाई रहन देउ।" र उहाले भन्नुभयो, "के तिमी यो कुरालाइ बन्द गरेर सुत्न जान्छौ?"

70 मैले भने, "होइन, आमा! त्यहाँ निर रुखमा एउटा मान्छे छ र उसले मलाई रक्सी नखानु, चुरोट नपिउनु भन्यो।"

71 "व्हिस्की र त्यस्ता कुराहरु नखान भनि भनेको छ।" र त्यस समय तिर मैले भट्टीको लागि पानी भर्ने गरिरहेको थिए। र उहाले भन्नुभयो, "तैले कदापि कुनै पनि ढंगले पिउने र आफ्नो शरीरलाई दूषित बनाउने काम नगर्नु।" त्यो अनैतिक हो, तपाईलाई थाहा छ, र मेरो बाल्यकाल...जावान अवस्थामा पनि गलत माहिलाहरुबाट पर राख्नु पर्नेछ। र मैले जानेसम्म भन्न सक्छु कि म ती कुरामध्ये एउटाको पनि कहिल्यै दोषी रहिन। प्रभुले मलाई

ती कुराहरुबाट सहायता गर्नुभयो, र जसै म जादै गर्छु तपाईले पाउनुहुनेछ। त्यसैले त्यसबेला, “रक्सी वा चुरोट पिउने, वा आफ्नो शरीरलाई दूषित गर्ने काम नगर, किनकि त्यहाँ काम दिईनेछ जब त ठुलो हुनेछस्।”

72 ठिक छ, मैले त्यो कुरा आमालाई भने, र—र उहा मात्रै मलाई हेरेर हास्नुभयो। र म केवल उत्तेजित अवस्थामा भए। त्यसैले उहाले चिकित्सकलाई बोलाउनुभयो, र चिकित्सकले भन्नुभयो, “उ केवल आत्तिएको हो, त्यत्ति मात्रै हो।” त्यसैले आमाले मलाई खाटमा राख्नुभयो। र त्यो दिन देखि आजसम्म म फेरी कहिल्यै त्यो रुखको बाटो भएर हिडिन। म तर्सिएको थिए। म बगैचाको अर्को पट्टिबाट गएको छु, किनभने मैले सोचेको थिए कि त्यो रुखमा मान्छे छ र त्यो मान्छे म संग बोलिरहेको थियो, त्यो ठुलो गहिरो आवाज बोल्थ्यो।

73 र त्यसपछि लगभग एक महिना पश्चात, म आफ्नो सानो घरको अगाडिको मैदानमा भाईहरुसंग गुच्चा खेल्दै थिए। र एकैचोटि मेरो मनमा अनौठो भावना ममा आयो। र म खेल्न छोडे र एउटा रुखको एक ठाउमा बसे। र हामी ठिक ओहाईयो नदिको ठिक माथि किनारमा थियौ। र मैले तल जेफेरसनविल तिर तल हेरे, र मैले एउटा पुल माथि उठेर पारीपट्टि गईरहेको देखे, त्यो नदि, त्यो नदिको भागमा। र मैले सोह्रजना पुरुषहरु देखे (मैले तिनीहरुलाई गनेको थिए) तिनीहरु माथिबाट खसे र तिनीहरुले त्यस पुलमा आफ्नो ज्यान गुमाए। म एकदमै छिट्टो कुदे र मेरी आमालाई यो भने, र उहाले सोच्नुभयो कि म सुत्न गएको थिए। तर मेरो आमा बाबाले त्यो कुरा मनमै राखे, र त्यो समय देखि बाईस वर्ष पछि मुनिसीपल ब्रिज (पुल) अहिले त्यहाँ बनेको छ (जसबाट भएर तपाईहरु धेरै त्यो पार गर्नुभएको छ) र यो मैले देखेकै स्थानमा बनाएको छ र यो नदि पारी पुल बनाउने क्रममा सोह्रजना मानिसहरुले आफ्नो ज्यान गुमाएका थिए।

74 यो सिद्धरुपमा साँचो हुनबाट कहिल्यै असफल भएको छैन। जसरी तपाईले यहाँ मंचमा देख्न सक्नुहुन्छ, यो सधै यहि प्रकारले भएको छ।

75 अब, तिनीहरुले म मात्रै आत्तिएको थिए भनि सोचेका थिए। जुन, म एक आत्तिनेखालको व्यक्ति हुँ, त्यो साँचो हो। र, यदि तपाईले कहिल्यै ध्यान दिनुभएको छ भने, त्यो मानिस जो आत्मिकी कुरामा झुकाव हुन्छ तिनीहरु सधै अत्तालिने खालका हुन्छन्।

76 कवि र अगमवक्ताहरुलाई हेर्नुहोस्। र विलियम कोपर हेर्नुहोस् जसले त्यो प्रख्यात गीत लेखेका थिए, “त्यहाँ रगतले भरिएको झरना छ, इम्मानुएलको नशाबाट झरेको छ।” के तपाइले कहिल्यै...तपाईलाई थाहा छ यो गीत। म उहाको चिहानमा उभेको थिए धेरै समय बितेको छैन। भाई जुलीयस, म विश्वास गर्छु कि मलाई थाहा छैन...हो, त्यो सहि हो, भाई हामीसंग चिहानमा संगै हुनुहुन्थ्यो। र—र त्यहाँ, उहाले त्यो गीत लेखिसक्नुभए पछि, प्रेरणाले उहालाई छोड्यो, उहाले आत्माहत्या गर्नको लागि नदि खोज्ने प्रयास गर्नुभयो। बुझ्नुभयो, आत्माले उहालाई छोडेर जानुभयो। र कवि र रचनाकार जस्तो व्यक्ति...होइन मेरो मतलब अगमवक्ताहरु।

77 एलियालाई हेर्नुहोस्, अब उनले डाँडामा खडा भए र स्वर्गबाट आगो झारे र स्वर्गबाट झरी ल्याए। त्यसपछि जब आत्माले उनलाई छोडे, उनी एउटा स्त्रीको धम्किको डरमा भागे। र परमेश्वरले उनलाई एउटा गुफामा चालिस दिन पछि भेट्नुभयो र निकालेर ल्याउनुभयो।

78 योनालाई हेर्नुहोस्, पर्याप्त प्रेरणाका साथ जब प्रभुले उसलाई त्यहाँ निनभ्भेमा प्रचार गर्नको निम्ति अभिषेक गर्नुभयो, त्यो एउटा शहर सन्त लुइसको जत्रो आकार हुन्जेलसम्म खरानी धसी बोरामा पश्चाताप गरे। र त्यसपछि जब आत्माले उनलाई छोडिदियो, उसलाई के भयो? हामीले उसलाई डाँडामा भेट्छौ आत्माले छोडिसके पछि, परमेश्वरलाई उसको जीवन लिईदिन प्रार्थना गरिरहेको भेट्छौ। र, तपाईले देख्नुहुन्छ, त्यो प्रेरणा हो। र जब यी कुराहरु हुन्छ यसले—यसले तपाईमा केहि गर्छ।

79 त्यसपछि म याद गर्छु कि म हुर्किदै गए, म जवान केटा हुदै गए (म छिट्टो छिटो गर्नेछु ताकि म थोरै समय अरु कुरा गर्न भ्याउने छु)। जब म जवान हुदै गए मसंग जवान पुरुषहरुको जस्तै सोचविचार हुदै गयो। म...विद्यालय जादैगर्दा, मैले ती साना केटिहरु भेटे। तपाईलाई थाहा छ, म वास्तवमै लजालु थिए, तपाई जान्नुहुन्छ। र अन्ततः मैले—मैले मेरो लागि सानो एउटा केटि मित्र पाए। र सबै साना केटाहरु जस्तै, मलाई लाग्छ लगभग पन्ध्र वर्षको उमेरमा थियो। र त्यसैले, ओ, उ राम्री थिईन्। उनको आँखा ढुकुरको जस्तै थियो र उसको दाँत मोती जस्तै थियो र हासको जस्तै घाँटि थियो, र उनी वास्तवमै राम्री थिईन्।

80 र अर्को सानो केटा थियो, उ...हामी मिल्ने साथीहरु थियौ, र उसंग उसको बाबाको पुरानो नमूनाको टि–फोर्ड गाडि थियो, र हामीले हाम्रो केटि साथीसंग भेट गर्न गयौ। र हामीले तिनीहरुलाई टाढा गाडिमा घुमाउन लादै थियौ। र हामीलाई दुइ ग्यालिन तेल किन्नलाई पर्याप्त पैसा थियो। त्यो गाडिलाई चलाउनको लागि हामीले पछाडिको पांग्राको माथि धुरीलाई मोड्न ज्याक हाल्न पर्थ्यो। मलाई थाहा छैन कतै तपाईले त्यो याद गर्न सक्नुहुन्छ कि नाई, तपाई जान्नुहुन्छ धुरीलाई मोड्न। तर हामी राम्रै गरी त्यो गर्दै थियौ।

81 र मेरो खल्तीमा एउटा केहि निकेलको सिक्का थियो, र हामी एउटा सानो ठाउमा रोकियौ र...एउटा निकेलको सिक्कामा तपाईले सानो बंगुरको स्याण्डविच किन्न सक्नुहुन्थ्यो। र त्यसैले, ओ, म धनि थिए त्यो बेलाको लागि, मैले तिनीहरुको लागि चारओटा जस्तो किन्नसक्थे! बुझ्नुभयो? र हामीले स्याण्डविच र कोक खाईसके पछि, मैले ती बोत्तलहरु फर्काएर लान शुरु गरे। र मलाई चकित पार्न जब म बाहिर आए, (स्त्रीहरु ठिक त्यो समय अनुग्रहबाट गिर्न शुरु गरेका थिए, वा स्त्रीको लाजबाट गिर्न शुरु गरेका थिए) मेरी सानी ढुकुरले एउटा चुरोट पिउदै थिईन्।

82 र, चुरोट पिउने स्त्रीको बारेमा मैले सधै यो सोचेको छु र मैले त्यो समय देखि एउटा सानो कुरा पनि परिवर्तन गरेको छुइन। त्यो सहि हो। यो सबैभन्दा तुच्छ कुरा हो जो स्त्रीले गर्न सक्छ। र त्यो एकदम सहि हो। र मैले—मैले सोचे म...अब, चुरोट उद्ध्योग यस विषयमा मेरो पछि लाग्न सक्छ, तर, म तपाईलाई भन्दै छु, त्यो केवल दुष्टको एउटा छाल मात्र हो, यो नै सबैभन्दा ठुलो हत्यारा र विनासकारक चिज हो जुन यो देशले पाएको छ। म मेरो केटा चुरोटे भएको भन्दा जडिया भएकोमा सहन गर्नसक्छु। त्यो साँचो हो। त्यो सहि हो। म मेरी श्रीमतीले चुरोट पिएको भन्दा रक्सीले भुइमा लडिरहेको हेर्न सक्छु। त्यहि नै हो।

83 अब, यो परमेश्वरको आत्मा जुन मसंग छ, यदि त्यो परमेश्वरको आत्मा (जसरी तपाईले यो प्रश्न गर्नसक्नुहुन्छ), तपाईहरु जो धुम्रपान गर्नुहुन्छ तपाई जब माथि जानुहुन्छ तपाई बाच्नको लागि मौका एकदमै कम हुन्छ। र तपाईले हरेकपटक सभाहरुमा देख्नुभएको छ कि कुन प्रकारले धुम्रपान गर्ने व्यक्तिलाई पवित्र आत्माले अपराधी ठहराईरहेको छ। यो अत्तिनै डरलाग्दो कुरा हो। यसको लतबाट आफुलाई टाढा राख्नुहोस्। महिलाहरु यदि तपाई

यो गरेको मा दोषी हुनुहुन्छ भने, कृपया येशूको नाउमा छोडिदिनुहोस्। त्यसबाट आफैलाई टाढा राख्नुहोस्! यसले तपाईलाई टुटाउछ, यसले तपाईलाई मार्छ। यसले...धुम्रपान गर्नु आफु भित्र धेरै क्यान्सर भर्नु सरह हो।

84 चिकित्सकहरुले चेतावनी दिन प्रयास गर्छन्। तरै पनि तिनीहरुले तपाईलाई यी सामग्रीहरु विक्री गर्न सक्छन् र! यदि तपाई त्यो औषधी पसलमा जानुभयो र भन्नुभयो, “मलाइ पचास सेन्टको क्यान्सर किन्नु छ।” यदि पसलेले त्यो दिए भने प्रहरी आएर त्यसलाई झ्यालखानामा कैदमा राखिदिन्छन्। तर जब तपाईले पचास सेन्टको चुरोट किन्नुहुन्छ भने तपाईले उहि कुरा, क्यान्सरनै किन्दै हुनुहुन्छ। चिकित्सकहरुले त्यसो भन्दछन्। ओ यो पैसाले बनेको देश। यो एकदम खराब हो। यो एउटा हत्यारा हो। यो प्रमाणित भईसकेको छ।

85 र, जब मैले त्यस सुन्दरी सानी केटिलाई होसियार रूपमा व्यवहार गरेको देखे, उसको हातमा चुरोट देखे, त्यसले मलाई मारेको जस्तै बनायो, किनकि मैले वास्तवमै सोचेको थिए कि मैले उसलाई प्रेम गर्थे भनि। “ठिक छ...र मैले सोचे”

86 अब, मलाई एउटा “महिलालाई घृणा गर्ने व्यक्ति” भनि बोलाउन थाले, तपाई त्यो जान्नुहुन्छ, किनभने म सधै जसो एक किसीमले स्त्रीको विरुद्धमा भएको जस्तो देखिन्छ, तर तपाई दिदिबहिनीहरुको विरूद्धमा म छुइन। म त केवल अहिलेका आधुनिक स्त्रीहरुको चालचलनको विरूद्धमा छु। त्यो सहि हो। असल स्त्रीहरु जस्तै हुनुपर्छ।

87 तर म स्मरण गर्न सक्छु कि जब मेरो बाबाको भट्टि त्यहाँ चलिरहदा, म त्यहाँ पानि र त्यस्तै कुराहरुको लागि त्यहाँ हुनुपर्थ्यो। मैले देख्थे कि जवान युवतीहरु जो सत्र अठार वर्षको उमेरभन्दा बढि थिएन, तिनीहरु अहिलेको मेरो उमेरका पुरुषहरु रक्सी पिएर मातेर बसेका हुन्थे। र तिनीहरुलाई त्यसबेला होसमा ल्याउनको लागि कालो कफि बनाईदिने गर्थे, ताकि तिनीहरु त्यहाँ घरमा गएर तिनीहरुका श्रीमान् लाई फेरी खाना पकाएर खुवाउन सक्नको निम्ति। ओ, केहि त्यस्तै खालको, मैले भने, “म...” त्यसपछि मेरो टिप्पणी यो थियो, “तिनीहरु एउटा राम्रो सफा गोलिले मारिनु योग्यका छैनन्।” त्यो सहि हो। र मैले स्त्रीहरुलाई घृणा गर्थे। त्यो सहि हो।

र त्यसैले मैले हरेक चाललाई अहिले ध्यान दिनुपर्छ, त्यहि नै सोच अझै सोच्नबाट टाढा राख्न।

88 त्यसैले, तर अब, एउटा असल स्त्री पुरुषको शिरताजको गहना हो। उनीलाई सम्मान गरिनुपर्छ। उनी...मेरी आमा एक स्त्री हुनुहुन्छ, मेरी श्रीमती एक स्त्री हुन्, र उनीहरु प्यारा छन्। र मसंग त्यहाँ धेरै हजारौ इसाई दिदिबहिनीहरु हुनुहुन्छ जसलाई मैले उच्च सम्मान गर्छु। तर यदि—यदि तिनीहरुले परमेश्वरले उनीहरुलाई जस्तो बनाउनुभयो त्यसलाई सम्मान गर्छन् भने, एउटा आमा, एउटा वास्तविक रानी, त्यो सबै राम्रो हो। उनी नै उत्तम कुरा जुन परमेश्वर एउटा पुरुषलाई दिन सक्नुहुन्छ, त्यो एउटा श्रीमती हो। मुक्तिभन्दा बाहिर, एउटा श्रीमतीनै उत्तम कुरा हो यदि उनी एउटा असल श्रीमती छिन् भने। तर यदि उनी असल छैनन् भने, सोलोमनले भनेका छन्, "चरित्रवान् पत्नी आफ्ना पतिको मुकुट हो, तर अपमान ल्याउने पत्नी चाहि तिनका हड्डी सडेको जस्तै हो।" र त्यो सहि हो। त्यो नै खत्तम कुरा हुनसक्छ। त्यसैले एउटा चरित्रवान् स्त्री...यदि तपाईले एउटा असल स्त्री पाउनु भएको छ भने, तपाईले उसलाई उच्च सम्मान दिनुपर्छ। त्यो ठिक हो, तपाईलले सम्मान गर्नुपर्छ। एउटा सच्चा स्त्री, र छोराछोरी हो, यदि तपाईले सच्चा आमा पाउनुभएको छ जो घरमा बस्छ र तपाईको ख्याल राख्ने कोशिस गर्नुहुन्छ, तपाईको लुगा सफा राख्नुहुन्छ, तपाईलाई विद्यालय पठाउनुहुन्छ, तपाईलाई येशूको बारेमा शिक्षा दिनुहुन्छ, तपाईले त्यस प्रेमिलो आमालाई तपाई भित्र भएसम्मको सबै आदर उहालाई गर्नुपर्छ। तपाईले त्यस स्त्रीलाई आदर गर्नुपर्छ, हो, श्रीमान्, किनभने उहा एक सच्चा आमा हुनुहुन्छ।

89 तिनीहरुले केन्टकि डाँडाको अशिक्षित अवस्थाको विषयमा बोल्ने गर्छन्। तपाईले यसलाई यहाँ हेर्नुहोस् मानिसहरु कति अनपढ जस्तो छन्। त्यहाँ मध्येका केहि आमाहरु यहाँ हलिवूडमा आएर तपाई आधुनिक आमाहरुलाई तपाईका बच्चाहरुलाई कसरी हुर्काउने भनि सिकाउन सक्छन्। तपाईले ती आमाको बच्चालाई एक रात आफ्नो सबै कपाल बिग्रेको र रंगे ओठ...त्यसलाई के भन्ने गर्नुहुन्छ? र आफ्नो मुखलाई रंग्याउने, र जसको कपडा पुरै एकतर्फी तन्किएको छ, र पुरै रात रक्सी पिएर मातेको अवस्थामा घरबाट बाहिर रहेको छ, उसको आमाले एउटा हिकोरी रुख टुप्पोको काठ भाच्छ र त्यसपछि जुन पिटाई हुन्छ त्यस पश्चात उनी कहिल्यै बाहिर जादैन। म तपाईलाई भन्छु, उनी...र यदि तपाईले पनि त्यस्तै केहि यहाँ गर्नुभयो

भने, तपाईको यहाँ अभै राम्रो हलिवूड हुनेछ, र एउटा उत्तम देश हुनेछ। त्यो सहि हो। यो साचो हो। "केवल आधुनिक बन्ने कोशिष गर्छन्" त्यो दुष्टको एउटा चाल हो।

90 अब, यो सानी केटि, जब मैले उसलाई हेरे, मेरो हृदय केवल छिया छिया भयो। र मैले सोचे, "बिचरा केटि"

र उसले भनिन्, "ओ, तिमीलाई चाहिन्छ, बिल्ली?"

मैले भने, "होइन, म्याम।" मैले भने, "म चुरोट पिउने गर्दिन।"

91 उनले भनिन्, "अब, तिमीले भनेको थियौ, तिमीले कहिल्यै नाचेको थिएनौ।" तिनीहरु नाचघरमा जान चाहेका थिए र मैले त्यसो गर्न चाहिन। त्यसैले तिनीहरुले भने कि त्यहाँ तल एउटा नाच गर्ने ठाउ छ, जसलाई तिनीहरुले सिकामोर गार्डेन भन्थे।

र मैले भने, "म नाच्ने गर्दिन।"

92 उसले भनिन्, "अब, तिमीले नाच्ने गर्दैनौ, धुम्रपान गर्दैनौ, र रक्सी पिउदैनौ। तिमीले कसरी रमाइलो गर्छौ त?"

93 मैले भने, "अँ, मलाई त माछा मार्न मन लाग्छ र सिकार गर्न मन पर्छ।" त्यसले उसलाई इच्छुक बनाएन।

त्यसैले उसले भनिन्, "यो चुरोट लिउ।"

र मैले भने, "होइन म्याम, धन्यवाद तर म धुम्रपान गर्दिन।"

94 र त्यसबेला म कारको पछाडि पट्टि उभिएको थिए। पुरानो फोर्ड कारको मोडेलमा यस्तो हुने गर्थ्यो, तपाईलाई याद होला, र म कारको पछाडि उभिएको थिए, पछाडिको सिटमा बसिरहेको थिए, उनी र म पछाडि थियौ। र उनले भनिन्, "तिम्रो मतलव तिमी एउटा चुरोट पनि पिउदैनौ भनेको हो?" भनिन्, "यसको मतलव हामी केटिहरुको हिम्मत तिमी केटाहरुको भन्दा ज्यादा छ।"

मैले भने, "होइन, म्याम, मलाई त्यस्तो लाग्दैन, मैले गर्न सक्छु।"

95 उनले भनिन्, "तिमीले के पिउछौ, तिमी त कायर छौ" ओ, हो, म आफैलाई होसियार र निडर भन्न चाहन्थे। म त लडेर विजय उपहार पाउन चाहन्थे, त्यहि जीवन प्रतिको मेरो सोच थियो। त्यसैले मैले भने... "कायर, कायर।"

96 मैले त्यो सहन सकिन, त्यसैले मैले भने, "त्यो मलाई देऊ!" चुरोट लिनलाई मेरो हात मैले लागे, मैले भने, "म उसलाई देखाउछु कि म कायर हो कि होइन भनेर।" मैले चुरोट लिए र सलाईको काटि बाल्न लागे। अब म जान्दछु कि तपाई...अब, तपाईले के सोच्दै हुनुहुन्छ त्यसको जिम्मेवार म छुइन, म त केवल सत्य बताएको जिम्मेवार छु। जब मैले त्यो चुरोट सल्काउन शुरू गरे, र धुम्रपान गर्ने पक्का दृढताको साथ चुरोट त्यस प्रकारले समाएको थिए, जुन दृढताको साथ आज मैले यो बाईबल पक्डेको छु, बुझ्नुभयो, र मैले केहि जादै गरेको आवाज सुने, "हुस्!" मैले फेरी चुरोट पिउने कोशिष गरे, तर मैले त्यो मेरो मुखमा लानै सकिन। र म रुन कराउन थाले, मैले त्यसलाई भुइमा फालिदिए। र तिनीहरु म प्रति हाँसीरहे। र म घरतिर हिडे, माथीको क्षेत्रबाट भएर गए, र त्यहाँ निर रोएर बसिरहे। र त्यो एकदम दुखदाई जीवन थियो।

97 मलाई सम्झना छ एक दिन बाबा केटाहरुसंग तल नदितिर जादै हुनुहुन्थ्यो। मेरो भाई र म, हामीले डुंगा लिएर नदिको माथी र तल गर्नु पर्ने भएको थियो, नदिमा खालि बोतल खोज्न गएका थियौ ताकी त्यसमा व्हिस्की भर्न सकोस्, र हामीले तिनीहरुको निम्ति नदिबाट एक दर्जन बोतल खोजेर ल्याउदा हामीले एक निकेल पाउथ्यौ। र बाबा म संग हुनुहुन्थ्यो र उहासंग ती साना चेप्टो...मलाई लाग्छ त्यो लगभग एउटा आधा बोतल थियो। र त्यहाँ एउटा रुख थियो जुन ढलेको थियो र बाबा...र बाबासंग त्यो व्यक्ति थियो जो श्रीमान् डर्नबुस थियो। मसंग उहाको...उहासंग एउटा राम्रो डुंगा थियो र मलाई उहाको एउटा सहायता चाहिएको थियो किनकि म त्यो डुंगा प्रयोग गर्न चाहन्थे। उहाको डुंगामा एकदम राम्रो पतवार थियो र मेरोमा चाहि पतवार नै थिएन। हाम्रो डुंगामा चाल्नको लागि पुरानो पत्ता थियो। र त्यसैले मैले चाहन्थे कि त्यो डुंगा चलाउनलाई मैले पाए हुन्थ्यो भनि...त्यस व्यक्तिले वेल्डिंगको काम गर्थ्यो र बाबाको लागि भट्टि तयार गर्नेगर्थ्यो। त्यसैले उहाले...उहा दुवैजना त्यहाँ रुखमा आफ्नो खुट्टा पसारेर बस्नुभयो र त्यो सानो चेप्टो बोतलको व्हिस्की उहालाई दिनुभयो र उहाले पिउनुभयो, बाबालाई फेरी त्यो दिनुभयो र उहाले पनि पिउनुभयो, र उहाले त्यस बोतललाई रुखमा निस्केको एउटा ठुट्टामा अड्काएर राख्नुभयो। र श्रीमान् डोर्नबुसले त्यसलाई उठाउनुभयो, र भन्यो, "लाउ बिल्ली खाउ।"

मैले भने, "धन्यवाद, मैले पिउने गर्दिन।"

98 उहाले भन्नुभयो, “एउटा ब्रन्हाम भएर, रक्सी पिउदैनौ?” सबै जना हाम्रा परिवारमा हिड्दै डुल्दै नै मरे। र उहाले भन्नुभयो, “एउटा ब्रन्हाम भएर रक्सी पिउदैनौ?”

मैले भने, “होइन, श्रीमान्।”

“होइन,” बाबाले भन्नुभयो, “मैले एउटा कायरलाई पालिराको छु।”

99 मेरो बाबाले मलाई एउटा कायर भन्दै हुनुहुन्थ्यो! मैले भने, “त्यो बोतल मलाई दिनुस्!” र मैले त्यो विर्कोलाई त्यसको टुप्पोबाट रक्सी पिउछु नै भनेर खोले र जब मैले त्यसलाई खोले, “हूस्!” मैले त्यो बोतल त्यहाँ दिए अनि त्यहाबाट जत्ति सक्दो रुदै आए, केहि कुराले मलाई त्यस्तो गर्न नै दिदैनथियो। बुझ्नुभयो? मैले भन्न सक्दिन कि कुनै तरिकाले म राम्रो थिए (म त्यो गर्छु भनेर पक्का सोचेको नै थिए), तर त्यो परमेश्वरको अनुग्रह थियो, अद्भूत अनुग्रह जसले मलाई ती कुराहरु गर्नबाट टाढा राखिरह्यो। म आफै त ती कुराहरु गर्न चाहन्थे तर उहाले मलाई ती कुराहरु गर्न दिनुहुदैन थियो।

100 केहि पछि मैले एउटा केटि पाए जब म बाईस वर्षको थिए उनी अति प्रिय थिईन्। उनी एउटा केटि थिईन् जो मण्डलीमा जान्थिन्, जर्मन लुथरन मण्डलीमा। हउनको नाउ ब्रमवाक थियो, बि–आर–यु–एम–बि–ए–सी–एच, जुन ब्रमबग भन्ने नाउबाट आएको थियो। र उनी असल केटि थिईन्। उनले धुम्रपान वा रक्सी पिउने गर्दैन थिईन्, वा उनी नाच्नलाई जाने केहि गर्दिन थिएन्, एउटा असल केटि थिईन्। म उनीसंग केहि छोटो समयसम्म गए, र मैले...त्यसपछि, लगभग बाईस वर्षको उमेर सम्म मैले पर्याप्त पैसा कमाए र मैले मेरो लागि एउटा पुरानो फोर्ड गाडि किने र मैले...र हामी दुवैजना घुम्नलाई संगै जाने गर्थ्यौ। र त्यसैले त्यो समयमा, त्यहाँ नजिकमा कुनै लुथरन चर्च थिएन, तिनीहरु हवार्ड पार्कबाट सरेका थिए।

101 र त्यसैले तिनीहरु...एउटा सेवक थिए, त्यो व्यक्ति जसले मलाई एउटा ब्याप्टिष्ट मण्डलीमा प्रचारकको रूपमा नियुक्त गर्नुभएको थियो जो डाक्टर रोय डेभिस हुनुहुन्थ्यो। उहा नै हुनुहुन्छ जसले बहिनी अप्स र भाई अप्सलाई मकहाँ पठाउनुभयो, वा मेरो बारेमा उहालाई भन्नुभयो, डाक्टर रोय डेभिस हुनुहुन्छ। र त्यसैले उहाले प्रचार गर्दै हुनुहुन्थ्यो, र पहिलो ब्याप्टिष्ट खोल्नुभयो यहाँ...मलाई लाग्दैन त्यो पहिलो ब्याप्टिष्ट चर्च थियो भनि...त्यो जेफर्सनको मिसनरी ब्याप्टिष्ट चर्च भनिन्थ्यो। र उहाले नै त्यो समयमा त्यस स्थानमा प्रचार गर्नुहुन्थ्यो, र हामी राती त्यहाँ मण्डलीमा जाने

गर्थ्यौं, त्यसैले...र हामी फ़र्किन्थ्यौ। र म त्यो चर्चमा कहिल्यै पनि सदस्य भईन, तर मलाई उनीसंग जान मन पर्थ्यो। किनभने मुख्य विचार चाहि, "उनीसंगै त्यहाँ जानु थियो" र म इमान्दार भएर भन्नुपर्दा यो थियो कारण।

102 त्यसैले तब उनीसंगै जाँदा, एकदिन म...उनी एउटा असल परिवारबाट थिईन्। र मैले सोच्न थाले, "तपाईलाई थाहा छ, तपाईलाई थाहा छ, मैले त्यस केटिको समय बर्बाद नगरेकै राम्रो हुन्छ। त्यो सहि थिएन, किनभने उनी असल केटि थिईन्, र म गरिब थिए र म..." र मेरो बाबाको स्वास्थ पनि बिग्रिएको थियो, र मैले—मैले...र त्यस्तो केटिलाई जिविका चलाउनको निम्ति मेरो कुनै बाटो थिएन, जो राम्रो घरमा र भुइँमा गलैचा भएको घरमा बस्ने बानी भएको थियो र।

103 मलाई सम्भ्फना छ त्यो पहिलो गलैचा जुन मैले पहिलो पटक देखेको थिए, मलाई थाहा थिएन त्यो के हो भनि। म छेउ छेउमा वरपर हिडे। मैले सोचेको थिए कि मेरो जीवन भरिमा देखेको मध्ये सबै भन्दा राम्रो कुरा यहि थियो। "कसरी तिनीहरुले यस्तो राम्रो कुरा भुइँमा राख्न सकेको होला?" त्यो नै पहिलो गलैचा थियो जुन मैले जीवनमा पहिलो पटक देखेको थिए। त्यो यी मध्ये एक...मलाई लाग्छ त्यसलाई "आसन गलैचा" भनिन्छ। म त्यसमा गलत पनि हुनसक्छु। कुनै प्रकारको "लचिलो टहनी" जस्तै वा कुनै कुरा जुन बुनेको हुन्छ, र भुइमा राखिएको। एकप्रकारको हरियो र रातो थियो, र त्यसको विचमा ठुलो गुलाव लगाईएको थियो, तपाईलाई थाहा छ त्यो एउटा सुन्दर कुरा हो।

104 र त्यसैले म स्मरण गर्छु कि मैले मेरो मानसिकता बनाए कि कि त म उसलाई मसंग विवाह गर्नको निम्ति भन्छु, या त म उबाट टाढीएर कुनै असल केटालाई उसंग विवाह गर्न दिनलाई छोडिदिन्छु, कोहि व्यक्ति जो उसको लागि राम्रो हुनेछ, जसले उसलाई राम्रोसंग पाल्न सक्छ र उसको लागि मायालु रहन सक्छ। म उसको लागि मायालु हुनसक्थे तर मैले त मात्र एक घण्टामा बिस सेन्ट कामाईरहेको थिए। त्यसैले मैले उसको लागि धेरै कमाएर ल्याउन सक्दिन थिए। र मैले...मैले परिवारको सबैको हेरचाह गर्नुपर्थ्यो, र बाबाको स्वास्थ्य पनि बिग्रिदै गएको थियो, र मैले तिनीहरु सबैको हेरचाह गर्नुपर्थ्यो, त्यसैले मेरो एकदम कठिन समय चलिरहेको थियो।

105 त्यसैले मैले सोचे, “अनि, केवल मैले गर्न पर्ने कुरा चाहि यो थियो कि उसलाई भन्नुपर्ने थियो…उसलाई…म अब फर्केर आउदिन, किनकि मैले उसको जीवनलाई तोड्ने र उसलाई म संग मूर्ख बनाउन एकदम धेरै सोचेको थिए।” र त्यसपछि मैले सोचे, “यदि कसैले उसलाई साथ दियो र उसलाई विवाह गर्यो, र एउटा प्यारो घर बनायो। र हुनसक्छ यदि मैले उसलाई पाउन नसकेनी, मैले थाहा त पाउनसक्छु कि उनी खुसी छिन् भनेर।”

106 र त्यसैले मैले सोचे, “तर म—म उनी प्रति हरेस खान पनि त सक्दिन!” र म अति नै दयनिय अवस्थामा थिए। र दिन व दिन मैले त्यस विषयमा सोच्थे। त्यसैले उसलाई मसंग विवाह गर्नको निम्ति भन्नलाई म एकदम लज्जित थिए। हरेक रात मैले मेरो मानसिकता बनाउथे, “म उसलाई सोध्नेछु।” र, जब म, अ, त्यो के भन्छ, पुतलीहरु समात्न खोज्दा पुतली हातमा न आए जस्तै थियो, वा केहि तपाईमा पाउनुहुन्छ…? तपाईहरु सबैजना दाजुभाईहरु त्यहाँ सम्भावतः यहि अनुभव गर्नुभएको छ होला। र वास्तवमै रमाइलो महसूस हुन्छ, मेरो अनुहार रातो पिरो हुन्थ्यो। म जान्दिन थिए। मैले उसलाई सोध्नै सक्दिन थिए।

107 त्यसैले म अनुमान लगाउन सक्छु कि तपाईले सोच्दै हुनुहुन्छ कि मैले कसरी विवाह गरे त। तपाईलाई थाहा छ के? मैले उसलाई चिठ्ठी लेखेर उसलाई सोधे। र त्यसैले उनी…अब, त्यो केवल “प्रिय मिस,” भनेर मात्रै लेखिएको चिठ्ठी थिएन, त्यो केहि बढि कुराहरु लेखिएको थियो (तपाई जान्नुहुन्छ) त्यो भन्दा बढि प्रेमको पक्षमा लेखिएको थियो। त्यो केवल बिवाह अनुबन्धनको चिठ्ठीमात्र थिएन…मैले लेख्न सक्नेसम्मको सबै भन्दा राम्रो चिठ्ठी लेखेको थिए।

108 र म उनकि आमासंग थोरै डराउने गर्थे। उनकि आमा…उहा एकप्रकारको कडा हुनुहुन्थ्यो। र, तर उनकि बुवा चाहि एउटा भलादमी बुढो डचम्यान हुनुहुन्थ्यो, एउटा असल बुढो व्यक्ति हुनुहुन्थ्यो। उहा ब्रोदरहूड रेल संस्थाको एउटा संयोजक हुनुहुन्थ्यो, रेल यातायातमा काम गर्ने संस्थाको संयोजक हुनुहुन्थ्यो, त्यो समयमा महिनामा पाँच सय डलर आमदानी गर्नुहुन्थ्यो। र म चाहि उसको छोरीलाई विवाह गर्नको लागि घण्टामा बिस सेन्ट कमाईरहेको थिए। अ! मलाई थाहा थियो त्यो कहिल्यै पुरा हुनेछैन। उ उनकि आमा एकदमै…अब, उहा राम्री महिला हुनुहुन्थ्यो। र उहा एक प्रकारको त्यो उच्चस्तरको समाजका वर्गका महिला

हुनुहुन्थ्यो, सुसंस्कृत महिला हुनुहुन्थ्यो, तपाईले बुझ्नुभयो, र त्यसैले तपाईले बुझ्नुहोस् कि यसै पनि उहालाई मेरो खास केहि काम थिएन। म त केवल एउटा सिधासादा एउटा गाउको केटा थिए, र उहाले सोच्नुहुन्थ्यो कि होप कुनै उच्च स्तरको केटालाई दिनुपर्छ, र मैले पनि उहा ठिक हुनुहुन्छ भनि सोचे। र त्यसैले...तर मैले—मैले त्यो समयमा त्यस्तो सोच्दिन थिए।

109 त्यसैले मैले सोचे, "अब म, मलाई थाहा छैन कसरी। मैले—मैले उसको बाबालाई सोध्न सक्दिन थिए, र उसको आमालाई त झन् सोध्न सक्ने कुरा नै थिएन। र त्यसैले मैले उसैलाई पहिलो सोध्न पर्ने थियो।" त्यसैले मैले मेरो तर्फबाट एउटा चिठ्ठी लेखे। र त्यस बिहान काममा जादाको बाटोको सडकमा एउटा हुलाक पेटीमा त्यो खसाईदिए। त्यो चिठ्ठी... हामी बुधबारको राती मण्डलीमा जादै थियौ, र त्यो चिठ्ठी हालेको चाहि सोमबारको बिहान थियो। मैले आईतबार दिनभरी उसलाई बिवाह गर्न चाहन्छु भनि भन्न प्रयास गरे, र मैले प्रशस्त आँट नै निकाल्न सकिन।

110 त्यसैले त्यसपछि मैले त्यो हुलाक पेटीमा त्यो चिठ्ठी खसाली दिए। र त्यहि दिन काम गर्दै गर्दा मैले सोच्न थाले, "यदि उसको आमाले पो त्यो चिठ्ठी पायो भने के हुन्छ होला?" ओ, त्यसपछि यदि उहाले त्यो पाउनुभयो भने म त बर्बाद हुन्छु भनि मैले जानेको थिए। किनभने उहाले मेरो बारेमा त्यत्ति सारो वास्ता गर्नुहुन्न थियो। र, म त्यहि डरले पसीना पसीना भईरहेको थिए।

111 र त्यो बुधबारको रातमा जब म आए, ओ, मैले सोचेको थिए कि "म कसरी त्यहाँ माथि जाने होला? यदि उसको आमाले त्यो चिठ्ठी पाएको रहेछ भने त उहाले पक्कै पनि मलाई ठिक पर्नुहुनेछ, त्यसैले मैले आशा गरेको थिए कि उसले पायो होला।" मैले त्यो होपलाई सम्बोधन गरेर पठाएको थिए। त्यहि नै उसको नाउ थियो, होप। र त्यसैले मैले भने, "म केवल अहिले यहाँ होप लाई लेख्छु।" र त्यसैले...र मैले सोचे हुनसक्छ उहाले अहिले सम्म पाएकै छैन होला।

112 त्यसैले मलाई थाहा थियो कि बरु बाहिर गाडि रोकेर र उसलाई बाहिर निकाल्नलाई गाडिको हरन बजाउन भन्दा भित्रै जानु बेस। र कुनै पनि केटा जो संग केटिको घरसम्म गएर ढोका ढकढक्याएर केटिलाई बोलाउन सक्ने आँटसम्म पनि छैन भने, त्यो केटि संगै हुन केहि काम र औचित्य नै रहदैन। त्यहि एकदमै सहि हो। त्यो एकदम वाईयात हो। त्यो एकदम निच हो।

113 र त्यसैले मैले मेरो पुरानो फोर्ड गाडि रोके, तपाईलाई थाहा छ, र मैले त्यसलाई सबै चम्काएको थिए। र त्यसैले म माथि गए र ढोकामा ढकढक्याए। दया होस्, उनकि आमा आउनुभयो ढोकामा आउनुभयो! मैले श्वास पनि बल्ल तल्ल फेर्दै थिए, मैले आत्तिदै भने, “कस्तो—कस्तो—कस्तो हुनुहुन्छ तपाई, श्रीमती ब्रुमबाक?” हो।

114 उहाले भन्नुभयो, “तिमी कस्तो छौ, विलीयम।”

मैले सोचे, “अ–ओ,’विलीयम’!”

र—र उहाले भन्नुभयो, “तिमी भित्र आउ न?”

115 मैले भने, “धन्यवाद।” म ढोकाबाट भित्र पसे। मैले भने, “के होप तयार भईन् त?”

116 र त्यहि बेला यहाँ होप घरबाट निस्केर आईन, मात्र लगभग एउटा सोह्र वर्ष कि केटि। र उनले भनिन्, “हाई, बिल्ली!”

117 र मैले भने, “हाई, होप।” र मैले भने, “तिमी गिर्जा जान तयार भैसकेको हौ?”

उनले भनिन्, “एकै मिनेट है।”

118 मैले सोचे, “ओ, उसको आमाले कहिल्यै त्यो पाएकै रहेनछ। उहाले त्यो पाएकै रहेनछ। ठिक छ, ठिक छ, ठिक छ। होपले पनि त्यो पाएकै रहेनछ, त्यसैले यो सबै ठिकै छ, ‘किनभने यदि उसले पाएको भए मेरो नाम आमालाई भनिदिएको हुन्थ्यो।’” त्यसै कारणले म केहि ढुक्क महसूस गरे।

119 र त्यसपछि जब म त्यहाँ तल मण्डलीमा पुगे, मैले यस्तो सोच्न थाले, “के थाहा उसले त्यो चिठ्ठी पाएको पो होला कि?” बुझ्नुभयो? त्यसै कारणले गर्दा मैले डाक्टर डेभिसले के भन्दै हुनुहुन्थ्यो त्यो सुन्न नै पाईन। मैले उनी भएको तिर हेरे र सोच्न थाले, “के थाहा यदि उसले त्यो पाएको होला र राखिरको होला र जब म यहाँबाट बाहिर निस्किन्छु त्यो बेलामा उसले यो विवाहको बारेमा भन्ने पो होकि।” र त्यसैले भाई डेभिसले के भन्दै हुनुहुन्थ्यो त्यो सुन्न नै पाईन। र—र म उनी तर्फ हेर्दथे र सोच्थे कि, “मैले उसलाई यत्तिकै गुमाउन सक्दिन...तर निर्णायक क्षण त आउनेवाला नै थियो।”

120 त्यसैले मण्डली पश्चात हामी सडकमा संगै हिड्न शुरू गर्यौं, घर तिर जादै थियौ, र—र त्यसैले हामी त्यो पुरानो फोर्ड गाडितिर गयौ। र त्यसैले

चंद्रमा उज्यालो गरि चम्किनै रहेको थियो, तपाईलाई थाहा छ, मैले उ तर्फ हेरे र उनी सुन्दर देखेकि थिईन्। एउटा केटा, मैले उनी तर्फ हेरे, र मैले सोचे "म उसलाई पाउन कति धेरै चाहन्छु, तर मैले सक्दिन पाउन।"

121 र त्यसैकारणले म अलिक टाढासम्म हिडे, तपाईलाई थाहा छ, मैले उसलाई फेरी हेरे। मैले भने, "आजको राती तिमीलाई कस्तो महसूस भईरहेको छ?"

उनले भनिन्, "ओ, मलाई ठिकै लागिरहेको छ।"

122 र हामीले त्यो पुरानो फोर्ड गाडि त्यहाँ तल रोक्यौ र हामी त्यहाँबाट बाहिर निस्कियौ, तपाइलाई थाहा छ, एक तर्फी हामी हिडीरह्यौ, कुनाबाट भएर उसको घर तिर गयौ। म घरको ढोका सम्म उनी संगै गए। मैले सोचेको थिए, "तपाईलाई थाहा छ, सम्भावतः उसले त्यो चिठ्ठी कहिल्यै पाईनन् होला, त्यसैले मैले पनि त्यो बारेमा भुलिदिए। जस्तो सुकै भए पनि एउटा अर्को हप्ताले मलाई अनुग्रह गरेको छ।" त्यसैले मलाई केहि ठिक महसूस हुन थाल्यो।

उनले भनिन्, "बिल्ली?"

मैले भने, "हजुर।"

उनले भनिन्, "मैले तिम्रो चिठ्ठी पाए।" ओ प्रभु

मैले भने, "तिमीले पायौ?"

123 उनले भनिन्, "अह–हो।" र उनी हिडि नै रहिन् र कुनै अर्को शब्द बोलिनन्।

124 मैले मनमा सोचे, "ओ, केटि केहि त बोल। या त मलाई यहाँबाट भगाईदेऊ वा तिमीले के सोचेको छौ त्यो मलाई केहि त भन।" र मैले भने, "के तिमीले त्यो पढ्यौ?"

उनले भनिन्, "अह।"

125 ओहो, तपाईलाई थाहा छ कसरी एउटा केटिले कुरा रहस्यमा राख्न सक्छ। मेरो मतलब त्यो तरिकामा होइन जस्तो मैले अहिले भनेको छु तर तपाई देख्नुहुन्छ। देख्नुभयो? तर तपाईलाई थाहा छ केहि तरिकामा। मैले सोचे, "तिमी किन मलाई केहि कुरा भन्दैनौ?" बुझ्नुभयो, र म अगाडि गई नै रहे। मैले भने, "के तिमीले त्यो पुरै पढ्यौ।"

र उनी...[टेपमा खाली स्थान—सम्पा] "अ"

126 त्यसै बेला हामी लगभग ढोकामै पुगिसकेका थियौ, र मैले सोचे, "केटा, त्यहाँ दैलोसम्म नजा, किनकि म त्यहाँ पुगेसिन अफ्ठ्यारो हुन्छ, राम्रो यहि हुन्छ कि यहि निर उसको कुरा सुन्।"

127 र उनले भनिन्, "म विवाह गर्न धेरै चाहन्छु।" उनले भनिन्, "म तिमीलाई प्रेम गर्छु।" परमेश्वरले उसको प्राणलाई आशिष दिनुभएको होस्, उनी अहिले महिमामा छिन्। उनले भनिन्, "म तिमीलाई प्रेम गर्छु।" भनिन्, "मलाई लाग्छ हामीले हाम्रा अभिभावकहरुलाइ यो कुरा भन्नुपर्छ। के तिमीलाई त्यस्तो लाग्दैन?"

128 र मैले भने, "प्रिय, सुन, यो कामलाई हामी आधा आधा गरौ।" मैले भने, "यदि तिमीले तिम्रो आमालाई भन्यौ भने म तिम्रो बाबालाई भन्नेछु।" मैले यो कामलाई शुरू गर्नलाई यो कामको सबैभन्दा कठिन भाग मैले चाहि उसलाई गर्नलाई भनिदिए।

उनले भनिन्, "त्यो त ठिक छ, तर यदि तिमीले बाबालाई पहिले भन्यौ भने म गर्ने छु।"

मैले भनि, "ठिक छ, म उहालाई अईतबार राती भन्नेछु।"

129 र आईतबारको रात आयो; मैले उसलाई मण्डलीबाट घरमा ल्याए र मैले...उनले मलाई हेरिरहिन्। र मैले हेरे, साडे नौ बजिसकेको थियो, र मैले आफ्नो काम शूरू गर्न पर्ने भैसकेको थियो। र चार्ली आफ्नो कुर्सीमा बसिरहनु भएको थियो केहि कुरा टाईपिंग गर्दै। र श्रीमती ब्रुमबाक त्यहाँ कुनामा केहि डोरी बुन्ने काम गरिरहनुभएको थियो, तपाईलाई थाहा छ, ती साना कुरा जुन बुनेर तपाईले केहि कुराहरु राख्नुहुन्छ, तपाईलाई थाहा छ। त्यसलाई तपाईहरुले के भन्नुहुन्छ मलाई ठ्याक्कै थाहा छैन। त्यसैले उहाले त्यस्ता केहि कामहरु गर्दै हुनुहुन्थ्यो। र होपले चाहि मलाई हेरिनै रहिन्, मुख खुम्च्याएर बाबा तर्फ जानलाई मलाई इशारा गरिनै रहिन्, तपाईलाई थाहा छ। र म...ओ, प्रभु! मैले सोचे, "के हुन्छ यदि उहाले, 'नाई' भन्नुभो भने?" त्यसैले म ढोकातिर गए, मैले भने, "अ, मलाई लाग्छ म अब जाँदा नै राम्रो होला।"

130 र म ढोका तिर गए, र—र उनी पनि म संगै ढोकासम्म आईन्। उनी सधै ढोकासम्म आउथिन् र मलाई "शुभ रात्री।" भन्थिन्। त्यसैले म ढोका तिर गए र उनले भनिन्, "के तिमी उहालाई भन्दैनौ?"

131 र मैले भने, “ह!” मैले भने, “म पक्कै गर्ने कोशिष गर्दै थिए तर मलाई थाहै छैन कसरी म त्यो गर्ने होला।”

132 र उनले भनिन्, “म फर्केर जान्छु अनि तिमीले उहालाई बोलाउन त।” र त्यसैले उनी फर्केर गईन् र मलाई त्यहि एक्लै छोडिदिईन्।

र मैले भने, “चार्ली।”

उहा फर्कनुभयो र भन्नुभयो, “अँ, बिल?”

मैले भने, “के म तपाईसंग मात्र एक मिनेट बोल्न सक्छु?”

133 उहाले भन्नुभयो, “हुन्छ नि।” उहा आफ्नो मेचबाट फर्कनुभयो। श्रीमती ब्रुमबाकले उहालाई हेर्नुभयो, होपलाई पनि हेर्नुभयो, र मलाई पनि हेर्नुभयो।

र मैले भने, “के तपाई बाहिर दैलोमा आउनुहुन्छ?”

र उहाले भन्नुभयो, “हुन्छ, म बाहिर आउछु।” त्यसैले उहा बाहिर दैलोमा आउनुभयो।

मैले भने, “आज कति राम्रो रात छ है?”

उहाले भन्नुभयो, “अँ, हो।”

मैले भने, “एकदम न्यानो छ।”

उहाले भन्नुभयो, “अ, न्यानो छ।” उहाले मलाई हेर्नुभयो।

134 मैले भने, “म एकदम धेरै मेहेनत गरिरहेको छु,” मैले भने, “तपाईलाई थाहा छ मेरो हातमा समेत सार्हो साह्रो भैसकेको छ।”

उहाले भन्नुभयो, “तिमीले उसलाई आफ्नो बनाउन सक्छौ बिल।”

135 मैले सोचे, “ओ, यो त राम्रो भो।” मैले भने, “के तपाईले साच्चै नै यो भन्नुभएको हो, चार्ली?” उहाले भन्नुभयो…मैले भने, “चार्ली, हेनुहोस्, मलाई थाहा छ कि उनी तपाईकि छोरी हुन्, र तपाईसंग पैसा छ।”

136 र उहा आउनुभयो र मेरो हातमा थाम्नुभयो। उहाले भन्नुभयो, “सुन, बिल, मानिसको जीवनमा पैसानै सबै कुरा होइन।” उहाले भन्नुभयो…

137 मैले भने, “चार्ली, मैले—मैले मात्र घण्टामा बिस सेन्टस् कमाउछु, तर म उनलाई माया गर्छु र उनी पनि मलाई माया गर्छिन्। र म तपाईलाई बाचा गर्छु कि म यो जत्तिकै हुने गरि मिहिनेत गर्नेछु…मेरो हातको संवेदनाहिन लगाएर पनि म उसलाई पाल्ने छु। म उ प्रति मैले सक्ने सम्मको साचो रहनेछु।”

138 उहाले भन्नुभयो, “म त्यो विश्वास गर्छु, बिल।” उहाले भन्नुभयो, “सुन, बिल, म तिमीलाई केहि भन्न चाहन्छु।” भन्नुभयो, “तिमीलाई खुसी के हो, थाहा छ, खुसी हुनको लागि पैसा नै नखोज।” भन्नुभयो, “केवल उ प्रति असल बनिदेउ। र म जान्दछु कि तिमी त्यो हुनेछौ।”

मैले भने, “धन्यवाद, चार्ली। म निश्चय नै गर्नेछु।”

139 त्यसपछि आमालाई भन्ने पालो उसको थियो। तर थाहा छैन उसले कसरी गर्न सक्यो त्यो, तर हामीले विवाह गर्यौं।

140 त्यसैले, जब हाम्रो विवाह भयो, हामीसंग केहि पनि थिएन, घर चलाउनलाई केहि पनि थिएन। मलाई लाग्छ हामीसंग मात्र दुइ वा तिन डलर थियो। त्यसैले हामीले एउटा घर भाडामा लियौ, त्यो हामीलाई महिनाको चार डलर लाग्थ्यो। त्यो एउटा सानो, पुरानो दुइटा कोठाको ठाउ थियो। र कसैले हामीलाई पुरानो फोल्डिंगवाला पलंग दिएका थिए। म सोच्छु कि यदि कसैले कहिल्यै त्यस्तो फोल्डिंगवाला पलंग देखेका पनि छन् या छैनन्? र तिनीहरुले त्यो हामीलाई दिएका थिए। र म तल त्यहाँ सियरस् र रोबक्समा गए र चारओटा कुर्सी संगै सानो टेबल ल्याए, त्यसमा रंग लगाएको थिएन र तपाईलाई थाहा छ हामीले त्यो ठिक समयमा पाएका थियौ। र त्यसैले म श्रीमान् वेबर कहाँ गए, जुन एउटा कवाड खाना थियो, र एउटा पकाउने चुलो ल्याए। मैले त्यसलाई पचहत्तर सेन्ट तिरे, र एक डलरले चाहि त्यो संग चाहिने जाली ल्याए। र हामीले त्यसैले गृह व्यवस्था गर्यौं। र मलाई याद छ कि मैले यो रंग किनेर आफैले त्यो कुर्सीलाई रंग्याएको थिए। र, ओ, तै पनि हामी खुसी थियौ। हामी एक अर्काको लागि त्यहाँ साथ थियौ र यहि नै काफि थियो। र परमेश्वरको कृपा र भलाईले गर्दा हामी यस पृथ्वीको सबैभन्दा खुसी र सानो जोडी थियौ।

141 मैले यो पाएको छु, कि खुसी भन्नाले यो संसारको कति धन तपाईले कमाउनु भएको छ त्यसमा भर पार्दैन, तर तपाईले पाएको भागमा तपाई कत्ति को सन्तुष्ट हुनुहुन्छ त्यसमा भर पर्छ।

142 र, केहि समय पछि, परमेश्वर तल आउनुभयो र हाम्रो सानो परिवारलाई आशिष दिनुभयो, हाम्रो एउटा सानो बच्चा भयो। उसको नाउ बिल्ली पल हो, जो ठिक अहिले यहाँ सेवामा नै छ। र त्यसपश्चात लगभग एघार महिना पछि, उहाले हामीलाई फेरी आशिष दिनुभयो एउटा सानी केटि जसलाई स्यारोन रोज भनिन्छ, जुन चाहि “स्यारोनको रोज।” भन्ने शब्दबाट लिईएको थियो।

143 र मलाई याद छ, एकदिन मैले मेरो पैसा बचाएको थिए र म एउटा सानो छुट्टि लिन जादै थिए, एउटा ठाउसम्म जादै थियौ, जुन प प ताल भनिन्छ, माछा मार्नलाई जादै थियौ। र सडकमा जादै गर्दा...

144 र यो समयको बेलामा...म प्रभुको सेवकाईमा परिवर्तन भएको थिए सेवकाई छोडेर जादै थिए। म परिवर्तन भएको थिए। र डाक्टर रोय डेभिस ले मिसनेरी ब्याप्टिष्ट चर्चमा एउटा सेवकको रूपमा नियुक्त गर्नुभएको थियो, र त्यहि मण्डली थियो जुनमा मैले जेफेरसनमा अहिले पनि प्रचार गर्नेगर्छु। र मैले एउटा सानो मण्डलीमा पाष्टरको काम गरेको थिए। र म...

145 मसंग पैसानै थिएन, मैले सत्र वर्षसम्म त्यस मण्डलीमा पाष्टरी गरे र कहिल्यै पनि त्यहाँबाट एक पैसा पनि लिईन। मैले लिनेमा विश्वास गर्दिन थिए...र त्यहाँ त भेटिदानको भाडासम्म पनि थिएन। र काम गरे बापत जुन दशंसा हुन्थ्यो, त्यहि भवन पछाडि राखिएको एउटा डिब्बामा जम्मा गरिन्थ्यो, त्यसमा यस्तो लेखिएको हुन्थ्यो, "तिमीहरु यी मेरा भाईहरु मध्ये सबैभन्दा सानामा एकजनालाई जे–जति गर्यौ, यो तिमीहरुले मलाई नै गर्यौ।" र त्यसरी नै मण्डलीलाई तिरिन्थ्यो। र हामी संग दस वर्षको ऋण तिर्नलाई बाकि थियो, र त्यो पनि दुइ वर्षभन्दा कम मात्रै तिरिएको थियो। र मैले कुनै पनि किसिमको भेटि दान त्यहाँबाट लिईन।

146 र त्यसपछि म संग, त्यो केहि बचाएको डलर थियो छुट्टिको लागि। उनले पनि काम गर्थिन्, त्यो फईन्स सर्ट फ्याक्ट्रीमा। एकदम प्यारी प्रिय केटि थिईन्। र उसको चिहान सम्भवत: हिउले भरेको होला आज, तर उनी अझै पनि मेरो हृदयमा छिन्। र म याद गर्छु कि मेरो निम्ति छुट्टिमा त्यो तालमा माछा मार्न जान पैसाले सहायता गर्नको निम्ति प्रशस्त पैसा बनाउन उनले अति परिश्रम गर्ने गर्थिन्।

147 र जब म तालबाट फर्केर घर आउथे, मैले देख्न थाले कि, त्यहाँ मिश्वाका र साउथ बेन्डमा आउदा, मैले ती कारहरुमा देख्न थाले र ध्यान दिन थाले जसमा पछाडि पट्टि लेखिएको हुन्थ्यो, "येशू मात्रै।" र मैले सोच्ने गर्थे, "त्यो अनौठो सुनिन्थ्यो, 'येशू मात्रै।'" र मैले ती लेखिएको चिन्हहरु लाई ध्यान दिन थाले। र त्यो सबैमा थियो साईकल, फोर्ड गाडिमा, क्याडिल्याकमा, र धेरै मा थियो, "येशू मात्रै" लेखिएको। र मैले ती मध्ये केहिलाई पछ्याए, र तिनीहरु महा ठुलो मण्डलीमा आउने गर्थे। र मैले पछि पत्तो पाए कि तिनीहरु पेन्टिकोष्टल थिए।

148 मैले पेन्टिकोष्टलको बारेमा सुनेको थिए, तर तिनीहरु एकप्रकारको "पवित्र भनाउदो जो भुइँमा लड्ने र व्यर्थका कुरा कराउने" झुण्ड भनि सुनेको थिए, सबैकुरा जुन तिनीहरुले मलाई यस विषयमा सुनाएका थिए। त्यसैले मेरो तिनीहरुसंग केहि लेनादेना थिएन।

149 त्यसैले तिनीहरु सबै त्यहाँ जादैछन् भनि मैले सुनिरहेको थिए, र मैले सोचे कि, "विश्वास गरेर म पनि त्यहाँ भित्र जान्छु।" त्यसैले मैले मेरो पुरानो फोर्ड गाडि रोके अनि त्यहाँ भित्र गए, र मैले ती गीतहरु बजिरहेको सुने जुन मैले जीवनमा कहिल्यै सुनेको थिईन! र त्यसपछि मैले पत्तो पाए कि त्यहाँ दुइटा त्यस्तो ठुलो मण्डलीहरु थिए, ती मध्ये एउटालाई जे. सीको पि. ए भनिन्थ्यो र अर्को चाहि डब्लू को पि. ए थियो...तपाईहरु मध्ये धेरैलाई सम्झना छ होला ती पुराना...मलाई लाग्छ तिनीहरुलाई अहिले युनाईटेड भनिन्छ होला, जुन युनाईटेड पेन्टिकोष्टल चर्च भनिन्छ। र मैले तिनीहरु मध्येका केहि शिक्षकहरुले सिकाएका कुरा सुने। र तिनीहरु त्यहाँ उभिएका थिए, ओ, तिनीहरुले येशूको बारेमा सिकाएका थिए र उहा कत्ति महान् हुनुहुन्छ भनि सिकाएका थिए, र ती सबै कुरा हरु कति महान् थिए, र "पवित्र आत्माको बप्तिष्मा" को विषयमा सिकेका थिए। र मैले सोचे "तिनीहरुले के को बारेमा भनिरहेका छन्?"

150 र, केहि समय पछि, कोहि उफ्रिन थाल्यो र अन्यभाषामा बोल्न थाल्यो। र मैले त्यस्तो कुरा मेरो जीवन भरि कहिल्यै सुनेकै थिईन। र यहाँ निर एउटा महिला सक्ने सम्म बलले दगुरेर आईन्। त्यसपछि सबै जना उठे अनि सबै जना दौडिन शुरू गरे। र मैले सोचे, "ओ भाई, तिनीहरु संग कुनै मण्डलीको मर्यादा नै छैन!" चिच्याएको छ र कराएको छ र त्यसै गरेका छन्, मैले सोचे, "यो कस्तो झुण्ड हो!" तर, तपाईलाई थाहा छ त्यसको विषयमा जत्ति लामो समय म त्यहाँ बसे त्यत्तिनै त्यो राम्रो लाग्न थाल्यो। त्यहाँ कुनै कुरा यस्तो दखिन्थ्यो जुन वास्तवमै राम्रो थियो। र मैले तिनीहरुलाई हेर्न थाले। र त्यो चलिनै रह्यो। मैले सोचे, "म तिनीहरु संगै एकछिन बस्छु, 'किनकि म...म ढोकाको नजिकै थिए। यदि केहि साचैनै भागदौड शुरू गर्यो भने, म ढोकाबाट बाहिर भाग्छु। मलाई थाहा छ कहाँ मेरो कार शूरू हुन्छ, त्यो ठिक कुनाको वरपर छ।'"

151 र मैले केहि प्रचारकहरुको प्रचार सुन्न थाले, तिनीहरु साचै नै वुद्धिजीवि र विद्यार्थीहरु थिए। मैले सोचे, "त्यो राम्रै हो।"

र त्यो अब रातीको खाना खाने समयमा आयो, र तिनीहरुले भने, “सबैजना रातीको खाना खान आउनुहोला।”

152 तर मैले सोचे, “एकछिन्, मसंग एक डलर र पचहत्तर सेन्ट छ घर जानलाई, र म...” त्यहिनै मेरो गाडिको लागि तेलको पैसा थियो। केवल त्यो घर लानको लागि लिईएको थियो। र मसंग मेरो पुरानो फोर्ड गाडि थियो, त्यो ठीकठाक राम्रो पुरानो फोर्ड गाडि थियो। त्यो नराम्रो थिएन, त्यो ठ्याक्कै अहिले बाहिर भएको जस्तै गाडि थियो, तर त्यसको हालत खराब थियो। र यो...म विश्वास गर्छु कि त्यो फोर्ड गाडि तिस मिल प्रति घण्टा गुड्ने गर्थ्यो, अनि पक्कै पनि त्यो *यो* बाटो आउदा पन्ध्र मिल र *त्यो* बाटो जादा पन्ध्र मिल थियो। बुझ्नुभयो, दुइटालाई जोड्नुहोस् त तिस हुन्छ। र त्यसैले यो...मैले सोचे, “अ, त्यो रात म कहिँ बाहिर जान्छु सोचे र केहि समय पछि...” र म रातको सेवाको लागि बसे।

153 र, ओ, उहाले घोषणा गर्नुभयो कि, “कोहि पनि प्रचारक जो कुनै पनि मण्डलीमा सम्बधित हुनुहुन्छ त्यहाँ मंचमा आउनलाई भने।” र, त्यहाँ हामी लगभग दुइसय जना जस्तो माथि मंचमा थियौ, म पनि माथी गए। र त्यसैले उहाले भन्नुभयो, “अब, हामीसंग तपाईहरु सबैलाई प्रचार गर्न दिन पर्याप्त समय छैन।” उहाले भन्नुभयो, “केवल तपाई माथि आउनुहोला र तपाई को हुनुहुन्छ र कहाँबाट आउनुभयो भनि परिचय दिनुहोला।”

154 र, मेरो समय आयो, मैले भने, “विलियम ब्रन्हाम, ब्याप्टिष्ट। जेफेरसन, इन्डियाना।” र त्यहाँबाट हिडे।

155 मैले बाकि रहेका सबैले “पेन्टिकोष्टल, पेन्टिकोष्टल, पेन्टिकोष्टल, डब्लूबाट को पी. ए, जे. सी को पी. ए, पी. ए. डब्लू, पी...” भनेको मात्र सुने।

156 म त्यहाँबाट हिडे। मैले सोचे, “सबै भन्दा भद्दा बच्चा हाँस त म नै होला।” त्यसैले म त्यहाँ बसे र पर्खिरहे।

157 र त्यो दिन तिनीहरुको राम्रा र जवान प्रचारकहरु थिए, र तिनीहरुले शक्तिशाली रूपमा प्रचार गरेका थिए। र तब तिनीहरुले भने, “जसले आज राती संदेश लिएर आउदै हुनुहुन्छ...” म विश्वास गर्छु कि तिनीहरुले त्यस व्यक्तिलाई “एल्डर” भनि बोलाएका थिए। र तिनीहरुले सेवकलाई “रेभरेन्ड,” को सट्टामा “एल्डर” भनेका थिए। र तिनीहरुले त्यहाँ एउटा बुढो कालो व्यक्तिलाई त्यहाँ ल्याएका थिए, र त्यस व्यक्ति को यस्तै खालको

एउटा पुरानो शैलीको प्रचारकहरुले लाउने कोट थियो। मलाई लाग्दैन कि तपाईले त्यो खालको कोट कहिल्यै पहिला देखेको छ। पछाडि पट्टि लामो परेवाको पुच्छर जस्तो, तपाईलाई थाहा छ, एउटा मलमलको कलर भएको, र उसको शिरको चारै तिर थोरै सेतो कपाल थियो। बिचरा बुढो मित्र, उ *यसरी* बाहिर आयो, तपाईलाई थाहा छ। र उ त्यहाँ उभियो र वरपर फर्किन थाल्यो। र जहाँ सबै प्रचारकहरुले येशू र उहाको महानताको बारेमा प्रचार गरिरहेका थिए...उहा कति महान् हुनुहुन्छ, र त्यसरी प्रचार गर्दै थिए, त्यो बुढो व्यक्तिले अयूबको पुस्तकबाट मूल पाठ लिएका थिए। "त कहाँ थिईस् जब मैले संसारको जग बसालेको थिए, जब बिहानीका ताराहरुले गित गएका थिए र परमेश्वरका छोराहरुले आनन्दले कराएका थिए?"

158 र गरिब बुढो व्यक्ति, मैले सोचे, "किन तिनीहरुले ती केहि जवान प्रचारकहरुलाई प्रचार गर्नलाई नल्याएको होला?" त्यो ठाउ पुरै मानिसले भरिएको र जमेर बसेको थियो। र मैले सोचे कि, "तिनीहरुले किन त्यसो गर्दैनन्?"

159 त्यसैले त्यो बुढो व्यक्तिले, यस पृथ्वीमा के भईरहेको छ त्यो प्रचार गर्नको साट्टो स्वर्गमा के भईरहेको छ त्यो कुरा हरेक समय प्रचार गर्न थाल्यो। र उसले संसारको उत्पत्ति तिर– समयको शुरू भन्दा अगाडि तिर लान शुरू गर्यो, र उसलाई फर्काएर तल दोस्रो आगमनको आकाशवृत समान्तरको इन्द्रेणीमा ल्यायो। किन, मैले कहिल्यै त्यस्तो प्रचार मेरो जीवन भर सुनेको थिईन! र लगभग त्यहि समयमा उसलाई आत्माले हान्यो, र उ *त्यत्ति* माथि जति उफ्रियो र आफ्नो खुट्टाको पैताला बजार्यो, आफ्नो कुम पछाडि पट्टि फाल्यो र त्यो मंचमा घुडा टेकेर भन्यो, "मैले यहाँ प्रचार गर्नको लागि तिमीहरुसंग यहाँ प्रशस्त कोठा नै छैन।" र हेर्नुहोस् यहाँ अहिले जति जगा छ त्यो भन्दा धेरै ठाउ त्यहाँ थियो।

160 मैले सोचे, "यदि पवित्र आत्माको स्पर्शले त्यो बुढो व्यक्ति यति उफ्रिने कराउने गर्छ भने मेरो हालत त झन् के हुन्छ होला यदि आत्मा ममा आयो भने?" मैले—मैले सोचे, "मलाई पनि यस प्रकारको अनुभवको जरूरत छ।" किन, त्यो व्यक्ति त्यहाँ मंचमा आउदा उसको लागि मलाई दुख लागेको थियो, तर जब उ त्यहाँ बाट छोडेर गयो तब मलाई आफ्नै लागि दुख र अपसोस लाग्यो। र मैले उ त्यहाँ बाट गईरहेको हेरे।

161 म त्यस राती बाहिर गए, र मैले सोचे, “अब, अर्को बिहान म कसैलाई म कहाँ बाट आए र को हुँ भनि चिनाउने छुइन।” त्यसैले म गए, र त्यो रातमा त्यहि पत्लुंग मै सुत्न पर्यो। मैले…म त्यहाँ बाहिर मकै बारीमा सुत्नको लागि गए र आफ्नो लागि खानको निम्ति केहि सुक्खा रोटि ल्याए। मैले त्यो सबै एउटा निकेलमा किनेर ल्याए। त्यहाँ तल पानीको एउटा नाल थियो, मैले त्यहाँबाट केहि पानी पाए। त्यसैले मलाई थाहा थियो कि त्यसले म केहि बेरको लागिसम्म मात्रै रहन सक्छु, त्यसैले मैले आफ्नो लागि केहि पानी ल्याए र त्यो पिए, र त्यसपछि गएर रोटि खाए। र फेरी फर्केर आए अनि अर्को चोटी पानी पिए। र बाहिर मकैबारीमा गए, त्यसपछि गाडिको दुइटा सिट लिए अनि मेरो सानो पत्लूंग त्यहाँ बिछ्याए, त्यसलाई सिटमा राखे।

162 र, त्यो रात, मैले लगभग रातको धेरै समय प्रार्थना नै गरिरहे। मैले भने, “प्रभु, म यो के मा आए? मैले आफ्नो जीवन भरि कहिल्यै यस्तो धार्मिक मानिसहरु देखेको थिईन।” र मैले भने, “यो सबै के हो भनि बुझ्नलाई मलाई सहायता गर्नुहोस्।”

163 र दोस्रो बिहानीमा म त्यहाँ गए। हामीलाई बिहानीको खाजा खान निमंत्रणा गरिएको थियो। अवश्य पनि, म तिनीहरु संग खानलाई त्यहाँ आउदिन थिए, किनभने मसंग भेटिदान दिनलाई केहि पनि थिएन। र म फर्केर गए। र त्यसैले दोस्रो बिहान जब म त्यहाँ पुगे, (मैले केहि मेरो रोटि त खाएकै थिए), र त्यहाँ बसे। र तिनीहरु संग माईक्रो फोन थियो। र मैले त्यो भन्दा अगाडि माईक्रो फोन कहिल्यै देखेकै थिईन, र म त्यो कुरा देखेर डराएको थिए। त्यसैले तिनीहरु…र त्यसमा एउटा सानो तार त्यहाँ झुन्डिएको थियो, र त्यो तल झुन्डिएको थियो। एकजनाले त्यो माईक लियो। र उसले भन्यो, “गत राती यहाँ मंचमा त्यहाँ एउटा जवान ब्याप्टिष्ट प्रचारक थियो।”

मैले सोचे, “ओ–ओ, अब चाहि मलाई यहाँ हुन सजिलो हुन्छ।”

164 र उसले भन्यो, “उहा नै यो मंचमा सबै भन्दा जवान प्रचारक हुनुहुन्थो। उसको नाउ चाहि ब्रन्हाम हो। के कसैलाई उहाको बारेमा केहि थाहा छ? उहालाई यहाँ आउनलाई भनिदिनुहोला, हामी आज बिहानीको संदेश उहाले ल्याएको चाहन्छौ।”

165 ओ, प्रभु, मैले एउटा सानो टि–सर्ट लगाएको थिए, एउटा पत्लुंग लगाएको थिए, तपाईलाई थाहा छ। र तपाईलाई थाहा छ कि हामी

ब्याप्टिष्टहरुले यो विश्वास गर्छौं कि पुलपिटमा जानको लागि हामीले सुट लगाएको हुनुपर्छ। त्यसैले...र म—म एकदम स्थिर चुपचाप बसे। र त्यतिन्जेल...(तिनीहरुको अन्तरराष्ट्रिय सभा) उत्तरी भागमा भएको थियो किनकि यदि त्यो दक्षिणमा भएको भए काला मानिसहरु त्यो भाग लिन आउन पाउदैन थिए। र त्यहाँ तिनीहरुकोमा कालाहरु थिए र म चाहि दक्षिणको निवासी थिए, मेरो कलरमा अझै पनि कलफ बाकि थियो, मैले सोचे म अरु भन्दा राम्रो त्यसैले ठानिएको होला, तपाईले देख्नुभयो। र त्यो बिहानमा ठिक मेरो तल पट्टि एउटा कालो व्यक्ति बसेको थियो। त्यसैले म बसे र उ तर्फ हेरे। मैले सोचे, "उ मेरो एउटा इसाई भाई हो।"

166 र फेरी पनि एक पटक घोषणा भयो, "के कसैले भन्न सक्नुहुन्छ कि विलियम ब्रन्हाम कहाँ हुनुन्छ?" म कुर्सीमा कुनै *यस* प्रकारले झुके। र दोस्रो पल्ट उसले फेरी भन्यो, "(त्यो सानो माईक तानेर उसले भन्यो) बाहिर कोहि हुनुहुन्छ?" जसलाई विलियम ब्रन्हाम कहाँ हुनुहुन्छ भनि थाहा छ? "उहालाई भनिदिनुहोस् कि हामी उहालाई यहाँ मंचमा भएको चाहन्छौ यस बिहानीको संदेशको निम्ति। उहा दक्षिणी इन्डियानाको एउटा ब्याप्टिष्ट प्रचारक हुनुहुन्छ।"

167 तपाईलाई थाहा छ, म त्यहाँ चुपचाप बसिरहे र तल लुकेर बसे, यसै पनि त्यहाँ मलाई कसैले चिन्दैन थिए। त्यो अश्वेत केटाले मतिर हेर्यो र भन्यो, "तपाईलाई थाहा छ उहा कहाँ हुनुहुन्छ?"

168 मैले सोचे, मैले कि त झुट बोल्नुपर्छ यहाँ त केहि गर्नुपर्छ। त्यसैले मैले भने, "एक छिन् यहाँ बस्नुस्।"

उसले भन्यो, "हुन्छ, श्रीमान्"

मैले भने, "म तपाईलाई केहि भन्न चाहन्छु।" मैले भने, "म नै हूँ।"

उसले भन्यो, "ए, जाउ माथी त्यहाँ।"

169 र मैले भने, "होइन, म जान सक्दिन। हेर्नुस् त," मैले भने, "मैले यो पुरानो पत्लुंग र यो सानो टि–सर्ट लगाएको छु।" मैले भने, "म त्यहाँ माथी जान सक्दिन।"

170 उसले भन्यो, "ती मनिसहरुले तपाईले कस्तो लुगा लाउनुभयो त्यसलाई वास्ता गर्दैनन्। त्यहाँ माथी जानुस्।"

मैले भने, “होइन, होइन।” मैले भने, “चुपचाप बस्नुस्, अहिले केहि कुरा नभन्नुस्।”

171 र तिनीहरु एक मिनेट पछि फोनमा फर्केर आए अनि फेरी भने, “कसैलाई थाहा भयो कहाँ छ विलियम ब्रन्हाम?”

172 उसले भन्यो, “उहा यहाँ हुनुहुन्छ! उहा यहाँ हुनुहुन्छ! यहाँ छ!” ओ, प्रभु, तपाईलाई थाहा छ, म त्यहाँ माथी त्यहि सानो टि–सर्ट लगाएर गए। र यहाँ म...

173 उहाले भन्नुभयो, “यहाँ माथी आउनुस् महोदय ब्रन्हाम, तपाईले संदेश ल्याएको हामी चाहन्छौ।” ओ, प्रभु, ती सबै प्रचारकहरु कै अगाडि र ती सबै मानिसहरुकै अगाडि, र म आत्तिन थाले। मेरो अनुहार रातो हुन थाल्यो, र मेरो कानहरु तात्तिन थाल्यो। र म आत्तिन थाले, त्यो पत्लुंग र टि–सर्टमा एउटा ब्याप्टिष्ट प्रचारक माईक्रो फोन अगाडि जादैछ, त्यस्तो अवस्था कहिल्यै देखेकै थिएन, तपाई देख्नुहुन्छ।

174 र म त्यहाँ माथी खडा भए, मैले भने, “अ, मलाई यो बारेमा थाहा नै थिएन।” म गडबडाई रहेको थिए, साच्चै नै अत्तालिएको थिए, तपाईलाई थाहा छ। र—र मैले यहाँ लुका १६ पाए, मैंले सोचे, “र, अब...” र म बिषयतिर जान थाले, “र उसले नरक तिर आफ्नो नजर उठाएर हेर्यो र कराउन थाल्यो।” र मैले त्यो पाए...त्यसैले मैले प्रचार गर्न शुरू गरे, तपाईलाई थाहा छ, र म प्रचार गर्दै गए र मलाई बिस्तारै बिस्तारै राम्रो लाग्न थाल्यो। र मैले भने, “धनि मानिस नरकमा थियो, र उ करायो।” त्यो सानो तिन शब्द थियो, त्यो जस्तै मेरो धेरै प्रवचनहरु पनि थियो, “तिमी यो विश्वास गर्छौ,” र “चट्टानलाई भन्” र तपाईले सुन्नुभएको छ मैले यी प्रचार गरेको। र मैले त्यो प्रचारे, “र तब धनी मान्छे करायो।” र मैले भने, “त्यहाँ कुनै बालक छैन, वास्तवमै नरकमा कुनै बालबालिका छैन। तब उ रोयो करायो,” मैले भने, “त्यहाँ कुनै फूल थिएन तब उ रोयो करायो, त्यहाँ कुनै परमेश्वर थिएन तब उ रोयो करायो, त्यहाँ कुनै ख्रीष्ट थिएन तब उ रोयो करायो।” त्यसपछि म कराए। र तब कुनै अदृष्य शक्तिले म भरीए। प्रभु! ओ, प्रभु! त्यसपछि, के भयो मलाई थाहा भएन। जब म होसमा भए र आफुलाई हेरे, म त बाहिर उभिरहेको रहेछु। ती मानिसहरु त्यहाँ कराएउदै र चिच्याउदै र रुदै थिए, र म, हामी सबै एकदम अनौठो माहोलमा थियौ।

175 जब म त्यहाँ बाहिर थिए त्यहाँ एउटा सज्जन हिड्दै म निर आए जसले टेक्सासको ठुलो टोपी लगाएका थिए, ठुलो जुत्ता लगाएको थियो, उहा म कहाँ आउनुभयो र भन्नुभयो, "म एल्डर *यो–यो* हुँ।" प्रचारक हुनुहुन्थ्यो, एउटा काउबोईको टोपी, काउबोईको जुत्ताको भेषभुषामा एउटा प्रचारक थियो।

मैले सोचे, "अँ, त्यसो हो भने मेरो पत्लुंग त त्यति नराम्रो त होइन रै'छ।"

176 उहाले भन्नुभयो, "म चाहन्छु कि तपाई तल टेक्सासमा आउनुहोस् र वचन सुनाएर जागृति जगाउनुहोस्।"

177 "अँ–ह! एकछिन रोकनुहोस् श्रीमान् म तपाईको प्रस्ताव टिपोट गर्छु।" र मैले उहाको प्रस्ताव लेखे।

178 यहाँ अर्को सज्जन आउनुभयो जो एकप्रकारको गल्फ खेल्दाको भेषभुषामा थियो, तपाई थाहा गर्नुस् कि जहाँ तिनीहरुले गल्फ खेल्दा एउटा छोटोवाला प्यान्ट लगाउछन्। उहाले भन्नुभयो, "म एल्डर *यो–यो* हुँ, माईयामी बाट।"

179 मैले सोचे, "ओ, हुनसक्छ लुगा लगाईको यो कुराहरुसंग खासै सम्बन्ध हुदैन होला।" मैले त्यसलाई हेरे र सोचे, "ठिकै छ।"

180 त्यसैले म यी कुराहरु अनुभव संगै, म घर पुगे। श्रीमतीले मलाई भेटिन्, उनले भनिन्, "किन तिमी यति खुसी जस्तो देखिन्छौ, बिल्ली?"

181 मैले भने, "ओ, मैले सर्वोत्तम इसाई व्यक्तिहरुसंग भेटेर आएको छु, तिमीले देखे मध्येको अहिले सम्मकै सर्वश्रेष्ठ हुन्। तिनीहरु आफ्नो धर्म देखि लजाउदैनन्।" र, मैले उनलाई ती सबै कुराको बारेमा भने। र मैले भने, "र यहाँ हेर, प्रिय, तिनै मानिसहरुबाटको निमन्त्रणाको लाम लागेको छ।!"

उनले भनिन्, "तिनीहर पवित्र भनाउदाहरु त होइनन् नि?"

182 र मैले भने, "मलाई थाहा छैन तिनीहरु कस्ता खालका भनाउदाहरु हुन्, तर तिनीहरुसंग केहि छन् जुन मलाई आवश्यक छ।" बुझ्यौ? मैले भने, "त्यो—त्यो एउटा कुरामा म निश्चित छु" मैले भने, "मैले बुढो मान्छे जो नब्बे वर्षको उमेरको छ उ फेरी जवान भएको देखेको छु।" मैले भने, "मैले कहिल्यै त्यस्तो प्रचार मेरो जीवनमा सुनेको छुइन। मैले कहिल्यै पनि कुनै ब्याप्टिष्टले त्यसरी प्रचार गरेको देखेको छैन।" मैले भने,

“तिनीहरु तबसम्म प्रचार गर्छन् जबसम्म तिनीहरुको श्वास बाहिर आउदैना, र तिनीहरुले आफ्नो घुँडा भुइमा टेक्छन्, र फेरी उठ्छन्, र आफ्नो श्वास फेर्छन्। तिमीले तिनीहरुले प्रचार गरेको दुइ घर पछाडिसम्म सुन्न सक्छौ, र प्रचार गरिनै रहेका हुन्छन्।” र मैले भने, “मैले मेरो जीवनमा त्यस्तो कहिल्यै सुनेको छुइन।” र मैले भने, “तिनीहरु अन्यभाषाहरुमा बोल्छन्, र अर्कोले त्यो व्यक्तिले भनेको कुराको अर्थ खोलिदिन्छ। मैले त्यस्तो त मेरो जीवनमा कहिल्यै सुनेको छैन!” मैले भने, “तिमी मसंग त्यहाँ जान्छौ?”

183 उनले भनिन्, “प्रिय, जब म तिमीसंग विवाहित भएको छु, म तिमीसंगै रहनेछु जबसम्म मृत्युले हामीलाई छुट्याउदैन।” उनले भनिन्, “म जानेछु।” उनले भनिन्, “हामी अरुलाई भन्नेछौ।”

184 मैले भने, “अँ, तिमीले तिम्रो आमालाई भन म मेरो आमालाई भन्छु।” त्यसैले हामी...म गए अनि आमालाई भने।

185 आमाले भन्नुभयो, “ए, हुन्छ, बिल्ली। जे पनि प्रभुले तिमीलाई गर्नको निम्ति बोलाउनुहुन्छ, जाउ अनि त्यो गर”

186 र त्यसैले श्रीमती ब्रुमबाकले मलाई आउनको निम्ति भनि बोलाउनु भयो। म गए। उहाले भन्नुभयो, “यो के हो जुन विषयमा तिमी भनिरहेको छौ?”

187 र मैले भने, “ओ, श्रीमती ब्रुमबाक,” मैले भने, “तपाईहरु सबैले त्यस्ता मानिसहरुलाई कहिल्यै देख्नुभएको छैन।”

उहाले भन्नुभयो, “चुप लाग, चुप लाग!”

मैले भने, “हजुर, आमा।” मैले भने, “म क्षमा चाहन्छु।”

उहाले भन्नुभयो, “के तिमीलाई थाहा छ तिनीहरु पवित्र विश्वासी भनाउदाहरुका झुण्ड हुन् भनि?”

188 मैले भने. “होइन, म्याम, मलाई त्यो थाहा थिएन।” मैले भने, “तिनी साच्चै नै राम्रा मानिसहरु हुन्।”

189 उहाले भन्नुभयो, “फेरी त्यहि कुरा! तिमीलाई लाग्छ कि तिमी मेरो छोरीलाई ती कुराहरुमा तानेर लान्छौ!” भन्नुभयो, “हास्यासपद कुरा गर्छौ! तिनीहरु कोइ नभएर अरु गिर्जाबाट निकालिएका फोहोरहरु हुन्।” उहाले भन्नुभयो, “तिमीले मेरो छोरीलाइ ती मानिसहरु जस्तै त्यहाँ लिएर जान पाउदैनौ।”

190 र मैले भने, “तर, तपाईलाई थाहा छ, श्रीमती ब्रुमबाक, मेरो भित्र हृदयमा मलाई यो अगुवाई भएको छ कि प्रभुले मलाई ती मानिसहरु संगै जानको निम्ति चाहनुभएको छ।”

191 उहाले भन्नुभयो, “तिमी जाउ र आफ्नो मण्डलीलाई सम्हाल जबसम्म तिनीहरुले तिमीलाई पादरीको निवास–स्थान दिन सक्षम हुदैनन्, र जब सम्म तिनीहरुले ठिकठाक मानिसहरु जस्तो व्यवहार गर्न शुरू गर्दैनन्।” भन्नुभयो, “तिमीले मेरो छोरीलाई यसरी त्यहाँ लाने छैनौ।”

मैले भने, “हुन्छ, म्याम।” म पछाडि फर्किए र त्यहाँबाट हिडे।

192 र होप रुन थालिन्। उनी आईन्, र उनले भनिन्, “बिल्ली, आमाले जे सुकै भने तापनि म तिमीसंगै साथमा रहनेछु।” उसको हृदयलाई परमेश्वरले आशिष दिओस!

र मैले भने, “ओ, ठिक छ, केहि छैन प्रिय।”

193 र मैले त्यस कुरालाई यतिकै जान दिए। उहाले आफ्नो छोरीलाई त्यस प्रकारका मानिसहरु संग जान दिनुभएन किनकि, “त्यो केहि नभएर एउटा थोत्रो चिज थियो।” र त्यसैले मैले त्यसलाई यतिकै जान दिए। यो नै सबैभन्दा नराम्रो गल्ति थियो जुन मैले मेरो जीवन गरेको थिए, सबैभन्दा नराम्रो गल्ति थियो।

194 केहि समय पछि, बालबच्चा भईसकेको केहि समय पछि को कुरा हो। र एकदिन हामी...त्यहाँ १९३७ मा ठूलो बाढी आयो। त्यहाँ एउटा ठूलो बाढी आयो। र हाम्रो...त्यो समयमा म गस्तीमा थिए र मैले बाढीबाट घरबार डुबेका र बेघर भएका मानिसहरुलाई बचाएर निकाल्न सक्दो प्रयास गरिरहेको थिए। र मेरो आफ्नै श्रीमती चाहि एकदम बिमार भईन्, उसलाई निमोनिया भएको थियो। र तिनीहरुले उसलाई बाहिर ल्याए...र नियमित अस्पतालहरु पुरै भरिएको थियो, यति भरिएको थियो कि हामीले उसलाई त्यहाँ राख्न सकेनौ, त्यसैले हामीले उसलाई सरकारी अस्पतालमा लग्यौ जहाँ हाम्रो लागि कोठा खालि थियो। त्यसपछि मलाई बाहिर ग्रस्त क्षेत्रमा बोलाईयो। र म सधै नदिकै नजिक बसेको थिए, र डुंगा चलाउन जान्दथे, त्यसैले म मानिस कहाँ गएर बाढीबाट तिनीहरुलाई उद्धार गर्थे। र त्यसपछि म...एकदिन...

195 तिनीहरुले मलाई बोलाएर भने, “त्यहाँ चेष्टनट स्ट्रीटमा एउटा घर बगाउने अवस्थामा छ। त्यहाँ भित्र एउटा आमा र केहि बालबच्चाहरु फसेका

छन्," तिनीहरुले भने, "यदि तिमीलाई लाग्छ कि तिम्रो मोटरले चल्ने डुंगा त्यहाँ जान सक्छ भने तिनीहरुलाई बचाएर ल्याउ।"

मैले भने, "हुन्छ, म मैले गर्नसक्ने सबै प्रयास गर्नेछु।"

196 र म त्यहाँ तुफानी छालमा गए। र त्यहाको बाँध टुटेको रहेछ...र त्यो बाँधको बाढीले शहरलाई नै बगाउन लागेको थियो। र मैले आफ्नो पुरै बल लगाएर र गर्न सक्नेसम्मको कोशिष लगाएर अन्तमा त्यो ठाउसम्म पुगे। र म त्यहाँ नजिकै पुगे जहाँ त्यो पुरानो बाँध थियो, जहाँबाट पानी झर्दै थियो। र मैले कसैले कराई रहेको सुने र एउटा आमालाई त्यहि पोर्चमा रहेको देखे। र त्यो घरमा ठूलो ठूलो खम्बा थियो। र म *यसरी* एउटा ठाउबाट भएर काफि टाढासम्म पुगे र त्यहाँबाट तेजको साथ जल धारामा घुसे र त्यसलाई चिरेर त्यो पारि कुनै न कुनै तरिकाले म त्यहाँ पुगे। र मैले आफ्नो डुंगालाई त्यहाँ रोके अनि खम्बामा डोरीले डुंगालाई बाँधे, त्यो पोर्चको खम्बामा बाँधे। र म दौडेर गए र आमालाई तानेर त्यहा डुंगामा ल्याए, र दुइ वा तीनजना बच्चालाई पनि त्यसरी ल्याए। र मैले मेरो डुंगालाई खोले अनि उनीहरुलाई सुरक्षित स्थानतिर ल्याए। म उनीहरुलाई लिएर शहरबाट डेड मिल टाढा नदिको किनारसम्म ल्याए। र जब म त्यहाँ आइपुगे त्यो महिला बेहोस भईन्। र उनी कराउन थालिन्...उनी "मेरो बच्चा! मेरो बच्चा!" भनेर चिच्याई रहेकि थिईन्।

197 र, मैले सोचे उसको मतलब उसले आफ्नो बच्चा घरमा नै छोडेछ। ओ, प्रभु! तिनीहरुले उसको ख्याल राख्दै गर्दा म फेरी फर्केर त्यहाँ गए। र, मैले खोज्नलाई आए...या उसले आफ्नो बच्चा कहाँ छ भनेर जान्न खोजेको होला भनि सोचे। त्यहाँ एउटा सानो लगभग तिन वर्षको बच्चा थियो जसलाई बचाईएको थियो, तर मैले उसको पुकार सुन्दा एउटा सानो दुधे बच्चा वा त्यस्तै होला भनि मैले सोचेको थिए।

198 र त्यसैले म डुंगा लिएर फेरी त्यहाँ पुगे। र जब मैले डुंगा लगे अनि त्यहाँ भित्र पसे, मैले कुनै पनि बच्चा त्यहाँ भेटिन, र त्यो खम्बाले थाम्न सकेन र घर बगाएर गयो। र म छिट्टै कुदेर गए अनि मेरो डुंगालाई अड्काई रहेको त्यो खम्बाको टुक्राको भागलाई समाते अनि डुंगा भित्र पसे र त्यसलाई ताने अनि डोरी फुकाए।

199 र तब मलाई थाहा भयो कि तुफानी जल मुख्य धारामा मेरो डुंगा फसेको थियो। र त्यो लगभग रातको साढे एघार बजेको थियो र वर्षा सहित

बरफ तेजले बगेको थियो। मैले डुंगालाइ चालू गर्नको निम्ति डुंगा चालू गर्ने डोरीलाई ताने तर त्यो चालू भएन, मैले फेरी कोषिस गरे त्यो चालू भएन, र फेरी कोषिस गरे त्यो चलेन। जत्ति टाढा त्यो पानीको धारामा गयो उत्तिनै मेरोतिर आउथ्यो। र म वास्तवमै कडा कोषिस गर्दै थिए, र मैले सोचे, "ओ, प्रभु, यहाँ—यहाँ नै मेरो अन्त्य रहेछ, यति नै रहेछ मेरो समय!" र म अझै पनि कडा कोषिस गर्दैथिए। र मैले भने, "प्रभू, कृपया मलाई यस्तो मृत्यु मर्न नदिनुहोस्," र मैले त्यो तान्थे र फेरी तान्थे।

200 र मेरो मनमा विचार आयो, कि कसैले मलाई यसो भनिरहेको जस्तो भयो, "ती थोत्रा मानिसहरुका झुण्डको बारेमा के छ जहाँ त जादैनस् नि?" बुझ्नुभयो?

201 मैले मेरो हात फेरी डुंगामा राखे, र मैले भने, "परमेश्वर, ममा दयालु हुनुहोस्। मेरी श्रीमती र मेरो बच्चालाई यो बिमारीको हालतमा यत्तिकै छोड्न मलाई नदिनुहोस्! कृपया दया गर्नुहोस्!" र मैले केवल त्यसलाई त्यसरी तानी नै रहे, र अझै पनि त्यो चालू हुदैन थियो। र मैले त्यो पानीको गर्जन सुन्न सक्थे, किनकि...केहि मिनेटमा नै सबै कुरा समाप्त हुनेवाला थियो। र मैले भने, "प्रभु, यदि तपाईले मलाई क्षमा दिनुभयो भने म बाचा गर्छु कि तपाईको निम्ति म जे पनि गर्नेछु।" र त्यहि डुंगामा नै घुडा टेकेर प्रार्थना गरे र पानीको छिट्टाले मेरो मुहारमा हानिरहेको थियो। मैले भने, "तपाईले चाहनुभएको हरेक काम म गर्ने छु।" र मैले फेरी डुंगा चलाउनलाई त्यसको तारलाई ताने, त्यो चालू भयो। र म मैले खोल्न सक्ने सबै इन्धनलाई त्यहाँ चालू गरे, र अनन्तः त्यो किनारसम्म आईपुगे।

202 र मैले त्यो गस्ती ट्रकलाई खोज्न गए। र मैले विचार गरे...त्यहाँ कोहि व्यक्तिहरु थिए जसले भनेका थिए, "त्यहाँ सरकारी गस्ती थियो केहि समय अगाडि त्यो बगाएर लग्यो।" मेरी श्रीमती र मेरो दुइटै बच्चा त्यसैमा थियो।

203 त्यो समय शहर चारैतिर लगभग पन्ध्र फिट गहिरो पानी थियो, र म आफ्नो बलले भ्याएसम्म त्यो सरकारलाई खोज्न थाले। र त्यहाँनिर एकजना मेजर थियो, र मैले भने, "मेजर, त्यो अस्पतालको के भयो?"

उहाले भन्नुभयो, "अब, चिन्तित नहौ। त्यहाँ भित्र तिम्रो कोहि थियो र?"

मैले भने, "हो, मेरो बिमार श्रीमती र दुइटा बच्चा थियो।"

204 उहाले भन्नुभयो, "तिनीहरु सबैलाई निकालिएको छ।" उहाले भन्नुभयो, "तिनीहरु एउटा मालबाहक गाडिमा चार्ल्सटाउनतिर गएका छन्।"

205 म दौडेर आफ्नो डुंगामा गए र...वा मेरो कारमा गए, र मेरो डुंगा त्यो पछाडि पट्टि राखे, र त्यो ठाउँतिर गए...थोरै गएसिन थाहा भयो पानीको बहाबले दुइ वा ढाई मिल चौडाईमा जमिन भासिएको थियो। र रातैभरी मैले कोषिस गरिनै रहे...कतिपयले भन्दै थिए कि, "त्यो मालबाहक गाडि त्यो काठले बनेको पुलबाट चिप्लेर बगाएर लग्यो।"

206 र अन्तिममा मैले आफैलाई एउटा सानो निर्जन टापूमा भेट्टाए, त्यहाँ म तिन दिनसम्म बसे। मसंग यो सोच्नलाई प्रशस्त समय थियो कि कतै ती मानिसहरु थोत्रो फोहोर हो या होइन भने। मैले सोचिनै रहे कि "मेरो श्रीमती कहाँ छिन् भनेर?"

207 अन्ततः केहि दिन पछि जब त्यहाँबाट बाहिर आए र मैले उनलाई भेटे, उनी त्यहाँ कोलम्बसमा थिईन्, इन्डियानाको ब्याप्टिष्टको सभागृहमा जहाँ तिनीहरुले अस्थायी अस्पताल जस्तै बनाएर राखेका थिए, बिरामीहरु राखेको कोठामा उनी थिईन् त्यो सानो सरकारी पलंगमा। र म त्यहाँ जति सक्दो दौडेर गए, उसलाई राखेको ठाउ खोज्ने कोषिस गर्दै थिए, कराउदै, "होप! होप! होप!" र मैले हेरे, र त्यहाँ उनी थिईन् त्यो पलगमा सुतिरहेकी थिईन्, र उसलाई क्षयरोग भईसकेको थियो।

उसले आफ्नो सानो दुब्लो हात उठाईन्, र उनले भनिन्, "बिल्ली।"

र म उ तर्फ दौडे, र मैले भने, "प्रिय, होप।"

उनले भनिन्, "म एकदम दयनिय देखिन्छु नि है?"

मैले भने, "होइन प्रिय, तिमी ठिकै देखिन्छौ।"

208 लगभग छ महिनासम्म हामीले उसको लागि हामीसंग भएको सबैकुराले उसलाई बचाउनलाई सबैथोक गर्यौ, तर उसको हातल झन् बिग्रिदै गयो।

209 एकदिन म गस्तीमा थिए र मैले मेरो गाडिको रेडियो बालेको थिए, र मैले सुने तिनीहरुले यसो भनेको, तिनीहरुले त्यहाँ मेरो लागि सूचना दिएका थिए "विलियम ब्रन्हाम छिट्टै अस्पताल आउनुहोस्, श्रीमती मर्ने स्थितिमा छ।" मैले गाडिको रातो बत्ति बाले र साईरन बजाए गाडि निकाले र म अस्पतालमा हतारिदै जति सक्दो छिटो गए। र त्यसपछि म—म

अस्पतालनिर पुगे र गाडी रोके। अस्पतालमा छिर्ने बित्तिकै मैले मेरो एउटा साथी स्याम अडेर देखे जोसंग मैले एकसाथ माछा मार्ने गर्थे, उ मेरो सानो हुदाको साथी थियो।

210 डाक्टर स्याम अडेर, त्यहि व्यक्ति हुनुहुन्छ जसको बारेमा दर्शन देखिएको थियो र धेरै समय भएको छैन त्यो क्लिनिकको बारेमा त्यसमा भनिएको थियो। र उहाले भन्नुभएको थियो, यदि कसैले दर्शनको बारेमा सङ्का गर्यो भने मलाई बोलाओस् र विवरण हेरोस् यदि कसैले त्यो सत्य हो या होइन भनि जान्न चाहन्छ भने।

211 र त्यसपछि उनी त्यहाँ यसरी बाहिर आए, र उसंग आफ्नो टोपी दाहिने हातमा थियो। उसले मलाई हेर्यो र उ केवल रुन थाल्यो। र म उतर्फ़ दौडेर गए, अँगालो हाले। उसले आफ्नो हातले मलाई अँगालो हाल्यो, अनि भन्यो, “बिल्ली, उनी जादैछिन्।” उसले भन्यो, “मलाई माफ गरिदेउ। मैले गर्नसक्ने सबै कोषिस गरे, मैले विशेषज्ञ र सबैलाए ल्याए।”

मैले भने, “श्याम, निश्चय पनि उनी जाने छैनन्।”

उसले भन्यो, “हो, उ जाँदैछिन्।” र उसले भन्यो, “भित्र नजाउ, बिल”

मैले भने, “म भित्र जानुपर्छ, श्याम”

उसले भन्यो, “नजाउ। कृपया नजाउ।”

मैले भने, “मलाई भित्र जान देऊ।”

उसले भन्यो, “म पनि तिमीसंगै जान्छु।”

212 मैले भने, “होइन, तिमी यहि बाहिर बस। म उसको अन्तिम समयमा उसंगै बस्न चाहन्छु।”

उसले भन्यो, “उनी अचेत छिन्।”

213 म कोठाभित्र पसे। र नर्स त्यहाँ बसिरहेकि थिईन्, र उनी रोईरहेकि थिईन् किनकी उ र होप एउटै विद्यालयका साथी थिए। र त्यसैले मैले त्यता हेरे, र उनी रुन थालिन्, आफ्नो हात माथी राखिन्। र त्यहाँ बाट हिडीन्।

214 र मैले उसलाई हेरे र उसलाई हल्लाए। अनि उनी त्यहाँ थिईन्, उनी एक सय बिस पाउण्डबाट तल साट्ठी पाउण्डमा झरेकि थिईन्। र मैले—मैले उसलाई हल्लाए। र यदि म सय बर्ष सम्म बाँचे भने पनि त्यहाँ के भयो भन्ने कुरा म कहिल्यै भुल्न सक्दिन। उनी मतर्फ फर्किन्, र ती ठुला आँखाहरुले

मलाई हेरिन्। उनी मुस्कुराईन्। उनले भनिन्, “तिमीले मलाई फेरी किन बोलायौ, बिल्ली?”

मैले भने, “प्रिय, अब मैले पैसा पाएको छु।”

215 मैले काम गर्न परेको थियो। हामी ऋणमा थियौ र सयौ डलरको डाक्टरको बिल आएको थियो, र त्यो तिर्नको लागि केहि पनि थिएन। र त्यसैले म काम गर्न जान्थे। र उनी त्यो अवस्थामा हुदा म हरेक दिन दुइ वा तिन पटक उसलाई भेट्न आउथे र रातमा उसंगै रहन्थे।

मैले उसलाई भने, “तिमीलाई बोलाए भन्नुको मतलव के हो?”

216 उनले भनिन्, “बिल, तिमीले यसको बारेमा प्रचार गरेका छौ, तिमीले यसको विषयमा बोलेका छौ, तर तिमीलाई थाहा नै छैन यो के हो भनेर।”

मैले भने, “तिमीले के को बारेमा बोल्दैछौ?”

217 उनले भनिन्, “स्वर्ग।” उनले भनिन्, “हेर।” उनले भनिन्, “मलाई केहि मानिसहरु, पुरुषहरु वा महिलाहरुले सुरक्षा दिदै मेरो स्वर्गीय घरमा लादै थिए। तिनीहरु सेता वस्त्रमा थिए।” र उनले भनिन्, “म एकदमै आनन्द र शान्तिमा थिए।” उनले भनिन्, “ठूला सुन्दर चरीहरु एउटा रुख देखि अर्को रुखसम्म उड्दै थिए।” उनले भनिन्, “तिमी यो नसोच कि म आफु आफैमा डुबेर भ्रममा छु।” उनले भनिन्, “बिल्ली, म तिमीलाई हाम्रो गल्ति भन्न जादै छु।” उनले भनिन्, “यहाँ बस।” म बासिन, म घुडाले चाहि टेकेर उसको हातलाई समाते। उनले भनिन्, “तिमीलाई थाहा छ हाम्रो गल्ति कहाँ भएको थियो?”

र मैले भने, “हो, प्रिय, म जान्दछु।”

218 उनले भनिन्, “हामीले कहिल्यै आमाको कुरा नसुनेको भए हुन्थ्यो। ती मानिसहरु सहि थिए।”

र मैले भने, “मलाई यो थाहा छ।”

219 उनले भने, “मलाई बाचा गर कि तिमी ती मानिसहरु कहाँ जानेछौ,” उनले भनिन्, “किनभने तिनीहरू सहि छन्।” र उनले भनिन्, “मेरा छोराछोरीहरुलाई तिनीहरु जस्तै बनाउनु।” र म...उनले भनिन्, “म तिमीलाई केहि भन्न चाहन्छु।” उनले भनिन्, “म मर्दै छु, तर” उनले भनिन्, “म भयभीत भएको छुइन।” उनले भनिन्, “त्यो सुन्दर ठाउ छ।” उनले भनिन्, “एउटा मात्रै कुरा छ, कि म छोडेर जान चाहन्न, बिल। र म जान्दछु

कि तिमीले यी दुइटा सानसनो बच्चालाइ हेरचाह गर्न पर्नेछ।" उनले भनिन्, "मलाई यो बाचा गर कि तिमी एक्लै बस्ने छैन र मेरा छोराछोरीले जीवनमा दुख र ठोकर नपाओस्।" त्यो एउटा एक्काईस् वर्षको उमेरकि आमाको लागि गम्भीर कुरा हो।

र मैले भने, "म त्यो बाचा गर्न सक्दिन, होप।"

220 उनले भनिन्, "कृपया, मलाई बाचा गर।" उनले भनिन्, "एउटा कुरा म तिमीलाई भन्न चाहन्छु।" उनले भनिन्, "तिमीलाई त्यो राईफल बन्दुक याद छ?" म बन्दुक चलाउँन मन पराउने मान्छे हुँ। र उनले भनिन्, "तिमीले त्यो राईफल बन्दुक किन्न चाहन्थ्यौ तर तिमीसंग पुग्ने पैसा थिएन त्यो किन्नको लागि।"

मैले भने, "हो।"

221 उनले भनिन्, "मैले पैसा, निकेल जम्मा गरिरहेको थिए त्यो राईफल बन्दुक तिम्रो निम्ति किन्नको लागि।" उनले भनिन्, "अब, जब यो समाप्त हुन्छ र तिमी घर जान्छौ, तब त्यहाँ फोल्डिंग बेडको तल तिमीले त्यो कागजको टुक्रा भेट्छौ त्यसमा तिमीले पैसा भेट्छौ।" उनले भनिन्, "मलाई बाचा गर कि तिमीले त्यो राईफल किन्नेछौ।"

222 तपाईलाई थाहा छैन कि मलाई कस्तो महसूस भयो जब मैले त्यो पचहत्तर सेन्ट (निकेल) त्यहाँ रहेको देखे। मैले राईफल किने।

223 र उनले भनिन्, "तिमीलाई याद छ त्यो समय जुन बेला तिमी मेरो लागि एक जोडी मोजा किन्न तल शहरमा गएको थियौ, र हामी फोर्ट वाईन मा जादै थियौ?"

मैले भने, "अँ, याद छ।"

224 म माछा मारेर आएको थिए, र उनले भनिन्...हामी फोर्ट वाईन् जान परेको थियो, मैले त्यहाँ रातमा प्रचार गर्न पर्ने थियो। र उनले भनिन्, "तिमीलाई याद छ मैले त्यसबेला भनेको थिए कि त्यहाँ दुइ भिन्नै किसिमको छ।" एउटालाई "सिफन" भन्छ। र अर्को चाहि के थियो "रेयोन"? त्यहि होइन? रेयोन र सिफन। ठिक छ सिफन चाहि राम्रो वाला हो। सहि होइन त? र उनले भनिन्, "अब तिमीले मलाई केहि सिफन वाला, पुरै खुट्टाको शैलीको ल्याउ।" तपाईलाई थाहा छ त्यो मोजामा माथिपट्टि सानो खालको

केहि कुरा हुन्छ? र मलाई केहि पनि थाहा छैन केटिको कपडाको बारेमा, त्यसैले मैले…

225 र म तल शहरको सडकमा गएर यसो भन्दै थिए, “सिफन, सिफन, सिफन, सिफन,” त्यहि याद गर्न खोज्दै, ‘सिफन, सिफन, सिफन’

कसैले मलाई भन्यो, “हेलो, बिल्ली?”

226 मैले भने, “ओ, हेलो, हेलो।” “सिफन, सिफन, सिफन, सिफन, सिफन।”

227 र म कुनामा पुगे र मैले श्रीमान् स्पूनलाई भेटे। उहाले भन्नुभयो, “हे, बिल्ली, के तिमीलाई थाहा छ पर्च माछा त्यो अन्तिम तटमा टोकिरहेको छ नि?”

मैले भने, “साच्चै नै त्यो सहि हो?”

उसले भन्यो, “हो।”

जब उसलाई मैले छोडेर आए अनि मैले सोचे, “त्यो के कुरा थियो?” मैले त्यो कुरा भुले।

228 त्यसैले थेल्मा फोर्ड भन्ने एउटा केटि थियो जसलाई मैले चिन्दथिए, उनी त्यहाँ टेन सेन्ट स्टोरमा काम गर्थिन्। र मलाई थाहा थियो कि तिनीहरुले त्यहाँ महिलाको मोजा बेच्ने गर्थे, त्यसैले म त्यहाँ गए। मैले भने, “हाई, थेल्मा।”

र उनले भनिन्, “हाई, बिल्ली, तिमी कस्तो छौ? होप कस्ती छिन्?”

229 र मैले भने, “ठिकै छु।” मैले भने, “थेल्मा, होपको लागि मलाई एउटा जोडी मोजा चाहिएको थियो।”

उनले भनिन्, “होपलाई मोजा चाहिदैन होला।”

मैले भने, “हो, म्याम, उसलाई चाहिन्छ।”

उसले भन्यो, “तिमीले भन्न खोजेको स्टकिंगवाला मोजा हो?”

230 “ओ, अँ हो” मैले भने, “त्यहि नै हो।” मैले सोचे, “ओ, मैले फेरी मेरो मुर्खता देखाएछु।”

र उसले भन्यो, “कुन खालको उसलाई चाहिएको हो?”

मैले सोचे, “ओ, ओ!” मैले भने, “कुन खालको तिमीसंग छ?”

उसले भन्यो, “अँ, हामीसंग रेयोन छ।”

231 मलाई त्यसको भिन्नता नै थाहा थिएन। रेयोन, सिफन त्यो सबै एउटै सुनिन्थ्यो। मैले भने, “त्यहि नै हो मलाई चाहिएको।” उसले भन्यो...मैले भने, “मेरो लागि त्यो जोडि पुरावाला मोजा हालिदेउ।” र उसले...मैले त्यो गलत भने। त्यो के हो? पुरावाला शैलीको। “पुरा वाला शैलीको।” र त्यसैले मैले भने, “मेरो लागि एउटा जोडि राखीदेऊ।”

232 र जब उसले मलाई दिनको लागि त्यहाँनिर गयो, त्यो मात्रै लगभग तिस सेन्टको थियो, बिस सेन्ट वा तिस सेन्टको थियो, लगभग आधा मूल्यको थियो। मैले भने, “ठिक छ, मलाई दुइटा जोडि देऊ।” बुझ्नुभयो?

233 र म फर्केर घर गए, र मैले भने, “तिमीलाई थाहा छ, प्रिय, तिमी केटिहरु केहि किन्नलाई मोल तोल गर्दै पुरै शहर घुम्छौ।” तिमीहरु काग जस्तो कराएर मोलतोल गर्नमात्रै खोज्छौ। र मैले भने, “तर यहाँ, यहाँ हेर त, तिमीहरुले जुन मूल्यमा एक जोडि ल्याउछौ त्यो पैसाले मैले यहाँ दुइ जोडि ल्याएको छु। देख्यौ?” मैले भने, “ओ, त्यो मेरो व्यक्तिगत क्षमता हो।” बुझ्यौ, मैले भने—मैले भने, “तिमीलाई थाहा छ, यो मलाई थेल्माले बेचेको हो।” मैले भने, “उसले मलाई आधा मूल्यमा नै यो दिएको हुनुपर्छ।”

उनले भनिन्, “तिमीले सिफन नै ल्यायौ नि?”

234 मैले भने, “हो, म्याम।” त्यो सबै मेरो लागि एउटै सुनिएको थियो, मलाई थाहै थिएन त्यहाँ केहि भिन्नता छ भनेर।

235 र उनले मलाई भनिन्, उनले भनिन्, “बिल्ली।” मलाई अचम्म मानेको थिए जब उसले फोर्ट वाईनमा अर्को जोडि स्टकिंग मोजा किन्न परेको थियो। उनले भनिन्, “मैले त्यो तिम्रो आमालाई दिए।” भनिन्, “त्यो त बृद्धा महिलाहरुको लागि हो।” भनिन्, “मलाई माफ गर, मैले त्यसो गरे।”

र मैले भने, “ओ, त्यो ठिकै छ, प्रिय।”

236 र उनले भनिन्, “अब, तिमी एक्लै नबस।” र उनले भनिन्...उसलाई थाहा थिएन त्यो समय पछिको केहि घण्टा केहि हुन जादै थियो भनि। र मैले उसको हात समाती नै रहे जब परमेश्वरको दुतहरुले उसलाई लादै थियो।

237 म घर गए। मलाई थाहा थिएन के गर्ने भनेर। म त्यहाँ राति पल्टिरहे र मैले यो सुने...मलाई लाग्छ त्यो एउटा सानो मूसा थियो, त्यो पुरानो जालीमा जहाँ केहि कागजहरु थियो। र मैले ढोका मेरो खुट्टाले हानेर बन्द गरे, र त्यहाँ पछाडि पट्टि उसको किमोनो कपडा झुण्डीहेको थियो,

(र त्यहाँनिर शवालयमा रहिरहेको थियो)। र केहि समयमा मलाई कसैले बोलायो, भन्यो, “बिल्ली!” र त्यो भाई फ्र्यांक ब्रोय थियो। उसले भन्यो, “तिम्रो बच्चा मर्दैछ।”

मैले भने, “मेरो बच्चा?”

238 उहाले भन्नुभयो, “हो, स्यारोन रोज।” भन्नुभयो, “डाक्टर माथी हुनुहुन्छ र भन्दै हुनुहुन्छ, ‘उसलाई मेरुदण्डको क्षयरोग (ट्युबरकलोसिस मेनइन्जाईटिज) भएको छ, र त्यो उसको आमाबाट उसलाई आएको हो।’” र भन्नुभयो, “उनी मर्दैछिन्।”

239 म कारमा गए र त्यहाँ माथि गए। र त्यहाँ उ थियो, सानी प्यारी केटि। र तिनीहरुले उसलाई अस्पतालमा लादै थिए।

240 म उसलाई हेर्न गए। स्याम माथी आयो र भन्यो, “बिल्ली, त्यहाँ माथीको कोठामा तिमी नजाउ, तिमीले बिल्ली पलको बारेमा सोच्नुपर्छ।” भन्यो, “छोरी त मर्दै नै छिन्।”

मैले भने, “डाक्टर, म मेरो बच्चालाई हेर्न चाहन्छु।”

241 उहाले भन्नुभयो, “हुदैन, तपाई भित्र जान मिल्दैन। उसलाई मेरुदण्ड संक्रमण (मेनइन्जाईटिज) भएको छ, र त्यो तिम्रो मार्फतबाट त्यो बिल्ली पलमा सर्न सक्छ।”

242 र उहा बाहिर नआउन्जेलसम्म म त्यहाँ पर्खिनै रहे। उ मर्दै गरेको हेर्न मलाई मनाहि थियो, र उसको आमा त्यहाँ मुर्दाघरमा थियो। म तपाईलाई भन्छु कि घुसपेठ गर्ने काम पनि अत्यन्त कठिन हुन्छ। र म—म गए, ढोकामा गए र जब स्याम र नर्सबाहिर गयो, म भुइँ तलामा गए। त्यो एउटा सानो अस्पताल थियो। उसलाई अलग्गै ठाउमा राखिएको थियो, र झिंगाहरु उसको सानो आँखामा भन्किरहेको थियो। र तिनीहरुसंग एउटा सानो…जुनलाई हामीले, “मच्छडको झुल” भन्छौ वा सानो एउटा जाली जुन आँखाको माथी राखिएको थियो। र उ…शरीरको भागमा उसको सानो मोटो खुट्टा र उसको सानो हातहरु चलिरहेको थियो। र उसलाई मैले हेरे र उनी केवल आठ महिनाको थोरै ठुलो भैसकेको नानी थियो।

243 जब म बाहिर देखि घर आउथे उसको आमाले उसलाई सानो त्रिकोण कलोत लगाईदिएर बाहिर राखिदिन्थीन्। र जब म आएर कारको हर्न बजाउथे, उ मकहा आउनको लागि, “गू–गू, गू–गू,” गर्थिन्।

244 र त्यहाँ मेरी प्यारी छोरी मर्नलाई लेटिरहेको थियो। मैले उ तर्फ तल हेरे, र मैले भने, “स्यारी, तिमीले बाबालाई चिन्यौ? तिमीले बाबालाई चिन्यौ स्यारी?” र जब उसले हेर्यो...उ यत्ति धेरै पिडा भोगिरहेको थियो कि उसको सानो निलो आँखा बिग्रिएको थियो। त्यो देख्दा मेरो हृदय मबाटै च्यातिएको सरह भयो।

245 म भुइमा घुडा टेके, मैले भने, “प्रभु, मैले के गरेको थिए? के मैले सुसमाचार सडकको कुनाकुनामा प्रचार गरेको थिईन र? मैले सबैथोक गरेको छु जुन मलाई थाहा छ। मेरो विरुद्धमा यस्तो नगर्नुहोस्। मैले ती मानिसहरुलाई कहिल्यै ‘थोत्रो’ भनेको छुइन। त्यो सासू आमा थियो जसले ती मानिसहरुलाई ‘थोत्रो फोहोर’ भन्नुभएको थियो।” मैले भने, “म क्षमा चाहन्छु यी सबै हुन आयो। मलाई क्षमा दिनुहोस्। मेरो बच्चालाई नलानुहोस्।” र जब म प्रार्थना गर्दै थिए, एउटा कालो जस्तो देखेको थियो...एउटा चादर वा कपडा जस्तो तल आयो। मैले थाहा पाए कि उहाले मलाई अस्विकार गर्नुभयो।

246 अब, त्यो नै मेरो जीवनको सबैभन्दा कठिन र अत्यन्त विश्वासघाती समय थियो। जब म उठे र उसलाई हेरे, र मैले सोचे...शैतानले मेरो मन मा यो राखिदियो, “ठिक छ, तिमीले सकेसम्म बल लगाएर प्रचार गरेको थियौ, र तिमीले राम्रो जीवन जिएको थियौ, र अब जब कुरा तिम्रो छोरीकोमा आयो, उहाले तिमीलाई धोका दिनुभयो?”

247 र मैले भने, “त्यो सहि हो, यदि उहाले मेरो बच्चालाई बचाउन सक्दैन भने, म पनि सक्दिन...” मैले रोके। के मात्र गर्ने भनेर मलाई थाहा थिएन। र त्यसपछि मैले यो भने, “प्रभु तपाईले नै मलाई यो बच्चा दिनुभयो र तपाईले नै उसलाई खोसेर लानुभयो, परमप्रभुको नाउ धन्यको होस्! यदि तपाईले मलाई नै पनि लानुभयो भने, म तपाईलाई अझै पनि प्रेम गर्नेछु।”

248 र उ प्रति मेरो हात राख्छु, मैले भने, “आशिष होस् तिमीलाई मेरी प्यारी छोरी। बाबाले तिमीलाई पालनपोषण गर्न चाहन्थ्यो, मेरो पुरा हृदयले म तिमीलाई हुर्काउन चाहन्थे, तिमीलाई प्रभुलाई प्रेम गर्नको निम्ति हुर्काउन चाहन्थे। तर मेरी मुटुको टुक्रा स्वर्गदूतहरु तिम्रो निम्ति आईरहेका छन्। बाबाले तिम्रो सानो शरीर लिएर जानेछु र आमाको बाहुलीमा रखिदिनेछु। म तिम्रो शरीरलाई आमासंगै दफनाउने छु। कुनैदिन बाबाले तिमीलाई भेट्नेछु, त्यतिन्जेल आमासंग तिमी माथी मलाई पर्ख।”

249 जब उसको आमा मर्दै थियो, उनले अन्तिम शब्दहरु बोलेकि थिईन्, उनले भनेकि थिईन्, "बिल, आफ्नो काममा लागि रहनु, परमेश्वरको काममा लागिरहनु।"

250 मैले भनेको थिए, "म गर्नेछु..." उनले भनिन्...मैले भने, "परमेश्वर आउनुहुदा यदि म काममा नै रहे भने म बच्चाहरु सहित तिमीलाई भेट्न आउने छु। यदि म त्यो बेलासम्म रहिन भने म तिम्रै छेउमा गाडिने छु। र तिमी त्यो महान् ढोकाको ठिक दाँयातर्फि बस्नु र जब सबैजना आईरहेको हुन्छ, त्यहाँतिर उभिनु र, 'बिल! बिल! बिल!' भनेर जति सक्छौ ठुलो आवाजले कराउनु। म तिमीलाई त्यहाँ भेट्नेछु।" मैले उसलाई अन्तिम बिदाईको गुड–बाईको चुम्बन गरे। म आजको दिनमा युद्धको मैदानमा छु। त्यो लगभग झन्डै बिस वर्ष अगाडि थियो। मेरो भेट मेरी श्रीमतीसंग त्यो बेला नै तय भएको थियो, र म उसलाई भेट्नेवाला छु।

251 र जब छोरी मरिन् मैले सानी छोरीलाई लिए, र आमाको बाहुलीमा राखे, र हामीले त्यहि कबस्र्थानमा दफनाउनलाई लिएर गयौ। र म त्यहाँ उभिए भाई स्मिथले बोल्नुभएको सुन्नलाई, त्यो मेथोडिष्ट प्रचारक जसले अन्त्यष्टिमा प्रचार गर्नुभएको थियो, "खरानीको खरानी, र धूलोको धूलो।" (र मैले सोचे, "हृदयको हृदय।") त्यहाँ उसको बिदाई भयो।

252 त्यसपपछि धेरै समय भएको थिईन, एउटा बिहानीमा मैले सानो बिल्लीलाई त्यहाँ लगेको थिए। उ मात्र एउटा सानो केटा थियो। उ...

253 त्यहि नै कारणले उ मसंग हर समय संगै रहन्छ र म उसंगै रहन्छु, म उसको लागि दुइटै बाबा पनि र आमा पनि हुनुपर्छ। मैले उसको सानो बोतल लिने गर्थे। हामीले उसको दुध राती तताउनको लागि आगो तयार पार्नलाई खर्च गर्नलाई सक्षम थिएनौ र त्यसैले मैले मेरो पछाडिको भागमा त्यसलाई यसरी राख्थे र त्यसलाई मेरो शरीरको तापले तातो नै राखीराख्थे।

254 हामी साथीजस्तै गरी सधै संगै रहने गरेका छौ, र यी दिनहरुमा जब म कामबाट बाहिर निस्किन्छु म उसलाई यो बचन हस्तान्तरण गर्न चाहन्छु, र भन्छु, "यो लिएर जाउ। तिमी यसैमा रहीरह।" कोहि कोहि मानिसहरु अचम्म मान्छन् किन मैले सधै बिल्लीलाई साथै ल्याई रहन्छु भनि। म उसलाई त्यसै छोड्नै सक्दिन। उ विवाहित पनि भैसक्यो, तर म अझै पनि सम्झन्छु कि उसको आमाले भनेको "उसंगै रहिरह।" र हामी साथी झैँ गरि एकसाथ भईरहने गर्छौं।

255 मलाई याद छ शहरको वरपर हिड्दाको बेला, मेरो हातको मुनि त्यो बोतल हुनेगर्थ्यो, यो जुनै पनि बेलामा रुनसक्छ भनेर त्यस बेला मेरो हातमा त्यो बोतल हुने गर्थ्यो। एक रात उ...हामी पछाडि पट्टि हिड्दै थियौ जहाँ केवल...(जब उसले उसलाई पाउनको लागी तय गर्दै थियो, उनी चिन्तित थिईन्, र म...केवल एउटा केटि थिई, तपाईलाई थाहा छ) र म ओहोरदोहोर गर्थे त्यो पुरानो कटुसको रुखको छेउमा जुन घरको पछाडि पट्टि थियो। र उ आफ्नो आमाको लागि रुदै थियो, र मसंग कुनै आमा थिएन उसलाई त्यहाँ लानको लागि। र मैले उसलाई बोक्थे, र मैले भन्थे, “ओ, प्रिय।” मैले भने...

256 उसले भन्यो, “बाबा मेरो आमा कहाँ हुनुहुन्छ? के तपाईले उहालाई त्यो जमिनमा राख्नुभको हो?”

मैले भने, “होइन, प्रिय। तिम्रो आमा एकदम ठिकठाक छ, उ माथी स्वर्गमा छ।”

257 र उसले एकदिन त्यहाँ केहि कुरा भन्यो, जसले मलाई मारेको तुल्य बनायो। उ रुदै थियो, साँझको ढीलाबेर सम्म रोईरहेको थियो र मैले उसलाई मेरो ढाडमा *यसरी* बोक्दै र काँधमा बोकेर र *यसरी* सुम्सुमाएर राख्दै थिए। र उसले भन्यो, “बाबा, आमालाई लिन जानुहोस् र यहाँ ल्याईदिनुस्।”

र मैले भने, “प्रिय, मैले आमालाई ल्याउन सक्दिन। येशू...”

उसले भन्यो, “ठिक छ, येशूलाई मेरो आमालाई पठाईदिनु भन्नुस्। मलाई उहा चाहिन्छ।”

258 र मैले भने, “ठिक छ, प्रिय, म...म र तिमी कुनै दिन आमालाई हेर्न जानेछौ।”

र उसले रोक्यो, र भन्यो, “बाबा!”

र मैले भने, “हजुर?”

भन्यो, “मैले आमालाई त्यो त्यहाँ बादलमा देखे।”

259 मेरो प्रभु, म मरेतुल्य भए! मैले सोचे, “मैले आमालाई त्यहाँ माथी बादलमा देखे रे।” म मात्रै झन्डै बेहोस् भईन। मैले सानो केटोलाई अंगालेर *त्यसरी* आफ्नो काँखमा राखे, र केवल आफ्नो शिर तल झुकाए, र त्यसरी नै बसे।

260 दिनहरु बित्दै गयो। मैले त्यो भुल्नै सकिन। मैले काम गर्न खोजे। घर जानै सकिन, त्यो घर जस्तो नै रहेन। र म त्यहि बस्न खोजे। हामीसंग केहि पनि थिएन केवल त्यो पुरानो टुटेफुटेको फर्निचर थियो, तर त्यो नै यस्तो चिज थियो जुनमा उसको आमाले र मैले खुसी त्यहि घरमा आनन्द पूर्वक रहेका थियौ। त्यो नै मेरो घर थियो।

261 र मलाई याद छ एकदिन म सार्वजनिक विभागको विद्धुतिय एकाईमा काम गर्ने कोशिष गर्दै थिए। त्यहाँ एउटा ठाउमा पुरानो तार टुटेको थियो त्यसलाई लगाउनको लागि बिहानै काममा गएको थिए। र म एउटा फलामको खम्बामा चडेको थिए। (र मैले त्यो सानी छोरीलाई आफ्नो मनबाट निकाल्न सकेको थिएन। मैले मेरी श्रीमती गएको देखेको थिए, तर त्यो बच्चा जाने मात्र एउटा सानो कुरा थियो।) र म त्यहाँ माथि थिए, र म गाईरहेको थिए, "त्यो टाढाको डाडामा, एउटा पुरानो क्रूस खडा थियो।" र त्यहि बेला बिजुली ट्रान्सफर्मरमा आयो र म भएको तारमा बगेर आयो। र म त्यो खम्बामा झुन्डिएर काम गर्दै थिए। र मैले हेरिरहेको थिए र सुर्य पछाडि तिर आउदै थियो। र त्यहाँ, मेरो हात दुइतिर तन्किएको जस्तो भएर त्यहाँ टाढा डाँडामा क्रूस जस्तो छाया देखियो। मैले सोचे, "हो, त्यो मेरा पापहरु थिए जसले उहालाई त्यहाँ क्रूसमा पुर्यायो।"

262 मैले भने, "स्यारोन, प्रिय, तिमीलाई बाबालाई एकदम हेर्न मन लागेको छ। प्रिय। तिमी मेरो सानी प्यारी, यत्ति धेरै म तिमीलाई फेरी पनि आफ्नो अँगालोमा हाल्नलाई तड्पिरहेको छु।" उनीहरुको मृत्यु भएको हप्तौ बितिसकेको थियो तर म आफ्नै बिचारमा हराईरहेको थिए। मैले मेरो रबरको पन्जा निकाले। त्यहाँ तेईस सय भोल्ट बिजुली मेरै अगाडि तारमा बगिरहेको थियो। मैले मेरो रबरको पन्जा निकाले। मैले भने, "परमेश्वर, म यो गर्न चाहन्न। म एउटा कायर हुँ। तर, स्यारी, बाबाले तिमीलाई र आमालाई केहि मिनेटमा नै हेर्न आउदैछु।" मैले मेरो पन्जा निकाल्न शुरू गरे, मेरो हात त्यो तेईस सय भोल्ट बिजुलीको तारमा हाल्नलाई तयार भए। त्यो टुट्छ...के हुन्छ, तपाईमा रगत समेत त्यहाँ बाकि रहेको हुदैन। र त्यसैले मैले त्यो पन्जा तान्न शुरू गरे, र त्यहाँ केहि भयो। जब म होसमा आए म त जमिनमा मेरो हात *यसरी* मेरो अनुहारमा राखेर रोईरहेको अवास्थामा बसिरहेको थिए। त्यो परमेश्वरको अनुग्रह थियो, नभए आज यहाँ मेरो चंगाईको सेवाकाई हुने थिएन। म पक्का छु यो कुरामा। त्यो उहा स्वयम् हुनुहुन्थ्यो जसले मलाई होइन तर मबाट हुने आफ्नो वरदानलाई रक्षा गर्नुभएको थियो।

263 म घरतिर जान तयार भए। सबै यन्त्रहरु टाढा राखेर त्यो छोडिदिए। र घर फर्किन् लागे, मैले अरुलाई भने, “म घर जादै छु।”

264 मैले घरको वरपर शुरू गरे, र मैले घरमा भएको पत्र उठाए, एक किसिमको ठण्डा मौसम थियो, र म भित्र पसे। हाम्रो एउटा सानो कोठा थियो, म त्यो सानो कोठामा भएको एउटा सानो पलंगमा सुत्थे, र चिसो शित आईरहेको थियो, र एउटा मात्र त्यो पुरानो चूलो थियो। मैले त्यो पत्र लिए अनि त्यो पत्रमा हेरे, र त्यहाँ पहिलो कुरा होपको एउटा सानो बचत गरेको पैसा थियो, अस्सी सेन्ट थियो, “मिस स्यारोन रोज ब्रन्हाम” को लागि थियो। र फेरी पनि त्यहि कुरा आयो फर्केर।

265 म खेल हेरचाह गर्ने पाले पनि थिए। म त्यहाँ निर गए अनि मेरो बन्दुक राख्ने ठाउबाट बन्दुक निकाले। मैले भने, “प्रभु, म—म यसरी रहिरहन सक्दिन, म—म मर्दैछु। म एकदमै बिचल्लित भएकोछु।” मैले बन्दुकमा त्यसको घोडा ताने, मेरो शिरमा निशाना बनाई ताके, त्यो अन्धकार कोठाको पलंगमा घुडा टेकेर त्यसो गरे। मैले भने, “हे हाम्रा स्वर्गमा बस्नुहुने पिता, तपाईको नाउ पवित्र गरियोस्। तपाईको राज्य आओस्, तपाईको इच्छा पुरा होस्,” र जसै मैले कोषिस गरे, र मैले बन्दुकको ट्रीगर सकेको सम्म बेस्सरी दाबे, मैले भने, “स्वर्गमा झैं यस पृथ्वीमा पुरा होस्, हाम्रो दिनभरीको रोटि आज हामीलाई दिनुहोस्।” र त्यो गोलि नै निस्किदैन थियो।

266 र मैले सोचे, “ओ परमेश्वर, के तपाईले मलाई टुक्रा टुक्रामा टुटाई राख्नुभएको हो? मैले के गरेको छु र? तपाईले मर्न समेत दिनुहुन्न।” र मैले रिसले बन्दुक भुइँमा फालिदिए अनि त्यसले कोठामा केहि गोली हान्यो। मैले भने, “परमेश्वर, किन म मर्न पनि सक्दिन र यसबाट मुक्त हुनसक्दिन? म यसरी अब जिउन सक्दिन। तपाईले मलाई केहि गर्नुनै पर्छ अब।” र म त्यहाँ लडे अनि मेरो त्यो सानो, पुरानो पलंगमा लडेर रुन थाले।

267 र म पक्कै पनि निदाउन पुगेको हुनुपर्छ। मलाई थाहा छैन म सुते वा के भयो भनि।

268 म सधै ती पश्चिमी कुरा जस्तै हुन मन पराउथे। मलाई सधै ती मध्ये एउटा टोपी पाउन इछ्या गर्थे। मेरो बुवाले आफ्नो जवान दिनहरुमा सधै त्यसरी घोडामा लगाएर हिड्नुभयो, र मैले सधै त्यस्तो एउटा टोपी लाउन चाहन्थे। र भाई डेमोस सखरियनले मलाई हिजो त्यस्तै एउटा टोपी

ल्याईदिनुभएको छ, मैले मेरो जीवनमा पहिलो पटक त्यस्तो खालको टोपी पाएको हो, ती खालको पश्चिमी टोपी।

269 र मलाई लाग्यो म त्यो हरियो मैदानबाट भएर तल जादै थिए, यो गीत गाउदै गएको थिए, “त्यहाँ एउटा गाडा थियो जसको पांग्रा टुटेको छ, त्यो चिन्ह थियो, जुन बिक्रिको लागि थियो।” र जसै म त्यसबाट भएर जादै थिए, मैले एउटा छोपेर राखेको रातो गाडा देखे, जुन पुरानो बेलगाडा जस्तै थियो, र त्यसको पांग्रा भाचेको थियो। अवश्य पनि त्यसले मेरो टुटेको परिवारलाई प्रस्तूत गरेको थियो। र जसै म नजिक गए, मैले हेरे, र त्यहाँनिर एउटा एकदम सुन्दरी जवान केटि थियो, जो लगभग बिस वर्षकि थिईन्, सेतो कपाल र निलो आँखा भएको, जो सेतो वस्त्रमा थिईन्। मैले उसलाई हेरे, मैले भने, “कस्तो हुनुहुन्छ तपाई?” त्यस्तै कुरा गर्न थाले।

उसले भन्यो, “हेल्लो, बाबा।”

270 र म पछाडि फर्किए, मैले भने, “बाबा?” “किन,” मैले भने, “कसरी मिस, म तपाईको...कसरी म तपाईको बाबा हुनसक्छु जबकि तपाई म जत्तिकै उमेरको हुनुहुन्छ?”

271 उसले भन्यो, “बाबा, तपाईलाई थाहै छैन कि तपाई कहाँ हुनुहुन्छ भनि।”

मैले भने, “तिमीले भन्न खोजेको अर्थ के हो?”

272 उसले भन्यो, “यो स्वर्ग हो।” उसले भन्यो, “पृथ्वीमा म तपाईको सानी स्यारोन थिए।”

“कसरी,” मैले भने, “प्रिय, तिमी केवल सानी बच्ची थियौ।”

273 उसले भन्यो, “बाबा, सानो बच्चाहरु यहाँ सानो बच्चा रहदैनन्, तिनीहरु अमर हुन्छन्। यहाँ कोहि पनि बुढो हुदैन वा उमेर ढल्दैन।”

274 र मैले भने “अँ, स्यारोन, प्यारी, तिमी एउटा सुन्दरी जवान स्त्री छौ।”

उसले भन्यो, “आमाले तपाईलाई पर्खिरहनुभएको छ।”

र मैले भने, “कहाँ?”

उसले भन्यो, “माथी त्यहाँ तपाईको नया घरमा।”

275 र मैले भने, “नया घर?” ब्रन्हामहरु आवारा हुन्छन्, तिनीहरुको घर हुदैन, तिनीहरु त केवल...र मैले भने, “अँ, मेरो त कहिल्यै एउटा पनि घर थिएन, छोरी।”

276 उसले भन्यो, “तर तपाईको यहाँ माथी एउटा घर छ, बाबा।” म बच्चा जस्तो गरी रुन चाहन्न, तर यो मेरो लागि यत्ति वास्तविक थियो। [भाई ब्रन्हाम रुनुहुन्छ—सम्पा।] जसै म यसको बारेमा सोच्न थाल्छु, यो सबै फेरी ताजा भई आउछ। उसले भन्यो, “तपाईको यहाँ चाहि एउटा घर छ, बाबा।” म जान्दछु कि मेरो त्यहाँ एउटा घर छ, कुनै दिन म त्यहाँ जानेछु। उसले भन्यो, “बिल्ली पल, मेरो दाई कहाँ छ?”

277 र मैले भने, “अँ, मैले उसलाई श्रीमती ब्रोयको मा मात्र केहि समय अगाडि छोडेको छु।”

उसले भन्यो, “आमाले, तपाईलाई हेर्न चाहनुहुन्छ।”

278 र म पछाडि फर्किए र हेरे, र त्यहाँनिर महान् ठूलो दरबारहरु थियो, र त्यसको वरपर परमेश्वरको महिमा आईरहेको थियो। र मैले स्वर्गदुतहरुको गायकहरुले यो गीत गाईरहेको सुने, “मेरो घर, मिठो घर।” र मैले मेरो कदमहरु अगि बढाए, सक्दो बल लगाएर त्यतातिर दौडिए। र जब म ढोकानिर पुगे, त्यहाँनिर होप उभिईरहेकि थिईन्, सेतो चहकिलो बस्त्र लगाईरहेकी, कालो लामो रेशमी कपाल उसको ढाँडसम्म झरेको थियो। उनले आफ्नो हात बढाएर अँगालो खोलिन्, जुन उनले सधै गरेकि थिईन् जब म घरमा थाकेर वा कहीबाट आएको हुन्थे। मैले उसको हात समाते र मैले उसलाई भने, “प्रिय, मैले तल त्यहाँ स्यारोनलाई देखे।” मैले भने, “उ एकप्रकारको जवान केटि भएकि छिन्, होइन त?”

279 उनले भनिन्, “हो, बिल।” उनले भनिन्, “बिल।” आफ्नो अँगालोले मलाई बेरिन् (र उनले भनिन्), उनले मलाई सुमसुमाउदै भनिन्, उनले भनिन्, “म र स्यारोनको बारेमा सोचेर चिन्तित हुन छोडिदेऊ।”

मैले भने, “प्रिय, मैले यो गर्न सकेकै छुइन।”

280 उनले भनिन्, “अहिले स्यारोन र म तिमीभन्दा पनि आनन्दित अवस्थामा छौ।” र उनले भनिन्, “अब उप्रान्त हाम्रो बारेमा सोचेर चिन्तित नहौ। के मलाई बाचा गर्दैनौ?”

281 र मैले भने, “होप,” मैले भने, “म तिमी र स्यारोनको लागि अति नै एक्लो र शून्य भएको छु, र बिल्ली सधै तिम्रो लागि रुन्छ।” मैले भने, “म बिल्लीलाई कसरी फ़काऊ मलाई थाहै छैन।”

282 र उनले भनिन्, “त्यो सबै ठिक हुनेछ, बिल।” उनले भनिन्, “मात्र मलाई बाचा गर कि अब तिमी चिन्तित हुनेछैनौ।” र उनले भनिन्, “के तिमी यहाँ तल बस्दैनौ?” र मैले वरपर हेरे र त्यहाँ एउटा ठूलो कुर्सी थियो।

283 र मलाई याद छ मैले एकपटक बस्ने कुर्सी किन्न खोजेको थिए। अब म समाप्त गर्न खोज्छु। मैले कुर्सी किन्न इच्छा गरेको थिए। हामीसंग मात्र त्यो साधारण पुरानो टुटेफुटेको खाना खाँदा बस्ने मेच संगै कुर्सीहरु मात्रै थियो। हामीले त्यो मात्र प्रयोग गर्थ्यौं, त्यहि मात्र कुर्सी थियो हाम्रो। र हामीले त्यस्तै कुर्सी किन्न चाहन्थ्यौ जस्तो यहा पछाडि अहिले छ...मैले भुले कि यो आरामदायी कुर्सीलाई के भन्छ जुन यहाँ पछाडि छ। र त्यो सत्र डलर मुल्य पर्थ्यो, र तपाईले तिन डलर दिएर अरु एक एक डलर हप्ते पच्छे दिन सकिन्थ्यो। र हामीले एउटा कुर्सी यहि तरिकाले किस्तामा लिएका थियौ। र, ओ, जब म घरभित्र आउथे...म दिनभरी काम गरेको हुन्थे, र मध्ये रात हुन्जेलसम्म सडकमा र जहाँ कहिँ मैले ठाउ पाउथे त्यहाँ प्रचार गर्थे।

284 र—र मैले कुर्सीको किस्ता तिर्न सकिन। हामीले त्यो किस्ता तिर्न सकेनौ, र दिन बितेर बढ्दै गएको थियो, र अन्तिममा तिनीहरु मेरोमा आए र मेरो कुर्सी खोसेर लगे। त्यो रात, म कहिल्यै भुल्न सक्दिन, त्यो दिन उसले मेरो लागि रसबरी बनाएको थियो। बिचरा उसलाई थाहा थियो कि त्यो समयमा मैले कुर्सी नपाउदा म निराश हुनेवाला छु भनेर। र रातको खाना पछि मैले भने, “प्रिय, तिमी आज राती किन यत्ति धेरै राम्रो कुराहरु गरिरहेको छौ?”

285 र उनले भनिन्, “छिमेकिका केटाहरुलाई भनेर तिम्रो लागि माछाको लागी जमिन खन्न लगाएको छु। के तिमीलाई लाग्दैन हामी तल नदिसम्म गएर केहि माछा मार्न जाने भनेर?”

र मैले भने, “हो, तर...”

286 र उनी अचानक रुन शुरू गरिन्। मैले थाहा पाए कि त्यहाँ केहि समस्या त थियो। र मलाई थाहा थियो किन कि तिनीहरुले पहिले नै मलाई सूचना पठाएका थिए कि तिनीहरु त्यो कुर्सी लिन आउने छन् भनि। र हामी त्यो हप्ता एक डलर किस्ता तिर्न सकेका थिएनौ। हामी सक्षम थिएनौ...त्यसको लागी हामी सक्षम थिएनौ। उनले मलाई निराश भई अँगालो हालिन्, र म त्यहाँ ढोका निर गएर हेरे र मेरो कुर्सी गईसकेको थियो।

उनले मलाई त्यहाँ माथी भनिन्, “तिमीले त्यो कुर्सी सम्भेको छौ, बिल?”

र मैले भने, “हो, प्रिय, मलाई सम्भना छ।”

उनले भनिन्, “त्यसैको बारेमा तिमीले सोच्दै थियौ, हैन त?”

मैले भने, “हो।”

287 भनिन्, “अब, तिनीहरुले यो कुर्सीलाई लाने छैनन्, यसको मूल्य तिरीसकेको छ।” उनले भनिन्, “केहि मिनेटको लागि बस, म तिमीसंग कुरा गर्न चाहन्छु।”

र मैले भने, “प्रिय, मैले यो बुझ्न सकेको छुइन।”

288 र उनले भनिन्, “मलाई प्रतिज्ञा गर, बिल्ली, मलाई बाचा गर कि अब देखि तिमी चिन्तित हुनेछैनौ। अब तिमी फर्केर जानेछौ।” र भनिन्, “मलाई बाचा गर कि तिमी चिन्तित हुनेछैनौ।”

र मैले भने, “म त्यो गर्न सक्दिन, होप।”

289 र त्यसपछी म फर्किए, मेरो कोठामा अन्धकार थियो। मैले चारैतिर हेरे र मैले उसको अँगालोलाई महसूस गरे। मैले भने, “होप, तिमी यहि कोठामा छौ?”

290 उसले मलाई ढाँडमा सुमसुमईन्। उनले भनिन्, “तिमीले मलाई त्यो बाचा गर्नेछौ, बिल? मलाई बाचा गर कि तिमी चिन्तित हुनेछैनौ।”

मैले भने, “म तिमीलाई बाचा गर्छु।”

291 र जब उसले मलाई ढाडमा दुइ वा तिन पटक थपथपाईन्, र त्यसपछि उनी गईन्। म उफ्रिए र गएर बत्ती बाले, मैले सबै ठाउमा हेरे, उनी गईसकेकि थिईन्। तर उनी भर्खर कोठाबाट मात्र बाहिर गएकि थिईन्। उनी गएकि छैनन् उनी अझै पनि जिईरहेकि छिन्। उनी एउटा इसाई थिईन्।

292 बिल्ली र म यहाँ कबस्थानमा गएका थियौ केहि समय अगाडि, उसको आमा र दिदिको लागि फूलको गुच्छा बोकेर गएका थियौ, इस्टरको बिहानीमा गएका थियौ, र त्यसपछि हामी त्यहाँनिर रोकियौ। र सानो बिल्ली रुन थाल्यो र उसले भन्यो, “बाबा, आमा त्यहाँ तल हुनुहुन्छ।”

293 मैले भने, “होइन, छोरा। होइन, उहा त्यहाँ तल हुनुहुन्न। तिम्रो बहिनी त्यहाँ तल छैन। हाम्रो चिहान यहाँ बन्द छ तर टाढा त्यहाँ समुन्द्रको पारी एउटा चिहान छ जुन खुला पडेको छ जहाँ येशू जीवित भई उठ्नुभयो।

र कुनै दिन उहा आउनुहुनेछ, उहाले तिम्रो बहिनी र आमालाई आफूसंगै ल्याउनुहुनेछ।”

294 म आज यूद्धको मैदानमा छु, मित्रहरु। म—म केवल यहाँ भन्दा धेरै भन्न सक्दिन। म...[भाई ब्रन्हाम रुनुहुन्छ—सम्पा।] परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। हाम्रो शिरहरु एकै मिनेटको लागि झुकाऔ।

295 ओ प्रभु! धेरै पटक, प्रभु, म निश्चित छु कि मानिसहरुले यो बुझ्दैनन्, जब तिनीहरुले यो कुरालाई सहजरुपमा लिन्छन्। तर त्यहाँ महान् दिन आउदै छ जब येशू आउनुहुनेछ र सबै यी दुःख हरु मेटाएर टाढा लगिनेछ। म प्रार्थना गर्दछु, स्वर्गीय पिता, कि तपाईले हामीलाई तयार रहन सहायता गर्नुहुनेछ।

296 र म कुनै दिन उनलाई त्यहाँ भेट्नेछु भनि राखेको त्यो अन्तिम प्रतिज्ञा जुन मैले त्यस बिहानमा गालामा चुम्बन गरेर राखेको थिए त्यसमा तपाईले मलाई सहायता गर्नुहोस्। म विश्वास गर्छु कि उ ढोकामा नै उभेर मेरो नाम कराईरहेकि हुनेछिन्। म त्यहि दिन देखि नै त्यस प्रतिज्ञामा सच्चा भई बसेको छु, प्रभु, सारा संसार भरी, सबै किसिमका ठाउहरुमा, सुसमाचार ल्याउने कोषिस गरेको छु। अब बृद्धा हुदै गएको छु, र थकित छु, दुखी छु। यी दिनहरु मध्ये एक दिनमा म अन्तिम पटक बाईबल बन्द गर्नेछु। र, परमेश्वर, तपाईको प्रतिज्ञामा मलाई विश्वासयोग्य राख्नुहोस्। तपाईको अनुग्रह मेरो चारै तिर राख्नुहोस्, प्रभु। मलाई यो जीवनका कुराहरुतिर हेर्नबाट रोकनुहोस्, तर त्यसको निम्ति जिउन सिकाउनुहोस् जुन स्वर्गिय छ। मलाई इमान्दार रहन मद्धत गर्नुहोस्। म आरामदायी जीवनको निम्ति प्रार्थना गर्दिन, प्रभु, जब कि ख्रीष्ट दुःख र पिडामा भई मर्नुभयो। र तपाईका बाकि चेलाहरु पनि त्यसरी नै मरे। म कुनै पनि सजिलो कुरा माग्दिन। तर मलाई केवल इमान्दार र सत्यनिष्ठ हुनदिनुहोस्, प्रभु। मानिसहरुले मलाई प्रेम गर्न दिनुहोस् ताकी म तिनीहरुलाई तपाईतिर अगुवाई गर्न सँकू। र कुनैदिन जब यो सबैकुराको अन्त्य हुन्छ र हामी सबै त्यो हरियो रुखको मुनी भेला हुन्छौ, म होपको नजिक गएर उसलाई हातमा समाती त्यहाँ ल्याउन सँकू जहाँ एन्जेलस टेम्पलका र अरु सबै मानिसहरु हुन्छन्। तब त्यो महान् समय हुनेछ।

297 म प्रार्थना गर्छु कि तपाईको कृपा हामीहरु प्रत्येकसंग यहाँ भएको होस्। र तिनीहरुहरुमा पनि भएको होस्, जो जति यहाँ छन्, प्रभु, जसले तपाईलाई चिनेका पनि नहोलान्। र हुनसक्छ त्यो समुन्द्र पारी तिनीहरुको

सानो प्रेमीहरु छन् होलान्। यदि तिनीहरुले कहिल्यै तिनीहरुको प्रतिज्ञा पुरा गरेका छैनन् भने आज तिनीहरुले पुरा गरेका होस्।

298 हामीले आफ्ना शिर झुकाउदै गर्दा, आज दिउसो यो ठूलो सभागृहमा म जान्न चाहन्छु, कतिजनाले भन्नुहुन्छ, “भाई ब्रन्हाम, म पनि मेरो प्रियलाई भेट्न चाहन्छु। मेरो पनि प्रेमी छ जो समुन्द्र पारी छ?” हुनसक्छ तपाईले पनि तिनीहरुलाई एकदिन भेट्ने प्रतिज्ञा गर्नुभएको होला, हुनसक्छ त्यो बेला जब तपाईले आफ्नो आमालाई त्यहाँ माथी चिहानमा “अन्तिम बिदाई,” गर्दा होला, हुनसक्छ जब तपाईले आफ्नी सानी बहिनीलाई वा बाबालाई “अन्तिम बिदाई” गर्दा वा कसैलाई त्यो चिहानमा तपाईले भेट्ने प्रतिज्ञा गर्नुभएको थियो होला, र अझै पनि तपाईले कहिल्यै त्यसको तयारी गर्नुभएको छैन होला। के तपाईलाई लाग्दैन कि यो नै ठिक समय हो त्यो गर्नको निम्ति?

299 म भावुक भएको अवस्थाबाट म माफी चाहन्छु। तर, ओ, तपाईले त्यसलाई बुझ्नुभएको छैन मित्रहरु। तपाई जान्नुहुन्न कि कस्तो बलिदान दिईएको छ! तर मेरो यो जीवन कथाको अंश कुनै पनि रुपले महत्वपूर्ण छैन।

300 अब तपाईहरु मध्ये कतिजनाले प्रार्थना गरिएको चाहनुहुन्छ उहाहरु उठ्नुहोस् र यहाँ आउनुहोस्, भन्नुहोस्, “म मेरो प्रेमीलाई भेट्न चाहन्छु”? श्रोताहरुबाट उठेर यहाँ आउनुहोस्। के तपाई त्यसो गर्नुहुन्छ? यदि कसैले त्यो तयारी कहिल्यै गर्नुभएको छैन भने। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, श्रीमान। म देख्दैछु एकजना बृद्धा अश्वेत व्यक्ति आउदै गरेको, अरुहरु पनि आउदै हुनुहुन्छ। तपाईहरु आउनुहोस्, जो बलकोनितिर हुनुहुन्छ, तपाईहरु भित्रतिर आईदिनुहोला। या त उठीदिनुहोस्, जो जतिलाई यो वचनको प्रार्थनामा सम्झिएको चाहनुहुन्छ। हो त्यस्तो। तपाईको खुट्टामा खडा हुनुहोस्। ठिक छ। तपाईहरु सबैठाउमा उठिदिनुहोला जसले भन्नुहुन्छ, “मेरो एउटा बाबा छ त्यहाँ पारी, मेरो आमा हुनुहुन्छ वा एउटा प्रेमी छ त्यहाँ पारी। म गएर तिनीहरुलाई हेर्नचाहन्छु। म तिनीहरुलाई शान्तिमा भेट्न चाहन्छु।” के तपाई उठ्नुहुन्छ, केवल आफ्नो खुट्टामा खडा हुनुहोला, तल श्रोताहरुमा जहाँ कहिँ पनि हुनुहुन्छ खडा हुनुहोला। आफ्नो खुट्टामा उभिनुहोस् र भन्नुहोस्, “म ग्रहण गर्न चाहन्छु।”

301 परमेश्वरले तपाईलाई आशिष दिउन्, महिला। त्यहाँ पछाडि परमेश्वरले तपाईलाई आशिष दिउन्। र त्यहाँ माथी पनि तपाईहरुलाई परमेश्वरले

आशिष दिउन्। प्रभुले तपाईलाई आशिष दिउन् यहाँ, श्रीमान्। त्यो ठिक छ। त्यहाँ माथी बाल्कोनीमा पनि प्रभुले तपाईलाई आशिष दिउन्। सबै चारैतिर, सबै ठाउमा, तपाईको आफ्नो खुट्टामा उभिनुहोस् वचनको प्रार्थनाको लागि, जसै पवित्र आत्मा यहाँ हुनुहुन्छ र हाम्रो हृदयहरुमा तोड्नको निमित्त चहलपहल गर्नुभएको छ।

302 तपाईलाई थाहा छ, आज मण्डलीलाई आवश्यक के छ भने आफैलाई तोड्न, नम्र तुल्याउन आवश्यक छ। हामीलाई त्यहाँ कुमालेको घरमा जना आवश्यक छ। हामी आफैले बनाएको शख्त धार्मिक कुराहरु कहिलेकाहि ठिक रुपमा काम गर्दैन। हामीलाई के आवश्यक छ भने त्यो पुरानो शैलीको नम्रता, हाम्रा हृदयहरुमा पश्चताप, र परमेश्वर प्रतिको विनम्रताको आवश्यकता छ। के प्रार्थना गर्न इच्छुक सबै हामी खडा छौ?

आउनुस् हाम्रो शिरहरु प्रार्थनाको लागि झुकाऔ।

303 ओ, प्रभु, जसले फेरी पनि येशूलाई ल्याउनु भएको छ...मृयुबाट येशूलाई ल्याउनुभयो, ताकि हामी सबै उहा प्रतिको विश्वासबाट धर्मी ठहरिन सकौ। म प्रार्थना गर्दछु, प्रभु, कि यिनीहरु जो आफ्नो खुट्टामा उभेका छन् तपाईलाई स्वीकार गर्नको निम्ति, म प्रार्थना गर्दछु कि क्षमा तिनीहरुको निम्ति हुनेछ। र, ओ प्रभु, म प्रार्थना गर्दछु कि तिनीहरुले तपाईलाई आफ्नो मुक्तिदाता र राजा र प्रेमीको रुपमा स्वीकार गर्नेछन्, र हुनसक्छ तिनीहरुको आमा र बुबा होलान् वा कोहि जो त्यो समुन्द्र पारी छन्। त्यहाँ एउटा कुरा पक्का छ कि तिनीहरुले एउटा मुक्तिदाता पाएका छन्। तिनीहरुका पापहरुबाट तिनीहरु क्षमा गरिएका हुन्, र तिनीहरुका सबै अधर्म निकालिनेछन्, कि तिनीहरुको प्राणहरु थूमाको रगतद्वारा पखालिएका होउन्, र तिनीहरु अब देखि शान्तिमा रहन सकेका हुन्।

304 र कुनै महिमाको दिनमा जब यी सबै कुराहरु समाप्त हुनेछ, त्यस दिनमा हामी तपाईको घरमा भेला हुनसकेका हौ, र त्यहाँ अटूट परिवारको रूपमा रहन सकेका हौ, ती हाम्रा प्रियहरुलाई भेट्न सकौ जो हाम्रो निम्ति त्यहाँ अर्को आयाममा प्रतिक्षा गरिरहेका छन्। यी सबै कुरा हामी तपाईमा सुम्पिन्छौ, ताकि "तपाईले तिनीहरुलाई सिद्ध शान्तिमा राख्नुहुनेछ जसको हृदय तपाईमा बसेको छ।" यसलाई प्रदान गर्नुहोस्, प्रभु, जसै हामी ती कुराहरु तपाईमा सुम्पिन्छौ। तपाईको पुत्र, प्रभु येशू ख्रीष्टको नाउमा माग्छौ। आमेन।

305 परमेश्वरले तपाईलाई आशिष दिउन्। म पक्का छु कि तपाई कहाँ खडा हुनुहुन्छ त्यो कर्मचारीहरुले देख्नेछन्, र तिनीहरु ठिक तपाई भएको ठाउमा केहि मिनेटमै आईपुग्नेछन्।

306 र अब तिनीहरुको लागि जसले प्रार्थनाको कार्डहरु पाउदै हुनुहुन्छ। बिल्ली, जिन र लियो कहाँ छन्, तिनीहरु पछाडि छन्? तिनीहरु केहि मिनेटमै यहाँ प्रार्थनाको कार्डहरु दिन आउदैछन्। भाईले प्रार्थना गरेर सभाको समापन गर्नुहुनेछ र त्यसपछि प्रार्थनाको कार्डहरु बाडिने छ। हामी केहि समय मै फर्केर आउनेछौ बिमारीको निम्ति प्रार्थना गर्नको लागि। ठिक छ, भाई।

***मेरो जीवन कथा*** NEP59-0419A

(My Life Story)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा आईतबार दिउसो अप्रिल 19 मा, 1959 मा एन्जेलस टेम्पल, लस एन्जेलस, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिकामा प्रचार गरिएको हो, जसलाई चुम्बकीय टेप रेकर्डिन्गद्वारा लिईएको छ र इंग्लिशमा विष्तृतमा छापिएको छ। यो नेपाली अनुवादलाई भोईस अफ गड रेकर्डिन्गको द्वारा छापिएको छ र वितरण गरिएको छ।

NEPALI

©2019 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org